CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रणवानन्द आश्रम

स्मारिका

२०५८



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

संघ वाणी

लक्ष्य के हो ?
महामुक्ति, आत्मोपलब्धि

धर्म के हो ?
त्याग, संयम, सत्य, ब्रह्मचर्य

महामृत्यु के हो ?
आत्मविस्मृति

प्रकृत जीवन के हो ?
आत्मज्ञान, आत्मस्मृति, आत्मानुभूति

महापुण्य के हो ?
वीरत्व, पुरुषत्व, मनुष्यत्व, मुमुक्षुत्व ।

महापाप के हो ?
दुर्वलता, भीरुता, कापुरुषता, सङ्कीर्णता, स्वार्थपरता ।

महाशक्ति के हो ?
धैर्य, स्थैर्य, सहिष्णुता ।

महासम्बल के हो ?
आत्मविश्वास, आत्मनिर्भरता, आत्ममर्यादा ।

महाशत्रु को हो ?
आलस्य, निद्रा, तन्द्रा, जड्ता, रिपु र इन्द्रियगण ।

परममित्र को हो ?
उद्यम, उत्साह, अध्यवसाय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादक
ब्रह्मचारी सञ्जय

प्रकाशक
प्रणवानन्द आश्रम
सिफल, काठमाडौं
फोन नं. ४७१३०६

कम्प्युटर तथा मुद्रण
लक्ष्मी अफसेट प्रेस
डिल्लीबजार, काठमाडौं
फोन : ४२०६८७

सम्पादकीय

विजयादशमीको पावन पर्वले असत्यमाथि सत्यको, जडतामाथि चेतानाको, आसुरी शक्तिमाथि दैवीशक्तिको विजयको दिनको रूपमा प्रत्येक वर्षको शरद् ऋतुमा हाम्रो जीवनमा शक्तिको अवतरणको प्रसङ्ग व्यूँझाएर जान्छ । हाम्रो सामाजिक, व्यावहारिक जीवनमा अघिपछि जस्तोसुकै जटिल र क्लेशबहुल देखिए पनि विजयादशमीको पावन पर्वले ती सबैलाई बिर्साएर हर्षोल्लास र स्फूर्तिद्वारा विजयादशमीलाई आत्मसात् गरिरहेको हुन्छ । जगन्माताको प्रसाद लगाएर जीवनलाई धन्य धन्य बनाउने सरस कल्पनाले कति विछोडिएको आत्माहरूलाई मिलाउँछ, कति ईर्ष्या र मनमुटावद्वारा अँध्यारिएका अनुहारहरूलाई सद्भावना र मैत्रीका आलोक छरेर आल्हादको रेखा कोरिदिन्छ र पुनः मिलनको स्पर्शले नयाँ आशा, नयाँ हौसला जगाइदिन्छ । वर्ष दिनभरिका सम्पूर्ण कठिनताहरू विजयादशमीको सुखद् स्पर्शले त्यसरी नै विस्मृतिका विषय बन्न पुग्छन् जसरी भगवान् सूर्यले आफ्ना प्रकाश छरिदिनासाथ अन्धकारको आवरण केही बाँकी रहन्न ।

महिषासुरमर्दिनी जगन्माता दुर्गाले दानवी शक्तिमाथि विजय गरेको एवं मर्यादा पुरूषोत्तम भगवान् श्रीरामले आसुरी भावनाको निर्मूलनको लागि विजय यात्रा आरम्भ गरेको प्रेरक दिको रूपमा सुपरिचित बन्न पुगेको शुभ विजयाको सामाजिक पक्ष जति उत्साहदायी छ त्यति नै धार्मिक, आध्यात्मिक पक्ष मननीय र ग्रहणीय छ । साँचो अर्थमा नवराजको पवित्र उपासनाको सम्पूर्ण सारसत्य अध्यात्म केन्द्रित छ । शक्ति उपासनाको यस माङ्गलिक पर्वको धार्मिक आध्यात्मिक महत्त्वलाई बुझेर मनायौं भने जीवन सधैं नै आलोकले पुलकित हुन्छ र धन्य बन्छ । देखासिकी कै भरमा दशैंको रूपमा केवल मारकाट, मदिरा, मांसमा डुब्ने, डुबाउने पर्व सम्झ्यौं भने जीवनको ठूलो अवसरबाट हामी वञ्चित भइरहेका हुनेछौं । दशैं सधैं दशा झैं बनेर आइरहेको पनि पाउन सक्छौं ।

विजयादशमीको यस पावन अवसरमा माता दुर्गासँग हामीले यही माग्नु छ आमा ! हामी आफ्ना आन्तरिक विकृतिहरूमाथि विजय हासिल गरेर प्रसन्नताको सही बाटोमा सदा सर्वदा अघि बढ्न सकौं, आफूमा भएको दुर्गुणहरूलाई बलि अर्थात् त्यागन सकौं, सञ्चय हाम्रो आदर्श बनोस्, दीन, दुःखीप्रति सेवा गर्न सकौं., सम्पूर्ण प्राणि जगत्माथि सहानुभूति र सेवा समर्पित गर्न सकौं । हामीलाई विद्यावान्, यशस्त्री र सम्पन्न बनाइदेऊ । हामीलाई आफ्नो वास्तविक रूप देउ र विजयी बनाऊ । सद्गुण र सद्कार्यको अवलम्बनद्वारा तिम्रो साक्षात्कार गर्न सकौं ।

विद्यावन्त यशस्वन्तं लक्ष्मीवन्तं जनं कुरू ।
रूपं देहि जमं देहि यशो देहि द्विवो जहि ।

प्रणवानन्द आश्रमको तर्फबाट हामी हाम्रा समस्त भक्तजनहरूमा विजयादशमीको महत्त्व, गरिमा र शालीनता बुझेर आत्मसात् हुन आह्वान गर्दै विजयादशमीको अवसरमा हुने प्रत्येक कार्यहरूमा भाग लिन अनुरोध गर्दछौं । साथै प्रत्येक वर्ष विजयादशमीको दिन यस्तै गरी स्मारिका निकालिने जानकारी गराउँदै पहिलो पटकको प्रयास स्वरूपको यो स्मारिका यहाँहरू समक्ष अर्पण गरेका छौं । मनन, चिन्तन गर्नु हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

	पृष्ठ
संघ वाणी	
सम्पादकीय	
शुभसम्मति	१
महापूजाको महाशीर्वाद	२
शक्ति ४	
स्वामी प्रणवानन्द	८
गोमूत्रको महत्ता	१०
आनापान ध्यान प्रयोग	१३
दुर्गास्तुति र युधिष्ठिरको संकष्टहरुण	१४
प्राकृतिक चिकित्साद्वारा आकस्मिक उपचार	१५
जीवन-गठनको साधना	१६
विजयादशमीको वास्तविक सन्देश	१९
परम तपस्वी- श्यामचेतन वावा	२०
जीवनमा तपको महत्व	२१
गुरुदर्शन- प्रवक्ता : आचार्य स्वामी प्रणवानन्द	२६
सेवा, धर्म र सार्थक जीवन	३१
प्रणवानन्द आश्रम, नेपालको छोटो चिनारी	३२
वडादशैंको महत्व र विद्यार्थीको भूमिका	३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल अधिराज्य
Raj Parishad (State Council

डा. स्वामी प्रपन्नाचार्य
सदस्य, राजपरिषद् स्थायी समिति
फोन : २२५५७८ (का.), ४७१५२८ (नि.)
फ्याक्स : २२६९८२
मृगस्थली, काठमाडौं, नेपाल

Dr. Swami Prapannacharya
Member, Raj Parishad Standing Committee
Phone : 225578 (O), 471528 (R)
Fax : 226982
Mrigasthali, Kathmandu, Nepal.

Date : १६।५।२०५६
मिति :

शुभसम्मति

आश्रम सञ्चालक ब्रह्मचारी सञ्जय र वहाँका सहयोगीहरूको शतत् प्रयासबाट 'श्री प्रणवानन्द-आश्रम स्मारिका, प्रथमवार प्रकाशित हुने समाचार सुनेर ज्यादै प्रसन्न भएको छु। किनभने मित्रराष्ट्र भारतमा युगपुरूष स्वामी विवेकानन्दका "रामकृष्ण मिसन" जस्तै युगपुरूष स्वामी प्रणवानन्द संस्थापित "भारत सेवाश्रम संघ" ले पनि भारतमा ज्यादै महत्त्वपूर्ण काम गर्दै आएको मलाई थाहा छ। भारत सेवाश्रम संघले बाढपीडित क्षेत्र, आगो लागेको दुर्घटना, महामारी, ईसाईप्रकोप बढेको ठाउँहरूमा विद्यालय, अस्पताल, मन्दिर, मठ, शिक्षा, समाज सेवा, आदिको माध्यमबाट सनातन वैदिक हिन्दूधर्मको सुदृढ रूपमा प्रचार गर्दै आएको छ। "भारत सेवाश्रम संघ" सँग मेरो सन् १९५८ देखि परिचय भएको थियो। जुन समयमा मेरो कुकुरगतिका दिनहरू गन्ति गरेर एक-एक गरी बित्दै थिए। त्यस बेला भवानन्द, निरञ्जनानन्द, ज्ञानानन्द आदि "भारत सेवाश्रम संघ' सञ्चालकहरूसँग भेटघाट र मैत्रीभावपूर्ण व्यवहार गर्नुभएको थियो। यो संस्था भारतभरि नै विस्तार भएको छ र कुनै न कुनै रूपमा सर्वभावेन सेवारत संस्था हो। युगपुरूष स्वामी प्रणवानन्दले स्थापना गरेको संस्था भारतमा मात्र होइन अरू देशहरूमा पनि प्रभावशाली भएको छ।

विश्वको एक मात्र हिन्दूराष्ट्र नेपालमा पनि 'प्रणवानन्द आश्रम' केही वर्षयता ब्रह्मचारी सञ्जयले चलाइराख्नु भएको छ। यस आश्रम र आश्रमवासीहरूको प्रारम्भदेखि नै शुभचिन्तक रहेको छु। नेपालमा पनि प्रणवानन्द आश्रम फूलोस् फलोस् र धेरैभन्दा धेरै यसको प्रचार-प्रसार होस् भन्ने शुभकामना व्यक्त गर्छु। साथै स्मारिकाको प्रचार र आश्रमको उन्नति होस्। यही मेरो शुभकामना र शुभसम्मति छ।

डा. स्वामी प्रपन्नाचार्य
सदस्य, राजपरिषद् स्थायी समिति
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महापूजाको महाशीर्वाद

स्वामी निर्मलानन्द

वर्षचक्र घुम्यो फेरि दुर्गा पूजाको समय आयो। शरद ऋतुको आकास प्रसन्न देखिइरहेको छ। लह-लहाउँदो खेत, चारैतर्फ हरियाली नै हरियाली छ। मानौं धर्तीमाताले आफ्नो श्यामल आँचल ओच्छ्याइदिनु भयो। हरियो कोमल घाममा शीतको थोपा मोतीका मुकुट समान देखिइरहेछन्। चारैतर्फ आनन्दको वातावरण छ- जगद्जननीको आगमनको संगीत-सुधाले वातावरण गुन्जि रहेको छ। यस्तै वातावरणमा नै जगत्जननीको कैलाशवाट धरासम्म आफ्ना सन्तानहरूको महाशीर्वाद दानको लागि शुभागमन हुन्छ।

मण्डप तयार छ। वेदी सुसज्जित छ। प्रकाशको मनोरम दीप्तिले पुरा मण्डप उज्ज्वल छ। शंखध्वनि, ढाक-वाद्य इत्यादिले सुप्त चेतना जागिरहेको छ। जननीको आगमन भएको छ। एक पटक मातालाई आफ्नो आतुर नेत्रले हेर्नुहोस्। जटाजूट मण्डिता, अर्धेन्दुकृतशेखरा मात्र मूर्ति ! उनी हुन् लोचनत्रयसंयुक्ता, सर्वाभरणभूपिता। महिषासुरमर्दिनी, मृणाल समान दशवाहु समन्विता उनी हुन्। दस भुजाहरूमा माताका दस आयु छन्। देवीको खुट्टामुनि घाँटी काटिएको एउटा भैंसी छ र त्यस भैंसीको काँधवाट खड्गहस्त एउटा दुर्दमनीय दानव निस्किएको छ। देवीले प्रहार गरेको शूल त्यस दानवको हृदय चीरिरहेको छ। यस कारणले त्यस दानवको शरीरवाट रगत निस्किएर शरीर रगताम्य र आँखा रिसले राता-राता देखिन्छन्। अस्त्रशस्त्रादिले सुसज्जित देवीले आफ्नो हातले त्यस दानवको कपाल समाउनुभएको छ। दानव रगतको वमन गरिरहेको छ र उसको अनुहार अत्यन्त भयङ्कर देखिइरहेको छ। देवीको दाहिने पाव उनको वाहन सिंहको पीठमा र बाँया पाऊको औंला भैंसीको काँधमा छ। उग्रचण्डा, प्रचण्डा, चण्डोग्राहि अष्टशक्तिद्वारा देवी वेष्टिता छिन्। वास्तवमा यिनै हाम्रो ध्यानकी देवी हुन्। देवीको दाहिनेतर्फ गणेश र लक्ष्मी तथा वायाँतर्फ कार्तिकेय तथा सरस्वती छन्। गणेश गणशक्ति, लक्ष्मी धनशक्ति, कार्तिकेय युवा र सामरिक शक्ति तथा सरस्वती ज्ञानशक्तिकी परिचायक हुन्। देवीको चित्रमा मंगलमय शंकर विराजमान छन्। यिनै सम्पूर्ण तथ्यले गर्दा नै पूर्णाङ्ग प्रतिमा हो। यसै प्रतिमाको पूजा हामी प्रति वर्ष हर्पोल्लाससहित गर्दछौं। आहा ! कति सुन्दर छ यो मातृमूर्ति ! अपरूप व्यंजना छ। कति रूप, भाव, तत्त्व, कति साधन संकेत वहन गरिरहेछ यो माटोको प्रतिमा ! यसै माटोको प्रतिमाको प्रतिमामा नै पूजाको विधिनुसार प्राणप्रतिष्ठा गर्नु पर्छ र चिन्मयीको आह्वान गर्नुपर्छ। के यो कुनै सहज कार्य हो ? भक्तगण ! सतर्क हुनुहोस्।

यो कार्य कसरी सम्भव हुन्छ ? शास्त्रमा भनिएको छ- "देवो भूत्वा देवं यजेत।" देवता वनेर नै देवताको पूजामा व्रती हुनुपर्छ। हल्ला र खेल-मजामा दुर्गापूजा हुन सक्दैन। त्यसैले सर्वप्रथम-भूतशुद्धि, आत्मशुद्धि। साधनाको प्रतापले आफ्नो जीवसत्ताको मानसिक रूपले विनाश गरी स्वयंको अमृतत्त्वमा प्रतिष्ठित गर्नु हो, आत्मशक्तिलाई जागृत गर्नु हो। तदुपरान्त त्यस आत्मशक्तिले स्फुलिंग लिएर माटोको प्रतिमामा उनैको अवतारणा गर्नुपर्छ। यही हो प्राणप्रतिष्ठाको शास्त्रीय विधि। तत्त्व यही हो : हामी जुन महाशक्तिको बोधन गर्ने प्रयास गर्ने छौं, यही शक्ति हाम्रो अन्तरमा सुप्त रूपमा छ। आत्मशक्तिको बोधनको माध्यमले नै महाशक्तिको जाग्रत हुन्छ। जुन साधकको अध्यात्मभाव सुप्त अवस्थामा छ त्यो कसरी देवीको बोधनक्रियामा अधिकारी हुन सक्छ ? जो दुर्वल छ, महाशक्तिको पूजा आराधना उसद्वारा सम्भव छ के ?

महाशक्तिको आराधनामा सर्वप्रथम आत्मशक्तिको जागरण हुन आवश्यक छ। परन्तु यस्तो संकल्प, यस्तो साधना, यस्तो प्रयास नै कहाँ ? यसैले शक्तिपूजा गरेपछि पनि शक्ति लाभ हुँदैन, दुर्गापूजा गरेपछि पनि दुर्गतिको नाश हुँदैन। भूल कहाँनेरी भयो यो राम्रोसँग जान्नु आवश्यक छ। यो भ्रान्तिलाई हटाउनको लागि नै युगाचार्य स्वामी प्रणवानन्दजीले आफ्नो गम्भीर स्वरमा हामीलाई भन्नुभएको थियो "हिन्दू ! तिमीलाई के थाहा छैन तिमी शक्ति पूजक हौ, महाशक्तिको उपासक हौ ? तिम्रो शक्तिको साधना कहाँ छ ? शिवको हातमा त्रिशूल देखेर तिमी के चिन्ता गर्दछौ ? श्रीकृष्णको हातमा सुदर्शनचक्र देखेर तिमी के को चिन्ता गर्दछौ ? कालीको हातमा रक्तले रंजित खड्ग, दुर्गाको हातमा दशप्रहरण, यो सवै देखेर तिमी के शिक्षा पाइरहेका छौ ? यस महाशक्तिको साधना गरेर के कोही दुर्वल हुन सक्छ ? एकपटक स्थिर चित्त भएर धैर्यपूर्वक विचार गर।"

देवीसूक्तमा जगद्जननीले स्वयं भन्नुभएको छ- "अहं राष्ट्री"- म स्वयं राष्ट्रस्वरूपा हुँ। म नै यो विश्व राष्ट्रकी अधीश्वरी हुँ। देवी प्रतिमामा पनि त्यही सामूहिक राष्ट्रिय भावनाको संकेत विद्यमान छ। राष्ट्रको समस्त ऋद्धिहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि जे आवश्यक छ त्यो सम्पूर्णको आर्शीवादको सम्भावना लिएर नै देवी यो धरामा अवतरित हुन्छिन् । प्रतिमामा अधिष्ठित भएर उनी त्यही नै आर्शीवाद हामीलाई दिन्छिन् । धनशक्ति, जनशक्ति, ज्ञानशक्ति, सामरिक शक्ति र समाजकल्याणको समस्त उपचार देवीको अक्षय भण्डारमा नै छ। त्यसै महाशक्तिको ग्रहण, वरणशक्तिको लागि हामीले आफूलाई प्रस्तुत गर्नु छ । त्यो प्रस्तुती कहाँ छ ? सुयोग्य आधार कहाँ छ ? देवीको आराधना गरेर स्वर्गका देवताहरूले पनि दुर्दमनीय दैत्यहरूको विनाश गरी बारम्बार विजयश्री आर्जित गरे । परन्तु यो कसरी सम्भव भयो ? कुन शर्तमा ? उनमा थियो शक्ति, भक्ति, एकाग्रता, सबै थोक त्याग गर्नेको निष्ठा तथा थियो अखण्ड एकताको चेतना । आफ्नो सम्पूर्ण भेदभाव विर्सिएर देवगण जब एक जुट भए फलतः उनीहरू सबैले आफ्नो-आफ्नो तेजस् एक भएपछि अखण्ड महाशक्ति महाविजयी सम्भव भयो । त्यस अखण्ड महाशक्तिको श्रीचरणमा देवताहरूले आ-आफ्नो धनहरू, ऐश्वर्य, सम्पद, आयुध, वाहन र शक्तिलाई कुनै शर्त बेगर उत्सर्ग गर्नुभयो । सत्ता-प्राप्तिको होडमा आजजस्तो उनीहरू अवसरवादी र विश्वासघातमा लिप्त थिएनन् । यस्तो घृणित मनोवृत्ति र जघन्य कार्यको संशोधनको परम आवश्यक छ । अन्यथा केवल फूल, बेलपत्रले राष्ट्रशक्तिस्वरूपिणी देवीको पूजा के सम्भव छ ? प्रजातन्त्र, गणतन्त्र या समाजवाद जेसुकै होस्- विश्वराष्ट्रकी महाधीश्वरी देवीको मूर्ति र लीलामा नै उनको विशुद्ध रूप देख्न सकिन्छ । यसको लागि रूस, चीन, ब्रिटेन या अमेरिका जस्ता राष्ट्रहरूको मुखापेक्षी हुन केही आवश्यकता छैन ।

हो भूतशुद्धि या आत्मशुद्धिको नै सर्वप्रथम आवश्यकता छ । जुन प्रकारले राष्ट्रिय जीवनमा भूतशुद्धि गर्न अत्यावश्यक छ, त्यस्तै प्रकारले व्यक्तिको जीवनमा पनि यसको प्रधानता छ । व्यक्तिको समष्टिमा नै जाति राष्ट्र बन्दछ । व्यक्तिको सत्तामा सत्व, रजः, तमः यी तीन गुणहरूकी अविराम द्वन्द चल्दछ । 'रजोगुणद्वारा तमोगुणको विनाश गर्नु पर्छ तथा सत्वगुणद्वारा रजोगुणलाई आफ्नो नियन्त्रणमा राख्नु पर्छ ।' देवीको प्रतिमामा यिनै सम्पूर्ण रूप देखिन्छ । देवीको वाहन सिंह रजोगुणको प्रतीक हो । तमोगुणको प्रतीकस्वरूप असुरलाई त्यो प्रतिरोध गरिरहेछ । सत्वमयी देवीले सिंहलाई आफ्नो खुट्टामुनी राखेकी छन् । देवीको त्रिशूल असुरको विनाशको लागि उद्यत छ । व्यक्तिको चरित्रगठनको यही मौलिक सूत्र हो । रजः र तमः विलिन भएपछि व्यक्तिको चरित्रमा जुन सात्विकताको प्रकाश देदीप्तमान हुन्छ जुन अत्यन्त नै सुन्दर र कल्याणकारी हुन्छ । त्यस व्यक्तिमा पाप, प्रलोभन, स्वार्थपरता, क्षुद्रता, हिंसा यी कुराहरूको कहीँ पनि स्थान हुन सक्दैन । त्याग, संयम, सत्य ब्रह्मचर्यको साधनाले सत्ताको विशुद्धि भएपछि मनुष्यभित्रको सुप्त महाशक्ति सिंह गर्जन गर्दै जाग्रत हुन्छ । यो अलग-अलग शक्ति एकताको मन्त्रले बाँधिन्छ र सुसमन्वित हुन्छ । यस प्रकार जुन मानवमा यी कुराहरू हुन्छ त्यही आदर्श समाज र आदर्श राष्ट्र हुन्छ ।

यसै कारणले स्वामी प्रणवानन्दले समाजगठन र राष्ट्रगठनको प्रथम सोपानस्वरूप व्यक्तिको चरित्रगठनलाई सर्वाधिक महत्त्वपूर्ण मान्नुभएको हो । परन्तु आजको राष्ट्रिय चिन्तनमा त्यस्तो किसिमको चरित्रगठनको परिकल्पना नै कहाँ छ ? चारैतर्फ चरित्र हनन्को कलुषित चित्र मात्र देखिन्छ । यो वर्षको पूजामा हाम्रो प्रार्थना कस्तो हुनुपर्छ ? कोटी-कोटी कण्ठले यही प्रार्थना ध्वनित हुनुपर्छ, "हे माता हामी सबैलाई मनुष्य बनाइ देऊ ।" देवीको श्रीचरणमा यदि काय-मनोवाक्यले मनुष्यत्वको भिक्षा माँगे त्यो व्यर्थ हुनै सक्दैन । माता वरदयदायिनी हुन् । हामीहरूको सात्विक इच्छालाई अवश्य नै पूर्ण गरिदिनु हुन्छ र मनुष्यत्वको महाशीर्वाद पाएर हामी धन्य हुन्छौं ।

माताको सम्मुख सन्तानको माँगको कुनै अन्त छैन । देवी दुर्गा- जगज्जननी हुनुहुन्छ, महामाया हुनुहुन्छ, भुक्ति र मुक्तिप्रदायनी हुनुहुन्छ । व्यक्ति, समाज अनि राष्ट्रिय जीवनमा भुक्ति या समृद्धि वहाँ नै प्रदान गर्नु हुन्छ । यस विषयमा चर्चा भइसकेको छ । परन्तु के यसैले नै हाम्रो इच्छा, हाम्रो कामना र प्राप्ति सबै चीज एकदमै समाप्त हुन्छ ? होइन, यस्तो हुन सक्दैन । हामी त आर्य हौं । हामीहरूको व्यक्ति जीवनको लक्ष्य तथा सामाजिक र राष्ट्रिय जीवनको ढाँचा यसै प्रकारले बन्दछ ताकि हामी केवल मुक्ति या समृद्धिले सन्तुष्ट रहन सक्दैनौं, हाम्रो आखिरी लक्ष्य हो- "मुक्ति या निः श्रेयस" । यस पार्थिव जगत्‌मा जेसुकै प्राप्य हुनेछ त्यो सम्पूर्ण चीज प्राप्त गरेर अन्तमा कंकड-पत्थर (ढुङ्गा-माटो) जस्तो यी सबै फ्याँकेर हामी आमाको शान्तिमय आँचलमा बस्न चाहन्छौं । चाहन्छौं उनको अभय अंकमा आश्रय । यही नै वास्तवमा भुक्ति या निःश्रेयस हो । राज्यच्यूत राजा सुरथले देवीको आराधना गरेर मुक्ति प्राप्त गर्नुभयो- राज्य, ऐश्वर्य र विजय । परन्तु वहाँले यसको लागि चरम साधना गर्नु पर्‍यो । वहाँले मेघस मुनिकहाँ गएर उनीबाट गुरु-दीक्षा र गुरुपदेश प्राप्त गरे । वहाँ नदीको किनारा र निर्जन स्थानमा गए । माटोले देवीको मूर्ति बनाएर तीन वर्षसम्म तपस्या गरे । निराहार, कहिले अत्यन्त अल्पाहार गरेर उनले अत्यन्त तन्मयताले देवीको पूजा गरे, समाधिस्त भए, देवीका चरणमा आ-आफ्नो शरीरको रक्तविन्दु अर्पित गरे । यो दृष्टान्तबाट हामीहरूले सम्झनु र बुझ्नुपर्छ- कसरी महाशक्तिको पूजा गरिनुपर्छ, कसरी देवी प्रसन्न हुनुहुन्छ र महापूजाको महाशीर्वाद कसरी प्राप्त गर्न सकिन्छ ।

- अनुवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ति

– स्वामी चन्द्रेश

संसारका सबै कुराहरूमा हामी वस्तुतः दुई तत्त्वको अनिवार्य उपस्थिति पाउँछौं । त्यसमध्ये एउटा चेतना हो र अर्को चाहिँ प्रकृति जसलाई हामी अर्को शब्दमा शक्तिको नामले पुकाछौं । यो शक्तिको संग्रहित अथवा संकुचित रूपलाई हामी जडपदार्थ भनी सम्बोधन गर्छौं जुन विशेष अनुकूल परिस्थिति पाएपछि पुनः शक्तिमा प्रकाशित भइहाल्छ, जसरी बाल्ने दाउरा वातावरण पाएर आगोमा परिणत हुन्छ र अन्न, जल आदि दैहिक शक्तिमा परिणत हुन्छ । मानिसको शरीरमा यो स्वास्थ्यकर परिस्थिति जब कालको प्रभावले शिथिल भएर जान्छ, त्यस बखत जतिसुकै अन्न, जल दिए तापनि शक्ति उत्पन्न हुन सक्तैन ।

एउटै विश्वचेतनालाई अवलम्बन गरी प्रकृति स्वयं विविध रूपमा क्रियाशील भइरहेकी छिन् । समग्र विश्व प्रकृति वस्तुतः एउटै तत्व हो । चनाको गेडाभित्र दुई भाग खोस्टाको माध्यमले एकत्रित भएजस्तै गरी विश्वचेतनाको साथमा एकीभूत भइरहेको छ । 'प्र' विविध प्रकार 'करोति' सिर्जन गर्छिन् । अतः विश्व चेतनाको यो क्रियाशील शक्तिलाई प्रकृति नामले अभिहित गरिएको हो । प्रकृतिको स्वभावैले एक तत्त्ववाट असंख्य तत्त्वहरूसम्म प्रकाशित गर्ने शक्ति राखेकी हुन्छिन् । कति मानव, पशुपंक्षी र कीट-पतङ्गहरूलाई निरन्तर यी विश्वप्रकृतिले सिर्जन गरिरहेकी छिन्, त्यसको लेखाजोखा गर्न कसैलाई साध्य छैन । फेरि यी प्रकृतिको सिर्जन प्रतिभा यस्तो अपूर्व छ कि विश्वका असंख्य मानिसहरूमा कुनै पनि दुईवटा व्यक्तिको अनुहार हु-बहु एकै किसिमको मिल्दैन फेरि दुईटा मानिसको स्वभाव र कण्ठ शब्द पनि हु-बहु एकै किसिमको हुँदैन । एउटा वृक्षको दुईवटा पातसम्म पनि एक अर्कामा समानता भेटिँदैन । वस्तुतः यो प्राकृतिक वैचित्र्यतालाई कुनै परिमाप गर्न सम्भव हुँदैन । एकापट्टि चेतनामा एकत्वको भाव अनन्त छ भने अर्कोपट्टि प्रकृतिको यो वैचित्र्यतामय सिर्जनशीलतालाई पनि अनन्त नै मान्नुपर्छ । व्योम, मरूत्, तेज, अप, क्षिति यी पञ्चभूतद्वारा निर्मित र शुब्द, स्पर्श, रूप, रस, गन्ध यी पञ्चतन्मात्राद्वारा प्रकाशित विश्वको अनुपम वैचित्र्यता मानिसको धारणादेखि बाहिरको तत्त्व हो । यो वैचित्र्यतालाई देखेर सम्वेदनशील मानिस केवल विस्मय र भावमा अविभूत भएर जान सक्छ तर सोचेर कुनै टुङ्गो लगाउन सक्दैन ।

यस्तै नै शक्तिको महान् लीला हो । यस कारणले तन्त्रमा परमेश्वरलाई सम्बोधन गरी साधकलाई भन्छ- "त्वमेकोद्वैतमापन्न शिवशक्ति विभागशः" हे ईश्वर ! तिमी एक भएर पनि शिव र शक्ति यी दुई भावमा आफू विभाजित भएका छौं । शिवरूपमा तिमी निश्चल ध्यानमग्न र पूर्ण समाहित भई शवको आकारमा लडिरहेका छौ र तिम्रो शक्ति कालीको रूपमा तिम्रै विशाल छातीमा सिर्जन, पालन र ध्वंसको उल्लासमा नृत्य गरिरहेकी छिन् । काली नै कालको प्रतीक हो । संसारमा ईश्वरीय जति किसिमका शक्तिहरू क्रियाशील भइरहेका छन् तीमध्ये कालको शक्ति सबभन्दा अद्भूत छ । यो काल वस्तुतः के तत्व हो ? यसबारे आजसम्म कुनै मानिसले सही रूपमा भन्न सकेको छैन । वैज्ञानिक आइन्सटाइनले कर्मको क्रमवद्धताद्वारा जुन कालको परिमाप गर्न खोज्नुभएको छ त्यो त खाली एक बाहिरी हिसाब मात्र हो । यसद्वारा काललाई सही रूपमा बुझ्न सकिँदैन ।

यो कालले एकापट्टि जसरी मानिसलाई कर्ममा प्रेरित गर्छ र उसलाई सफलताको गौरवले गौरवान्वित तुल्याउँछ, सिर्जनपालन र जीवनको आनन्द प्रदान गर्छ, अर्कोतिर त्यसैगरी आफ्नो भयावह स्वरूप प्रकाश गरी सबै कुराहरूलाई विनाश गरेर आफैंभित्र समाहित पनि गर्नसक्छ । शिवजीको छातीमा नृत्यशीला कालीको मूर्ति त्यसकारणले यति गम्भीर र रहस्यमय देखिन्छ । उहाँको एक हातमा ध्वंसको प्रतीकस्वरूप खड्ग छ भने अर्को हातमा छ अभय मुद्रा । अर्थात् उहाँले सबैलाई अभय प्रदान गर्नुहुन्छ कि "हे जीवकुल ! यदि तिमीहरू समय र जीवनलाई सदुपयोग गरी मेरो शरणापन्न भई भक्ति र ज्ञानको चर्चा गर्छौ भने, म तिमीहरूलाई आनन्ददायी कल्याण मार्गमा लैजान्छु । मेरो भयावह खड्गवाट तिमीहरूलाई कुनै क्षोभ उत्पन्न हुँदैन । अन्यथा मेरो यो भयङ्कर स्वरूपले तिमीहरूलाई नित्यदिन त्रसित र भयभीत पारिराख्छ । यही नै कारण हो कि संसारका मानिसहरू सधैं कालको डरले दौडधुप गरिरहेका हुन्छन् । हातमा घडी बाँधेर विहानदेखि रातिसम्म दौडधूप गरिरहन्छन् कि कालको भयङ्कर पञ्जाबाट उद्धार पाउनको आशाले । परन्तु कामवासनाको जालमा फँसेर कालको हातवाट उद्धार पाउनु त परै रहोस् झन् समस्याले घेर्दै लैजान्छ । अन्तमा हाहाकार गर्दै यो कालको जाँतामुनि भुटेको मकै जस्तै पिँधिनु पर्छ ।

काली गाढा कृष्णवर्णकी हुनुको कारणमा विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

रहस्य लुकेको छ। यो कुरालाई सहजरूपले बुझ्ने शक्ति कसैसँग पनि हुँदैन। मानिसले जसरी निष्पट्ट अँध्यारोमा सबै कुरा हुँदाहुँदै पनि आँखाले देख्न सक्दैन। डराउनु पर्ने वस्तु केही नहुँदा पनि अँध्यारोको कारणले भयभीत हुन्छ, त्यसैगरी काल पनि मानिसको लागि अन्धकारस्वरूप एक तत्व हो। एकैक्षणपछि के हुने हो भन्ने कुराको मनुष्यलाई धारणा हुँदैन। त्यसैकारण कालीको मूर्ति कालो भएको हो। मेरो एकजना अंग्रेज साथी जो कि साधु स्वभावका थिए, उनी भन्ने गर्दथे "You do not know what is going to happen next."

केही दिन अगाडिको कुरा हो घनघोर अन्धकारमय रात्रिमा शिवपुरीको जंगलमा कालीको विचित्र लीला देखेर मलाई अचम्म लाग्यो। औंसीको रात निस्पट्ट अन्धकार थियो, घनघोर जंगल पार गर्नु थियो साथमा बत्ती छैन, पानी परिरहेको छ, यतिसम्म कि आफ्नो हात आफैंलाई देख्न मुस्किल छ। एकमात्र हातको लट्ठीको सहाराले छामछाम् छुमम्छुम् गर्दै अन्धो जस्तै गरी पञ्चमीको पाइलाले अघि बढ्दै छु। लगन गाँठो समातेझैं गरी मेरो लुगा समातेर अन्धाहरूको लहरा अरू तीनजना बालक मेरो पछाडि छन्। मनमा डर भय छैन किनभने विश्वास छ कि ईश्वरले अवश्य मद्दत गर्छ। बाटो अझै लामो, दुर्गम, जटिल र चिप्लो पनि छ। यस्तैमा परबाट एउटा टर्चको बत्ती हामीतिरै आइरहेको देखेर हाम्रा पाइलाहरू अनायास रोकिन पुगे। एकैक्षणमा अगाडि गएका साथीहरूले हाम्रो लागि टर्च लिएर त्यहीँ आइपुगे र यसो हेर्दा त हामीले आफूहरूलाई एक भयंकर ठाडो भीरमाथि उभिइरहेको पायौं।

बाटो पहिरो गएर भीर बनेको थियो। आधा कदममात्र अघि बढेको भए पनि हामी तल खोलामा पुग्ने रहेछौं। कसरी कालीले हाम्रो कदम रोकिदिइन् र ठीक त्यही मुहूर्तमा बत्ती पनि लिएर आइपुगिन्। यस्तो अचम्मको घटना आफैंले प्रत्यक्ष गरेर म आफैं अचम्ममा परें।

कालीको गलामा ५० वटा मान्छेका टाउकाहरूको माला र हातमा एउटा टाउको रहेछ। यी टाउकाहरू मानिसहरूमा भएका विविध वृत्तिहरूमा प्रतीक हुन्। यी वृत्तिहरूले मानिसको मनलाई सधैं चंचल बनाइरहने हुनाले मानिसले योग प्राप्त गर्न सक्दैन र महामाया स्वरूपिणी कालीको रहस्यलाई पनि अनुभव गर्न सकेको हुँदैन। त्यसैको कारणले यी वृत्तिहरूलाई असुरको साथमा तुलना गरिएको छ। जगत्माता काली उहाँको ज्ञानरूपी खड्गद्वारा यी विक्षेप सिर्जनकारी वृत्तिहरूको मष्तक छेदन गरी आफ्नै गलामा मालारूपले धारण गरेर स्वाभाविक आनन्द प्रकाश गर्नुहुन्छ। मानिसको हृदयमा भएका यी ५० वटा वृत्तिहरूको नाम, धर्म, अर्थ, काम, मोक्ष, अवज्ञा, मूर्छा, प्रस्रय, अविश्वास, सर्वनाश, क्रुरता, लज्जा, विषणता, इर्ष्या, सुषुप्ति, विषाद, कसाय, तृष्णा, मोह, घृणा, भय, आशा, चिन्ता, चेष्टा, ममता, दम्भ, विवेक, विकलता, अहंकार, लोलता, कपटता, वितर्क, अनताप, षडज, ऋषभ, गान्धार मध्यम, पञ्चम, धैवत्, निषाद, ॐ, हुम्, फट्, वौषट्, वषट्, स्वाहा, नमः, विष, अमृत, परा र अपरा। यिनीहरूको साथमा हिन्दूहरूको वर्णमालाका स्वर र व्यञ्जन गरी जम्मा पचास अक्षरहरूको पनि संयोग छ। हरेक वर्णहरू एक एकवटा वृत्तिहरूका प्रतीक हुन्छन् र सबै वृत्तिहरूमध्ये अहंकार नै दुर्निवार वृत्ति हो जसलाई जित्न कठीन हुन्छ। यो अहंकार नै सांसारिक भावरूपी समस्त असुरहरूको राजा हो। त्यसैकारणले यसको मष्तक छेदन गरी कालीले आफ्नो हातमा धारण गरेकी छिन्। साधनाको शक्तिले अहंकार नाश हुने वित्तिकै अन्य समस्त वृत्तिहरू सहजै वशीभूत भइहाल्छ। यही नै यसको तात्पर्य हो।

यस्तो रहस्यमय काललाई अनुभव गर्न र यसको भयावह प्रभावबाट उद्धार पाउन मानिसलाई आध्यात्मिक साधना अवलम्बन गर्नुपर्छ। आइन्सटाइन वा कुनै काल विषयक सिद्धान्त मात्र पढेर त्यो प्राप्त हुन सम्भव हुँदैन। यसको लागि व्यावहारिक पद्धति अपनाउनुपर्दछ। मानिसले काललाई जित्न सक्छ अर्थात् उसको मनभित्र लुकेको जुन कालको भय तथा प्रभाव छ, त्यसलाई उसले सहजैसित पार गर्नसक्छ। आध्यात्मिक साधनाको उद्देश्य नै हो कि कालको प्रभावबाट मुक्ति पाउनु निर्विकल्प समाधि अर्थात् जहाँ कल्प अथवा काल छैन त्यस अवस्थामा यो कुरा स्पष्ट हुन्छ। अघि नै हामीले भनिसकेका छौं कि भगवान्को दैवीमायाको एक दुरूह रूप नै काल हो र यसलाई जित्न अति कठीन हुन्छ। गीतामा भनिएको छ :

दैवीह्येषा गुणमयी मम माया दुरत्यया।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्तिते॥

अर्थात् श्रीकृष्ण भन्नुहुन्छ मेरो त्रिगुणात्मिका दैवी मायालाई जित्नु भनेको ज्यादै दुष्कर कर्म हो। तैपनि जुन मानिसहरूले मलाई अर्थात् परचेतनास्वरूप ब्रह्मलाई उपासनाद्वारा तुष्ट गरेका हुन्छन्, तिनीहरू यो मायाबाट पार भएर जान्छन्। तात्पर्य यो हो कि मायामय यो जगत्को मूल जुन ब्रह्म हो त्यसलाई अनुभव नगरेसम्म मानिसलाई यथार्थ शान्ति हुन सक्दैन। अनेकन वृत्तिहरूबाट उत्पन्न भएको विक्षेपबाट उसले निवृत्ति पाउन सक्दैन।

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः॥

जुन आद्याशक्ति प्राणादि शक्तिको रूपमा सर्वत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिष्ठित छ, त्यसलाई हामी पुनः पुनः नमस्कार गर्छौं । यो सर्वव्यापी आद्याशक्तिलाई नै हिन्दूहरूले दुर्गा या भगवतीको नामले अभिहित गरेर धुमधामसँग उनको पूजा आराधनादिन महोत्सव मनाउने गर्दछन् । श्रीरामचन्द्रले शरदकालमा सबभन्दा पहिले यो दुर्गापूजाको प्रथा चलाउनु भएको थियो । मानिसको दुर्गति नाश गर्ने भएर नै उहाँको नाम दुर्गा भनिएको हो । दशा अर्थात् कष्ट अपहरण गर्ने भएकी हुनाले उहाँको अर्को नाम दशहरा पनि हो । पुराणमा वर्णित दक्षकन्या सती अर्थात् मनुष्यमा अवस्थित सत्वगुणी निर्मल ज्ञान जसद्वारा उसले आफ्नो तमगुणी अज्ञानतालाई नाश गर्न समर्थ हुन्छ त्यसैलाई नै महिषासुर दमनकारिणी दुर्गा भनी हिन्दूहरूले अत्यन्त यत्नपूर्वक पूजा गरेका हुन्छन् ।

मानव जीवनका सबै प्रकारका विघ्नहरू नै एक हिसाबले आसुरिक हुन् । यी असुरहरूलाई देवी दुर्गाले स्ववाहुबलले निधन गर्नुहुन्छ र युद्धकालमा उहाँको साथमा आफ्ना चारैवटा सन्तान गणेश, कुमार, लक्ष्मी र सरस्वतीले पनि मद्दत गर्न प्रस्तुत हुनुहुन्छ । उहाँको पछाडि सहायकको रूपमा सधैं उहाँका पति सदानन्दमय शिवशङ्कर विराजित हुनुहुन्छ । यी सपरिवार देवी दुर्गाको युद्धतत्त्वको पछाडि केही व्यवहारिक महत्व छ भन्ने मलाई लाग्दछ ।

संसारमा कुनै पनि कर्म गर्दा सबभन्दा पहिले त्यस विषयमा व्यवहारिक ज्ञानको आवश्यकता हुन्छ । यही व्यवहारिक ज्ञानलाई नै हामी सरस्वती भनी मान्न सक्छौं । यो ज्ञानको साथसाथै चाहिन्छ कर्मनिष्पन्न गर्न विविध सामग्रीहरू जसलाई हामी लक्ष्मीको कृपाबाट प्राप्त गर्न सक्छौं । त्यसपछि चाहिन्छ त्यो कर्म सम्पन्न गर्नका लागि उत्साह । केवल बुद्धि र सामग्री मात्र भएर पुग्दैन कर्मलाई अघि बढाउँदै लैजानका लागि साहस र उत्साहको पनि आवश्यकता हुन्छ । जसका प्रतीक हुन् कुमार । फेरि सबै विघ्नहरूलाई उल्लघन गरी अन्त पर्यन्त त्यो कर्मलाई सुसम्पन्न गर्नको लागि चाहिन्छ सिद्धिदाता गणेशजीको अनुग्रह । यसैगरी हरेक कर्तव्य कर्म सम्पन्न गर्दै मानिसले अन्त्यमा सत्वगुणी ज्ञान सम्पन्न देवी दुर्गालाई प्राप्त गर्छ र उनैको सहायताले अन्त्यमा परम चेतनास्वरूप शिवसुन्दरलाई पनि प्राप्त गर्छ अर्थात् दुःख कष्टवाट सदाको लागि मोक्ष प्राप्त गर्दछ ।

यही कुरालाई उदाहरणद्वारा सम्झाउने हो भने हामी एउटा घर बनाउने कुरालाई उदाहरणको रूपमा लिनसक्छौं । घर कसरी बनाउनुपर्छ भन्ने प्राविधिक बुद्धिलाई सरस्वती मान्छौं । घर बनाउन प्रयोग हुने इँटा, सिमेण्ट, डण्डी, काठ आदि सामग्रीहरूलाई लक्ष्मीको रूपमा लिनसक्छौं । अब डकर्मी, सिकर्मी र ज्यामीहरूको मद्दतले गृह निर्माणमा जुन उत्साह देखिन्छ त्यो कुमारको रूपमा लिनसक्छौं र सर्वाङ्गीण रूपमा गृह निर्माण सम्पन्न गर्ने गणेशजीको अनुग्रह मान्न सक्छौं । त्यही नवनिर्मित भवनमा निवास गर्ने बेलामा आँधि, तुफान, शीत, उष्ण आदि दुयौगहरूबाट जुन संरक्षण हुन्छ त्यसलाई हामी दुर्गाको कृपाप्रसाद मान्छौं र नित्यदिन जुन भवनमा निवास गर्दा आनन्द प्राप्त हुन्छ त्यसलाई नै शिवजीको परमानुग्रहको रूपमा मान्छौं । अर्थात् मानिसले जसरी ज्ञानचर्चाद्वारा देह र मनको दुःख कष्टवाट आत्मरक्षा गर्नसक्छ त्यसैगरी योगद्वारा परमानन्द प्राप्त गर्न सक्छ । शिवदुर्गा प्राप्तिको रहस्य यही नै हो ।

संक्षेपमा भन्ने हो भने मानिसको जीवनमा सबै किसिमका साधनहरूको प्रतिमूर्ति हुन्, देवी दुर्गा र उहाँका परिवार उहाँको वाहन सिंहले शक्ति र तेजस्वीतालाई प्रकाश गर्छ । सरस्वतीको वाहन हंसले आत्माको सौन्दर्य र सरलतालाई प्रकाश गर्छ । लक्ष्मीको वाहन लाटोकोसेरो चाहिँ चतुरताको प्रतीक हो भने कुमारको वाहन मयूर गतिशीलताको प्रतीक हो । यसैगरी गणेशको वाहन मूषक शक्ति सञ्चयको प्रतीक हो । "मुष" को अर्थ चोर्नु हो । मानिसको दुःख कष्ट हरण गर्छ भनेर नै यसको नाम मूषक भएको हो । यस बाहेक धान चामल चोरेर दुलो भित्र सञ्चय गर्नु यसको हो आफ्नो स्वभाव । तदनुरूप अलि अलि गरेर नाना किसिमले शक्ति सञ्चय गर्नसकेन भने मानिस साधना सिद्ध गर्न सक्दैन । त्यसकारण सिद्धिदाता गणेशजीको वाहन मूषकलाई हामी शक्ति सञ्चयको प्रतीकको रूपमा मान्न सक्छौं । मूषकले जसरी आफ्नो चतुर्याइं प्रयोग गरी आहार सञ्चय गरेको हुन्छ, साधकलाई पनि त्यसै गरी इन्द्रीय वृत्तिबाट आफूलाई बचाएर शक्ति संग्रह गर्नुपर्छ । शिवजीको वाहन साँढे बल र सहिष्णुताको प्रतीक हो अतः मनोबल र सहिष्णुता बाहेक शिवजीको प्रसाद प्राप्त गर्न मानिसलाई सम्भव हुँदैन ।

कुमारजी देवताका सेनापछि हुनुहुन्छ र उहाँ स्वयं धुरन्धर योद्धा पनि हुनुहुन्छ । स्फूर्ति र गतिशीलता नभईकन युद्ध विद्यामा सफलता प्राप्त हुन सम्भव छैन । त्यसकारण मयूर स्पूर्तिको प्रतीक हो । लक्ष्मी धन दौलत आदि भौतिक सौभाग्यकी अधिष्ठात्री देवी हुन् । चतुरता नै उद्योग व्यवसायमा सफलता प्राप्ति र सम्पत्ति संग्रहको उपाय हुन्छ । यस्ता व्यवसायिक चतुरतालाई सकेसम्म छिपाएर नै अघि बढ्नुपर्ने हुन्छ अन्यथा प्रतिद्वन्दी व्यवसायीले खुट्टा तान्न वेर गर्दैन । अतः लक्ष्मीको वाहन चतुरता र धूर्ततापूर्ण निशाचर जीव लाटोकोसेरो हो । अर्कोपट्टि भक्ति सरलता र अन्तःस्करणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सौन्दर्य वाहेक विद्यालाभ कदापि सम्भव हुँदैन । यही नै कारण हो सरस्वतीको वाहन राजहंस भएको जस्मा सौन्दर्य र सरलता प्रत्यक्ष रूपमा देख्न सकिन्छ ।

यी समग्र शक्ति पूजाहरूको समन्वय नै हिन्दूहरूको सर्वश्रेष्ठ पूजा दुर्गापूजा हो । यसैगरी शक्तिको यथार्थ आराधना हुनसक्छ भने मानव जीवनको परम उद्देश्य भुक्ति र मुक्ति दुवै सम्पन्न हुनसक्छ । सांसारिक भोगदेखि लिएर मोक्ष प्राप्तिसम्म उसले जे इच्छा लिएको हुन्छ सो पूर्ण हुन्छ । तौपनि यो कुरा थाहा हुन जरूरी छ कि शक्तिको अर्को नाम माया हो, जसले विश्व ब्रह्माण्डलाई परिचालन गरिराखेको छ ।

जसरी व्यक्तिले दाहिने र देब्रे दुई हातले काम गर्छ त्यसै गरी मायाका पनि रहेछन् दुईहात । एक हात हो विद्यमाया, जसको सहाराले मायाले भट्किएको मानिसलाई सत्यको केन्द्रतिर आकर्षण गर्छ र अर्को हातको नाम हो अविद्यामाया जसको मद्दतले उहाँले जीवलाई सत्यको केन्द्रवाट पर घँच्याडेर लैजान्छ । अविद्यामायामा दुई शक्तिले काम गरेका हुन्छन् । जसको नाम आवरणी शक्ति र विक्षेपी शक्ति हो । अवरणी शक्तिद्वारा अविद्या मायाले मानिसको विवश विचारको क्षमतालाई छोपिदिन्छ । उसको अन्तरमनमा भएको सत् असत् छुट्याउने दृष्टिलाई पनि ढाकिदिन्छ । त्यसबखत मानिसले नचाहिँदो गलत काम गर्नथाल्छ र फलस्वरूप उसलाई चरम दुःखको सामना गर्नुपर्छ ।

विक्षेपी शक्तिद्वारा अविद्यामायाले मानिसलाई एकाग्रताबाट विक्षिप्त पारिदिन्छ र यथार्थ मार्गबाट पर हुत्याइदिन्छ । यस्तै विक्षेपको अनुभव हामीलाई प्रतिदिन भइरहन्छ । हामी एउटा काम गर्न खोज्छौं तर बीचमा अर्को तत्त्व आएर कार्यमा वाधा ल्याइदिन्छ र त्यो काम सम्पन्न गर्न गाह्रो हुन्छ । यस्तै विक्षेपको कारणले हामी निरन्तर हताशाको शिकार बन्न जान्छौं ।

फेरि विद्यमायामा पनि मूलतः दुईवटा शक्तिले काम गरेको हुन्छ । त्यसमध्ये पहिलो हो संवित शक्ति जसद्वारा विद्यामायाले मानिसमा धर्म र ज्ञानको चेतनालाई एकाएक जागृत गराउँछ । अन्यायको मार्गमा हिँड्दा हिँड्दा एकदिन मानिसले अवश्य नै कतै गएर धक्का खाएको हुन्छ र होस्मा फर्केर आउँछ । त्यसपछि उसले सोच्न थाल्छ अब त मैले सही मार्ग अपनाउनु पर्छ नत्र बाँकी केही रहनेछैन ।

हिलोमा घाँटीसम्म डुबी सकेपछि अब न निकाल्ने नै कोही हुन्छ न त ऊ आफैं निस्कन नै सक्छ । यस्तो वोध विद्यामायाको संवित् शक्तिले मात्र जाग्छ ।

विद्यमायाको अर्को शक्तिको नाम हो ह्लादिनी शक्ति । यो शक्तिद्वारा विद्यमायाले धर्मको वाटोमा लाग्ने सज्जनहरूलाई आनन्दित तुल्याउँछ । उनीहरूको प्राणमा भक्तिको निर्मल रस सञ्चारित गरी उनीहरूलाई ईश्वरको परम धामतिर लैजान्छ । हिँड्ने वाटोमा यदि आनन्दै छैन भने मानिस कसरी आनन्दित हुनसक्ला ? यसरी विद्यमायालाई अवलम्वन गरी मनुष्य अन्त्यमा शिवस्वरूप परम ब्रह्मलाई प्राप्त गर्छ र शाश्वत शान्तिको अधिकारी पनि वन्छ । तव उसको जीवन सार्थक हुन्छ ।

दशैंमा मानिदै आएको यो महान दुर्गापूजाको मर्म नबुझी तथा यथार्थ ज्ञान र भक्तिको उपासना नगरी केवल रक्सी र मांसको प्रचलन मात्र गरेर मानिसको खास मानसिक तथा आध्यात्मिक प्रगति होला जस्तो लाग्दैन । यसमा चाडवाडको आनन्द भने त अवश्य नै छ । वर्षको एकपटक मासु खाने मजा होला तर भक्ति र शक्तिको भने कुनै उपलब्धि हुँदैन । यस वाहेक पनि शक्ति उपासनाको अर्को उउटा मूल उद्देश्य यो हो कि नारी जातिको प्रति सम्मान प्रदर्शन । नारी नै समाजको आधार र मानवको जन्मदात्री हुन् । हरेक नारीको भित्र जगन्माता भगवती साक्षात् विराजित हुनुहुन्छ । यी नारी जातिलाई यदि दैवीज्ञानमा सम्मान प्रदर्शन गरिएन भने यिनीहरूको यथार्थ धर्मी शिक्षाको वन्दोवस्त भएन भने यिनीहरू भविष्यत्मा धर्मच्युत हुन बाध्य हुन्छन् । यद्यपि वर्तमान समयमा नारीजातिले आधुनिक शिक्षामा योगदान गरेकी छिन् जसमा धर्मीय तथा आध्यात्मिक शिक्षाको नाममा गन्ध पनि छैन भने यस्तो धर्म प्रवण शिक्षादेखि विमुख नारीको गर्भमा धर्म प्रवण सन्तान कसरी जन्म लिन सक्छन् ? बुद्ध, कृष्ण, रामकृष्ण आदि महापुरूषहरूलाई जन्म दिने नारीहरूमा आधुनिक शिक्षा त पक्कै थिएन तैपनि धर्म ज्ञानको प्रतापले तिनीहरू महान् पुरूषहरूको जन्मदात्री बन्नु भएको थियो ।

अतःएवः यदि हामी जातिको धर्म संस्कृति र गौरवताको रक्षा गर्न चाहन्छौं भने सर्वप्रथम नारीजातिमा देखिएको उत्छृङ्खलताको निरोध गर्नुपर्छ । उनीहरूलाई यथार्थ सम्मानको साथमा धर्मीय शिक्षा, गीता, उपनिषद्, रामायण, महाभारत आदिमा भएको महान् आत्मज्ञानको अधिकारिणी गराउनु पर्छ । कुनै समयमा यो भारत खण्डमा अपूर्व ऋषिहरूको जन्म भएको थियो जसको आध्यात्मिक ज्ञानको उज्यालोले अझै पनि विश्वलाई आलोकित गर्दैछ । मानिसलाई शान्ति र परम् आनन्दको वाटो प्रदर्शन गर्दछ । याद गरेर हेर्नुहोला उहाँहरूकी जननीहरू गार्गी, मैत्रेयी, अरून्धती, सीता सावित्री विश्ववारा, विश्वरूची, मदालसा आदि आत्मज्ञान प्राप्त महिषी रमणीहरू नै हुनुहुन्थ्यो अतः मेरो विचारमा नारीजातिमा धर्म र ज्ञानको पुनरूत्थान भएमा मात्रै आजको जमानामा हाम्रो शक्तिपूजा सार्थक हुन्छ ।

अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

स्वामी प्रणवानन्द

– भीमप्रसाद शर्मा

स्वामी प्रणवानन्दको जन्म पूर्वी वंगाल -हाल बंगलादेश) को फरिदपुर जिल्लामा पर्ने मदारीपुर तहशिलको एक उन्नतीशील गाउँ बाजितपुरमा सन् १८९६ माघ शुक्ल पूर्णिमा तिथिको गोधुली लगनमा भएको थियो ।

वहाँको पिताको नाम विष्णुचरण भुइयाँ र माताको नाम शारदादेवी थियो ।

दुवै दम्पत्ती (विष्णुचरण भुइयाँ र शारदादेवी) भगवान् शिवलाई निलरूद्रको सानेर नित्य भक्ति भावका साथ पूजा-अर्चना गर्नुहुन्थ्यो । विष्णुचरण समाजसेवी, दयालु, परोपकारी हुनुहुन्थ्यो भने माता शारदादेवी कोमलता तथा शुचिताकी प्रतिमूर्ति हुनुहुन्थ्यो । भगवान्को पूजा गर्दा दुवै दम्तीहरू कहिलेकाहिँ ध्यानमग्न भउर आफ्ना अनय दिनचर्याहरू पनि बिर्सने गर्नुहुन्थ्यो । यसरी निष्ठापूर्वक नित्य गरेको शिवभक्तिवाट शिव भगवान् प्रशन्न भएर म तिम्रो घरमा पुत्रको रूप लिएर अवतरित हुनेछु भनेर ज्योती रूपमा विलिन हुनुभयो । दुवै जनालाई यो स्वप्न जस्तो लाग्यो तर भगवान निलरूद्रको त्यो वाणिले दुवै जनालाई धेरै हर्षित वनायो ।

बालकको जन्म भएपछि वहाँको नाम 'विनोद' राखियो । विनोद साँच्चि नै भोलेनाथ -शिव भगवान्) जस्तो देखिनुहुन्थ्यो ।

विष्णुचरण समाजको सेवा गर्ने कर्मठ व्यक्ति हुनुहुन्थ्यो । वहाँलाई समाजको सेवा गर्ने सिलसिलामा एउटा मुद्दा मामिलाले लामोसमयसम्म सताइरहेको थियो । घरमा विनोद पुत्ररत्नको प्राप्ति भएपछि विभिन्न मुद्दा-मामिलामा विजय प्राप्त भयो । दुःख-कष्टवाट छुटकारा मिल्यो । यसरी पुत्रको प्राप्ति भएपछि सबैतिरबाट सुखशान्ति मिलेको हुनाले आफ्नो पुत्रको नाम 'जयनाथ' राख्नुभयो ।

विनोदको बोलाउने नाम वुधो पनि हो, वहाँको जन्म बुधबारको दिन भएकाले माया गरेर बोलाउने नाम वुधो हो । विनोद बालक उमेरमा निकै शान्त स्वभावको हुनुहुन्थ्यो, घरबाट बाहिर निस्केपछि एउटा रूखको मुनी गएरध्यानमग्न हुनुहुन्थ्यो, घरमा यताउती खोजेर कतै नभेटाएपछि त्यस रूखको छेउमा गएर हेर्दा उहाँलाई ध्यानमा तल्लीन भइरहेको देखिन्थ्यो । कसैसँग अनावश्यक कुराकानी नगर्ने, हाँसी मजाक नगर्ने समय मिलाएर ध्यानमा लिन रहने, एकान्त ठाउँमा रहने जस्ता बाल्यकाल विपरीत क्रियाकलापहरू उहाँले गर्नुहुन्थ्यो ।

शिशु उमेर पार गरेपछि वहाँलाई अध्ययन गर्नको लागि गाउँ नजिकैको पाठशालामा भर्ति गरियो । पाठशालामा गएर किताबमा धेरै समय दिनुको सटा ध्यान र चिन्तनमा वहाँ डुब्ने गर्नुहुन्थ्यो । वहाँको यस्तो क्रियाकलापले साथीहरूलाई अनौठो छाप पारेको थियो ।

वहाँ शान्त स्वभाव, धिर, नम्र तथा वलियो र कर्मठ हुनुहुन्थ्यो । भोजन, विश्राम कर्म सबैमा संयमित थियो ।

घरमा मातालेमिठा मिठा, पौष्टिक भोजनहरू वनाएर खुवाउँन खोज्दा सबै इन्कार गरेर केवल नुन र भात मात्र ग्रहण गर्नुहुन्थ्यो । परिवारका अरू सदस्यको तुलनामा वहाँसँग अतुलनीय शारीकि तथा मासिक शक्तिको भण्डा रहेको पाइन्थ्यो । भोजनमा अति सादा, वस्त्रमा एउटा सेतो च्याद र सेतो धोती लगाएर जाडो-गर्मी सबै समयमा रहने गर्नुहुन्थ्यो । विश्रामको लागि विना विस्तरा भएको काठको खाटमा आराम गर्नुहुन्थ्यो । यसरी सरल रूपमा आफ्ना दिनचर्याहरू बिताउँदै वहाँमा विषयप्रति पूर्ण वैराग्यले ढाकिसकेको थियो । त्यसताका हिन्दूधर्मावलम्वीहरूले नित्य रूपमा साँझ विहान भगवान् नारायणको पूजा तुलसीलाई मानेर गर्दथे, दुर्गा माताको पूजा पनि गर्ने प्चलन यत्रतत्र रहेको थियो ।

एकदिन शारदामाताले घरमा रहेको तुलसीको मठमा गाईको गोवरले लिपेर पूजापाठ सकेरु आरती गर्दैहुनुहुन्थ्यो । विनोद आफ्नो घरको छतवाट आमाले गरेका सबै क्रियाकलापहरू देखिरहेका थिए । माथिवाट तलतिर थुक्दा थुक तुलसीको मठमा पऱ्यो । विनोद बेहोस भएर लडे । विनोदलाई के भयो भनेर माताले आएर सोद्धा मैले चर्तुभुजधारी भगवान् नारायणको दर्शन पाएँ भनेर भन्नुहुन्छ । वहाँमा धार्मिक क्रियाकलापहरूप्रति विश्वास जागृत हुँदै गइरहेको थियो । विनोदको घरको छेउमा एकजना छिमेकीको दुर्गाको मूर्ति थियो । छिमेकीले सधैं त्यस मूर्तिमा पूजा-अर्चना गर्ने गर्दथे । एकदिन विनोदलाई मानिसले किन दुर्गालाई पुजेका हुन त ? भन्ने जिज्ञासा मनमा लागेर मध्यरातमा दुर्गाको मूर्ति अगाडि गएर भन्नुहुन्छ,- "हे देवी तिम्रो साँच्चै आफ्नो अस्तित्व यस माटोले वनेको मूर्तिभित्र छ भने मेरो अगाडि आएर दर्शन देऊ नत्र भने म तिम्रो पूजा आजदेखि गर्ने छैन भनेर ध्यानमग्न हुनुभयो ।

विनोदलाई देवीले अगाडि आएर दर्शन दिनुभयो र यसै बेलादेखि विनोदले निश्चय गर्नुभयो कि मैले अब यस पृथ्वीमा केही विशेष कार्य गर्नको लागि अवतरित भएको हुँ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

मेरा कार्यहरू भनेका पथभ्रष्ट भएकालाई पथ प्रदर्शन गर्नु, अवगुणको नास गर्नु, धर्मको पुनर्स्थापना गर्नु हो भन्ने निर्णय लिनुभयो ।

वहाँमा संकल्प गर्ने शक्ति निकै धेरै थियो । आफूले संकल्प गरेको कुरा पुरा गर्नमा कहिल्यै पछाडि पर्नु हुन्थेन पुरा गरेर नै छाड्नुहुन्थ्यो ।

संकल्पको प्रसंगमा एउटा घटना पनि यहाँ चर्चा गरिएको छ ।

विनोद माताको आज्ञा पालन गर्न जस्तोसुकै कठिन अवस्था आए पनि पछि पर्नु हुन्थेन । माताको आज्ञालाई दृढसंकल्प गरी त्यो कार्य पूरा गरेर छाड्नुहुन्थ्यो । भान्सा घरमा एउटा न्याउरी मुसाले सधैं दुःख दिने गर्दथ्यो । माता शारदालाई धेरै दुःख दिइसकेको थियो, न्याउरी मुसाले । माताले त्यस मुसालाई समातेर लाउन विनोदलाई आज्ञा दिएपछि विनोद त्यस न्याउरी मुसाको पिछा गर्दै टाढाको जंगलमा गएर समातेर फर्कनुहुन्छ । माताको अगाडि त्यस असम्भव काम सजिलैसँग गरेको देखेर धेरै खुसी लाग्दछ ।

विनोद समाजमा भएका नराम्रा कामहरूको सानो उमेरदेखि विरोध गर्नुहुन्थ्यो । पीडित पक्षलाईराहत दिलाउने काम गर्नुहुन्थ्यो । गाऊँमा भएका अन्याय, अत्याचारको अन्त्य गर्न कहिल्यै पछाडि हट्नु हुन्थेन ।

वहाँका यी सबै क्रियाकलापहरू एक परम तेजस्वी साधुका जस्ता भएकाले सबै ग्रामवासीहरूलाई सुख/शान्तिको वातावरणले छाएको आभाष हुने गर्दथ्यो । विनोदको यस्तो सुशील व्यवहारबाट ग्रामवासीहरूले वहाँलाई 'विनोद साधु' भन्न थाले ।

विनोद पाठशालामा गएर अध्ययनलाई कम महत्त्व दिनुहुन्थ्यो । आफ्ना साथीहरूलाई ब्रह्मचर्यसम्बन्धी पाठहरू सिकाउने गर्नुहुन्थ्यो । उहाँको यस्तो क्रियाकलाप देखेर गुरूहरूलाई पनि छक्क लाग्थ्यो ।

एक दिन विनोदले आफ्ना विद्यालयका प्राध्यापक श्री वीरेन्द्रलाल भट्टाचार्यसँग आफ्नो मनको व्यथा यसरी पोख्नुभयो- "श्री प्रधानाध्यापकज्यू मलाई कुनै कुरा पनि राम्रो लाग्दैन, यिनी युवकहरूको यो दुर्गती म देख्न सक्दिन, देशको स्थिति खराव छ, मैले केही गर्नुपर्छ, म सन्यासी बन्दछु ।"

विनोदको यस्तो वैराग्ययुक्त कुरा सुनेपछि वीरेन्द्रलालले सन् १९१३ मा विनोदलाई लिएर आफ्ना दीक्षा गुरू योगीराज वावा गम्भीरनाथकहाँ गोरखपुर जानुभयो । वहाँ वावाले उपर्युक्त समय पारेर सन् १९१३ मा विनोदलाई दीक्षा दिनुभयो ।

यसरी ब्रह्मचर्यको दीक्षा प्राप्ति गरिसकेपछि ब्रह्मचारी विनोदले कठोर तपस्या गरेर साधनामा लिन हुनुभयो ।

साधना गर्नको लागि एकान्त, निर्जन स्मशानघाटमा गएर रातभरि साधनामा लिन रहनु भयो । यसरी निरन्तर ३ वर्षसम्म साधना गरिसकेपछि वहाँलाई १९१६ इ.सं. माघ शुक्ल पूर्णिमामा सिद्धि प्राप्ति भयो । सिद्धि प्राप्ति भइसकेपछि वहाँको कण्ठबाट यी चार वाणी प्रस्फुटन भए ।

१. यो युग महाजागरणको युग हो ।
२. यो युग महामिलनको युग हो ।
३. यो युग महासमन्वयको युग हो ।
४. यो युग महाभूक्तिको युग हो ।

वहाँले सिद्धि प्राप्ति गरिसकेपछि वहाँले आफ्ना सहपाठीहरूको बीचमा आफ्ना ज्ञानका कुराहरू प्रकाश गर्न थाल्नुभयो । सबैलाई ब्रह्मचर्यको पाठ सिकाउनु भयो । वहाँको ज्ञानलाई ग्रहण गर्न समय मिलाएर धेरै मानिसहरू वहाँको वासस्थानमा ओइरन थाले । वहाँले स. १९१७ माघ पूर्णिमाको दिन बाजितपुर (जन्मस्थान) मा स.वाश्रम संघको स्थापना गर्नुभयो । सेवाश्रममा वहाँले ब्रह्मचर्य, संयमसम्वन्धी उपदेश सबैलाई दिन सुरू गर्नुभयो । सेवाश्रममा निकै युवकहरूको जमात खडा हुन थाल्यो । सबैले आचार्यदेवको निर्देशनमारहेर विभिन्न किसिमका सेवामूलक कार्यहरू गर्न थाले ।

आचार्यदेवले मुष्टिभिक्षा संग्रहको कार्यलाई अगाडि वढाउनु भयो । यसरी मुष्टिभिक्षावाट प्राप्त अन्न गररूवलाई बाँडने र लोकसेवामा लगाउने कार्य सञ्चालन हुन लाग्यो । अकाल पीडित, वाडी पीडित, सुखाग्रस्त क्षेत्रमा पीडितको लागि राहतकार्य, आदिवासीको उन्नयन, निरक्षरलाई साक्षर, शिक्षाको प्रचार-प्रसार, गाउँमा रोगीको सेवा सुसार जस्ता सेवामूलक कार्यहरू जतासुकै सञ्चालन हुन लागे ।

आचार्यदेव सेवाको विस्तार गर्ने क्रममा गया (भारतको एक पवित्र तीर्थस्थल) पुग्नुभयो । त्यहाँ पुजारीहरू/पण्डितहरूले तीर्थयात्रीहरूलाई मनोमानी रूपले शोषण गरेको देख्दा वहाँले त्यहाँ पनि सेवाश्रम खोलेर सम्पूर्ण तीर्थयात्रीलाई राहत दिने कार्य सञ्चालन गर्नुभयो । यस सेवाश्रमको नाम भारत सेवाश्रम रह्यो ।

गयामा तीर्थयात्रीप्रति भएको अत्याचार, अमानवीय व्यवहारबाट तीर्थयात्रीहरूको मनमा धर्मसम्वन्धी भ्रम परिरहेको थियो । यस्तो धर्मको हिन अवस्था भएको वेला यो सेवाश्रमको स्थापनाले धर्मलाई जिवित राख्न निकै ठूलो मद्दत पुतको एक पवित्र तीर्थस्थल) पुग्नुभयो । त्यहाँ पुजारीहरू पण्डितहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीर्थयात्रीहरूलाई मनोमानी रूपले शोषण गरेको देख्दा वहाँले त्यहाँ पनि सेवाश्रम खोलेर सम्पूर्ण तीर्थयात्रीलाई राहत दिने कार्य सञ्चालन गर्नुभयो । यस सेवाश्रमको नाम भारत सेवाश्रम रह्यो ।

गयामा तीर्थयात्रीप्रति भएको अत्याचार, अमानवीय व्यवहारबाट तीर्थयात्रीहरूको मनमा धर्मसम्वन्धी भ्रम परिरहेको थियो । यस्तो धर्मको हिन अवस्था भएको वेला यो सेवाश्रमको स्थापनाले धर्मलाई जिवित राख्न निकै ठूलो मद्दत पुयांयो ।

आचार्यदेवले ठूलो जनमास खडा गरेर सवैलाई सेवामूलक कार्यतिर अग्रसर वनाउनुभयो । सिद्धि प्राप्त गरेको ८ वर्षपछि वहाँले सन् १९२४ को जनवरी महिनामा गोविन्दानन्द नाम गरेका सन्यासीवाट सन्यास ग्रहण गर्नुभयो । वहँको सन्यासको नाम आचार्य स्वामी प्रणवानन्द रह्यो ।

स्वामी प्रणवानन्दले सन्यास लिएपछि सोही वर्षको माघी पूर्णिमामा भारत सेवाश्रम संघका पहिला दीक्षा दिनुभयो । यसरी वर्षेनी सयौं संख्यामा युवाहरूलाई सन्यास दीक्षा दिएर समाज उद्धार कार्यको लागि विभिन्न भारतको भूमि तथा संसारका भूभागमा पठाउनु भयो । विभिन्न ठाउँमा तीर्थस्थल सुधार, पाठशाला, अस्पताल हिन्दू मिलन मन्दिर जस्ता सेवामूलक संस्थाहरूको स्थापना गर्नुभयो ।

भारतका विभिन्न तीर्थस्थलहरू- गया, पुरी, वद्रीनाथ, केदारनाथ, मथुरा, वनारस, वृन्दावन आदि ठाउँमा तीर्थयात्रीको लागि सजिलो होस् भनेर सेवाश्रमको स्थापना गर्नुभयो ।

अन्य ठाउँहरूमा दीनदुःखी, असहायलाई सजिलो होस्, लाभ मिलोस भनेर सेवाश्रमको स्थापना गर्नुभएको छ । स्वामीजीले देखाएको बाटोमा आज पनि भारत सेवाश्रमले आफ्ना कामहलाई निरन्तरता दिँदै आएको छ ।

स्वामीजीले कठिन त्याग तपस्यावाट प्राप्त चेतना सवै मानिसमा फिँजाएर सन् १९४१ जनवरी ८ मा महापरिनिर्वाण लाभ गर्नु भयो ।

वहाँ अहिले हाम्रा सामूमा नरहे पनि वहाँका दीव्य उपदेशहरूले हामीलाई पथ प्रदर्शन गरिरहेका छन् । पशुवत निद्राबाट व्युँझाइरहेका छन् । मानवको सच्चा अर्थ पुष्ट्याइरहेका छन् ।

त्यसताका आजको समयमा झैं क्रिश्चियनहरूले हिन्दूधर्मलाई दमन गर्ने कार्यहरू गर्दै आइरहेका थिए । निमुखा मानिसहरूलाई विभिन्न प्रलोभन देखाएर धर्म परिवर्तन गराइरहेका थिए । यस्तो अवस्थामा स्वामी प्रणवानन्दले हिन्दूधर्मभित्रको असमानता (जातभात, ठूलोसानो भेदभाव) तोडेर सवैलाई एकै सुत्रमा बाँध्ने रस्सीको रूपमा हिन्दू मिलन मन्दिरको स्थापना गर्नुभयो । जसले गर्दा हिन्दूहरू एकत्रित भएर आफ्नो धर्मको रक्षा गर्न तत्पर भएर अगाडि वढे । वढिरहेका छन्, वढि नै रहनेछन् ।

स्वामी प्रणवानन्द यस पृथ्वीमा छोटो समयरहे पनि लामो समयसम्मको लागि मानव पथ निर्माण गरेर जानुभएको छ । जुन पथमा जस कसै मानवले पनि पाइला टेक्दछ त्यसले अवश्य पनि भ्रमित पथवाट तडपिनु पर्नेछैन । वहाँले देखाएका मानव पथहरू आउँदा अंकमा प्रकाश गर्ने छौं ।

गोमूत्रको महत्ता

– पूर्ण श्रेष्ठ

वैदिक आर्य साहित्यमा गाई-गोवरमा लक्ष्मी र गाई-मूत्रमा गंगाको वास हुन्छ भनिएको छ । यो यसै संयोग र श्रद्धाले भनिएको हैन । वैज्ञानिक परीक्षणबाट जानकारी अनुसार गाई-मूत्र तथा गोवरमा कार्वोलि एसिड र मैगनीज हुन्छ यसैले यो किटाणुनाशक हुन्छ । किटाणु वन्नमा रोक्दछ र किटाणुजन्य व्याधिहरू नष्ट गर्दछ । साथै यो छिटो सड्दैन । यसमा स्वर्णक्षार, आरमअक्साइड हुन्छ जसकोकारण रोगाणुनाशक, जीवाणुनाशक तथा विनाशक हुन्छ । सोडियम र आइरनको कारण अम्लतानाशक र रक्त शोधक छ । यसै गरी गोवर पनि आफ्नो रासायनिक संगठनको कारण मलशोधक, दुर्घन्धनाशक, किटाणुनाशक, शोषक तथा पोशक जस्तो गुणहरूले भरिएको विशेषता पाइन्छ ।

हाम्रो हिन्दू संस्कृतिमा तथा धर्ममा गाईको गहुँत (मूत्र) जन्म संस्कारदेखि अन्तिम मरण संस्कारसम्म प्रयोग गर्ने चलन छ । यो किन हामी प्रयोग गर्छौं, के के तत्व छ यसमा तथा फाइदा कति छन् यसको खोज तथा अनुसन्धान हामीमा छैन । वस परम्परा मानेर मात्र उपयोग गरिन्छ । यो हाम्रो नराम्रो नकारात्मक प्रवृत्ति हो । यस्तै विकृत प्रवृत्तिहरूको कारणले हामीमा दाषत्व प्रवृत्तिको वृद्धि दिनानुदिन वढ्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गइरहेको छ । यस्ता विकृत प्रवृत्तिहरूको कारणले नै हामी आफूबाट हुनसक्ने शुलभ तथा स्वदेशी सस्तो अमूल्य वस्तुहरूलाई लात मारेर विदेशी दुर्लभ आँखामा क्षणिक चमक ल्याउने अति महंगा वस्तु र औषधिको उपयोग गर्दछौं । एउटा क्याप्सुलको पाँच सयसम्म तिर्न तयार भइन्छ तर गो-मूत्र, पञ्चगव्य जस्ता सस्ता र सर्वसुलभ घरेलु औषधिको परित्याग गरिन्छ । यसलाई दास मनोवृत्ति नभनेर के भनौं ! यो आजको ज्वलन्त नमुना हो ।

हाम्रो धर्म दर्शनमा कुनै पनि औषधि या कार्यकर्मलाई धर्म तथा देवतासँग जोडेर प्रयोग या उपयोग गर्ने चलन छ । यसको अर्थ यो हैन कि हामी अन्धविश्वासी छौं । आजका मनोवैज्ञानिकहरू पनि त विश्वासलाई एउटा ठूलो आधार मान्दछन् । उनीहरू पनि त डाक्टर र औषधिलाई मात्र पूर्ण मान्न सक्तैनन् । जबसम्म विश्वास हुँदैन तवसम्म रोगीको रोग कदाचित निको हुनै सक्दैन । यो आजको मान्यता हो ।

भन्न खोजेको के भने गाईलाई हामी देवीको रूपमा मान्दछौं उनीवाट सिर्जित गो-मूत्रलाई प्रसादरूपी औषधि । यसको अर्थ यो कदाचित हैन कि गाई माताको कुनै महत्त्व नै छैन । 'गो' नाम भएको प्रकाशरूपी ऊर्जा प्राणीहरूमा एउटा गाईले मात्र ग्रहण गर्न सक्ने निकै महत्त्वपूर्ण स्रोत भएकोले उक्त गोरूपी प्रकाश-ऊर्जा प्राप्त गर्न हामीलाई या त गाईको दूध, गोबर या मूत्र बाहेक अन्यत्र गो-ऊर्जा कतै नपाउने हुनाले गो तथा गाईको अझ विशेष महत्त्व बनेको हो । यति मात्र हैन पञ्चगव्य तथा आयुर्वेदमा भनिएको छ- "गोमूत्रे त्रिदिनं स्थाप्य विष तेन विशुध्यति ।" मतलब के भने जस्तोसुकै विष किन नहोस् यसमा तीन दिन राखेमा विष पूरा शुद्ध हुने हुन्छ । यसरी यसमा विलक्षणता छ । यो वैदिक मान्यता तथा यथार्थता हो ।

गोमय लेपनबाट प्लेग र हैजाको किटाणुसम्म पनि नाश हुन्छ । पूर्वकालमा प्लेगको रोगीलाई गोठमा सुताउने, गाई गोवरको धुवाँ दिने, पीउनलाई पञ्चगव्य या गो-मूत्र दिएर रोग मुक्त गराउने चलन थियो । पञ्चगव्यमा त्रिदोषशामक हुन्छ । हालको अनुसन्धानअनुसार पञ्चगव्यमा प्रोटीन, कार्वोनिक एसिड, फास्फेट, पोटाश, लवण, यूरिया, यूरिक एसिड, लैक्टोज आदि यस्ता रासायनिक तत्त्व भएको पाइएको छ । पञ्चगव्य गोमूत्र, दही, गोवर, घ्यू र दूधहरूको मिश्रणबाट बनाइन्छ ।

आयुर्वेद औषध निर्माणमा समेत यसमा विभिन्न जडीवुटी मिश्रण गरी औषधि वनाएको पाइन्छ । यहाँसम्मकी यसबाट क्यान्सर जस्ता घातक रोगलाई पनि निको गराएको हाल-सालै वीरेन्द्रकुमार जैनको संजीवनी १९९५ अंक ३८ *आरोग्य* पत्रिकामा एउटा पत्र प्रकाशित भएको छ । जसको शीर्षक छ "गौ मूत्र से केन्सर पर विजय ।" जैनकी आमा ७२ वर्षीया श्रीमती शान्तिदेवी जैन, क्यान्सर रोगले पीडित थिइन्, डाक्टरले अव यो रोग निको नहुने बताएपछि जैन परिवार निराश भएर गोमूत्र सेवन गर्न वाध्य भएका थिए ।

श्री वीरेन्द्र जैन १८-२० महिनादेखि कृषिमा गोमूत्र तथा पञ्चगव्यमा अनुसन्धान गरिरहेका थिए । उनले धेरै पुस्तकहरूको अध्ययनबाट थाहा पाएकी हजारौं सालदेखि गोमूत्र ठूला-ठूला रोगहरूमा प्रयोग भई आएको छ भने मैले आमालाई गोमूत्र किन प्रयोग नगर्ने भनी प्रयोग गरे । प्रयोगको क्रममा प्रतिदिन खाली पेटमा ५० मिलीमिटर स्थानीय गाईको मूत्र आठ पटक छान्दै खुवाउन थाले । ११ दिनको लगातार उपयोगबाट डेढ वर्षे पुरानो रोग तथा सुन्निएको खुट्टाहरू आधा नै घटेर आयो । जैन परिवार यसबाट झन् उत्साहित भए र निरन्तर यो उपचार चलिरह्यो । यही क्रमले ३१ दिनको उपचार पछि उनीहरूले डाक्टरलाई फेरि देखाए । डाक्टरले अब रोगीलाई कुनै खरावी छैन भन्ने रिपोर्ट दियो । डाक्टरसमेत आश्चर्यचकित भए । अब विरामी घुमफिर गर्न लागिरहेको छ । भोक जागेको छ । पहिला जस्तो घवराहट, चक्कर आउने, ऐठन हुने बन्द भएको छ । जैनको त अझ यस्तो दावी छ कि म धेरै रोगलाई यस गोमूत्र तथा पञ्चगव्यबाट निको पार्न सक्दछु । गाउँलेहरूले यसबाट धेरै फाइदा लिइरहेका छन् । यति मात्र हैन उक्त पत्रिकामा विभिन्न रोगमा प्रयोग हुने औषधको रूपमा प्रयोग विधि पनि बताइएको छ । हेर्नुहोस् १९९५ अंक २१ पत्रिका । यस्तै गरी *युग निर्माण योजना* नामक पत्रिकामा पनि "गोमूत्र गोमय आधारित कुटिर उद्योग" भन्ने लेखमा मल बनाउने, कीटनाशक, एक्जिमा साबुन, गोमय साबुन (नुहाउने), गोमय मलहम, कामधेनु तेल मालिस, देवधुप वत्ती उपासनालाई र गौधूप (वातावरण शुद्धि गर्ने) जस्ता घरेलु उद्योग पनि चलाउन सकिने तथा यसवाट चिकित्सा पनि गर्न सकिने बताइएको छ । स्थानाभावको कारण यहाँ लेख्न सकिएन क्षमा चाहन्छु ।

भन्नुको तात्पर्य के भने गोमूत्रवाट हामीले आय आर्जनदेखि लिएर ठूला-ठूला रोगहरूमा समेत उपयोग गरेर लाभान्वित हुन सकिन्छ जो सर्वसुलभ छ सस्तो छ र हाम्रो धर्मसम्मत पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमी २०५७ को
पुनित उपलक्ष्यमा समस्त
देशवासीहरूमा नव दुर्गा
भवानीले कल्याण गरून्
हार्दिक मंगलमय शुभकामना ।

INTERNATIONAL
MARKETING SERVICES

P.O. Box : 2516, Thapathali, Kathmandu, Nepal,
E-mail: ims@wlink.com.np
Phone: 523544, 253250; Fax: 520328,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनापान ध्यान प्रयोग

– डा. हरिप्रसाद पोखरेल

यो ध्यान प्रयोग श्वासमा ध्यान राख्दै त्यसैमा सजग बन्ने विधि हो । श्वासद्वारा नै देह र आत्मा जोडिएको छ । श्वास पुल हो, वारि देह छ, पारि आत्मऊर्जा । श्वास हाम्रो सवैभन्दा ठूलो उचाइँ हो र गहिराइ पनि । हाम्रो सवैभन्दा टाढा शरीर छ, बीचमा श्वास र सवैभन्दा नजिकको आत्मा वा स्वरूप भुलेका छौं । तर हामीले सवैभन्दा टाढाको देखेका छौं । नजिकको श्वासले नाता जोडिदिन्छ । नाकका दुवै प्वालबाट आइरहेको र गइरहेको श्वासलाई हेरिरहनू । सम्पूर्ण कुरालाई छाडेर यसैलाई केन्द्र मानी सम्पूर्ण होस यसैमा टेकाइरहनू । श्वास जसरी आउँछ, आओस र जसरी जान्छ, जाओस् । श्वासलाई लामो छोटो बनाउने कोसिस नगर्नू जस्तो प्राणायाममा गरिन्छ । सहज गति र लयमा बग्न दिनू । श्वासका साथसाथै होसपूर्ण यात्रा गर्नू, न अघि न पछि, समानान्तर । श्वासभित्र प्रवेश गर्‍यो, नाकमा प्वालभित्र शीतल स्पर्श गर्दै । श्वास अगाडि बढ्यो श्वासनली हुँदै । फोक्सो फैलियो । क्षणभर स्वाभाविक रूपमा श्वास रोकियो । फेरि श्वास वाहिर आयो, फोक्सो खुम्चिन थाल्यो । फेरि नाकका प्वालभित्र उष्ण स्पर्श गर्दै श्वास बाहिर आयो । क्षणभर स्वाभाविक रूपमा बाहिर श्वास रोकियो । फेरि नयाँ श्वास आयो । शीतलता बोकेर, भित्रबाट उष्ण श्वास आयो गर्मी बोकेर । यो चक्र चलिरहेको छ । यी प्रत्येक क्षणहरूलाई अनुभव गर । यो चक्र सम्पूर्ण कोष-कोषमा पुगेको छ । तर यो आधार अभ्यासमा हामी फोक्सोसम्म मात्र साथसाथै यात्रा गर्दछौं । निर्मल, निर्धुम भावबाट हेर्दै जाउँ कि एकदिन यस्तो शुद्धतम् स्थिति आओस कि हेर्ने भाव पनि समाप्त होस्, तर हेरिरहोस् । श्वास र भावको अन्तरसम्वन्ध छ । श्वास वदलियो भने भाव वदलिन्छ । भाव वदलियो भने श्वास वदलिन्छ । डराएको बेलामा श्वास छुट्टै किसिमले चल्दछ, प्रेमको वेलामा छुट्टै किसिमले चल्दछ, रिसाएको वेलामा छुट्टै किसिमले चल्दछ । हरेक भावदशाले श्वासमा प्रभाव पार्दछ । जब श्वासलाई सहज हेर्ने बानी हुन्छ तब यो कुरा पत्ता लाग्दछ कि श्वास वदल्दा कसरी भाव वदलिन्छ । भाव वदल्दा कसरी श्वास वदलिन्छ । यो कला श्रेष्ठतम् कला एवं विज्ञान हो जसले हरेक विषम स्थितिहरूलाई सम बनाउन सहयोग गर्दछ ।

श्वास हेर्ने कला जान्नु आवश्यक छ । यो यसरी हेर्ने हो कि जसरी हामी नदी किनारमा बसेर नदीको धार हेर्दछौं, हिमालको सौन्दर्य हेर्दछौं, पुष्पको पुष्पित आभा हेर्दछौं । जस्तो छ त्यस्तै, उसकै गति र सौन्दर्यमा । कुनै रोजाइविना, कुनै चाहनाविना । कस्तो भए राम्रो हुथ्यो या कस्तो भए नराम्रो हुन्थ्यो, आदि । तर्कवितर्क विहीन उसकैको स्वरूपमा हेर्नुमा शान्ति छ, सौन्दर्य छ । यसरी श्वासको साक्षी अध्ययन गर्दा एक स्थिति यस्तो आउँछ कि वाहिरवाट गएको श्वास र भित्रवाट आएको श्वास एक क्षणका लागि एक विन्दुमा मिल्दछ र स्थिर हुन्छ जो कल्याणकारक या मंगलकारक हुन्छ । जव श्वास पूरा वाहिर जान्छ तव एक क्षणका लागि रोकिन्छ । जव श्वास पूरा भित्र पस्छ, एक क्षण रोकिन्छ । यो क्षण होसपूर्ण भयो भने अहंकार समाप्त हुन्छ । श्वास रोकिए मन रोकिन्छ, मन रोकिए श्वास रोकिन्छ । श्वास या मन जे रोकियोस् अहंकार स्वतः रोकिन्छ ।

❊ परोपकार नै जीवन हो, परोपकार गर्ने चेष्टाको अभाव नै मृत्यु हो । ८० प्रतिशत मनुष्य नर-पशु हुन अथवा उनी मृत हुन्, प्रेततुल्य कारण हुन् । ए युवकवृन्द, जसको हृदयमा प्रेम छैन उनी त मृत नै हुन् ।

– स्वामी विवेकानन्दजी

❊ संग्राम नै जीवन हो । संग्राम नै साधनाको मूल कारण हो र संग्रामले नै मनुष्य शक्तिशाली बन्दछ । बिना संग्राम नुष्य निर्जीव एवं मृतक प्रायः हुन्छ ।

– स्वामी प्रणवानन्द

❊ प्रार्थनाको तुलनामा प्रायः स्नान, आहार र निद्राले गर्दछु । यी तीनमा जुन गुण छ यही गुण प्रार्थनामा पनि छ ।

– सन्त विनोवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

'दुर्गास्तुति र युधिष्ठिरको संकष्टहरण'

'दुर्गे दुर्गतिहारिणी'

– प्रा. दुर्गाप्रसाद दहाल

महाभारत विराटपर्वको कथानक अनुसार पाण्डवहरूले श्रीकृष्णको कृपाद्वारा बाह्र वर्षको वनवास पूर्ण गरी पूर्व-प्रतिज्ञा अनुसार एकवर्षको गुप्तवास पनि पूरा गर्नुपर्ने थियो। त्यसका लागि उहाँहरूले विराटनगरलाई उपयुक्त स्थानका लागि चयन गर्नुभयो। नगरबाट टाढा रहेको एउटा शमीको वृक्षमा आफ्ना सबै शस्त्रास्त्र लुकाएर त्यसका नजिकमा कोही नजाउन् भन्ने उद्देश्यले मान्छेका शव -मृतशरीरलाई पनि रूखमा झुण्ड्याइदिनुभयो। आफ्नो परिचय कसैलाई नहोस् भनेर युधिष्ठिरले आफूहरू पाँच भाइको नाम क्रमशः जय, जयन्त, विजय, जयत्सेन र जयदूल राखी भिन्नभिन्न भेषमा नगरप्रवेशको निश्चय गर्नुभयो। त्यसै क्रममा युधिष्ठिरलाई भगवती आद्याशक्ति दुर्गादेवीको सम्झना भयो। उहाँले विचार गर्नुभयो- जसरी भगवती सबैका हृदयमा निवास गरेर पनि अज्ञानी र देवीबाट विमुख प्राणीहरूका लागि अदृश्य हुनुहुन्छ त्यसैगरी आफ्नो गुप्त योजना पनि सकैलाई थाहा नहोस्। महाशक्ति ज्ञान र अपोहन दुवैमा समर्थ हुनुहुन्छ। यो रहस्य उहाँले पहिले त भाइहरूलाई पनि वताउनु भएन तर पछि चाहिँ सबैलाई सम्मिलित गराउनु भयो। मानसिक मन्त्र जप बढी प्रभावकारी हुने कुरा उहाँले बुझ्नुभएको थियो, त्यसैले उहाँले मनले नै भगवतीको दिव्यस्तुति गर्नुभयो।

महाराज युधिष्ठिरले गर्नुभएको दुर्गास्तुति विराटपर्वको छैटौं अध्यायमा उल्लिखित छ। त्यो प्रसङ्ग एक अध्यायमा मात्रै सीमित भए पनि त्यसको गरिमा भने अतुलनीय देखिन्छ। नेपाली समाजमा नेपाली अनुवादका माध्यमले यो अत्यन्त लोकप्रिय बन्न पुगेको छ। उक्त स्तुतिका माध्यमबाट धर्मपुत्रले महादेवीको कस्तो चित्रण गर्नुभएको छ र उहाँमाथि भगवतीको कृपा कसरी फलीभूत भएको छ? त्यसैको चर्चा यहाँ गरिन्छ। युधिष्ठिरका भनाइअनुसार आद्याशक्ति भगवती भगवान् नारायणकी अत्यन्तप्रिय हुनुहुन्छ। त्यसैले भगवान् श्रीकृष्णसँगै नन्दबाबाकी पुत्रीका रूपमा उहाँको प्राकट्य भएको हो। उहाँ सर्वमङ्गलदायिनी र कुलवर्धिनी हुनुहुन्छ। कंसलाई संत्रस्त गर्दै असुरहरूलाई विनष्ट गर्न उहाँको अवतार भएको हो। कंसले भूमिमा पछार्दा उहाँ आकाशमा उड्नुभयो। उहाँ चिन्मयस्वरूपिणी हुनुहुन्छ। भगवान् श्रीकृष्णकी बहिनीका रूपमा उहाँको प्रसिद्धि छ भने दिव्य आभूषण र आयुधादिद्वारा दिव्य अलौकिक शक्तिस्वरूपको स्फुरण पनि गराइरहनुहुन्छ। सज्जनहरूले हिलामा फसेकी गाईलाई निकाले जस्तै देवी आफ्ना भक्तहरूलाई सारा पापतापबाट मुक्त गराउनु हुन्छ। आफ्ना भाइहरूसमेत महाराज युधिष्ठिर दुर्गादेवीको परमार्थरूपचिन्तन गर्दै भन्नुहुन्छ- हे देवी! हजुर वरदायिनी, कृष्णरूपा, कुमारी तथा ब्रह्मचारिणी हुनुहुन्छ। बालसूर्यको जस्तो कान्ति र पूर्णचन्द्रको जस्तो आह्लाद हजुरका अनन्य विशेषता हुन्। माता! एकैचोटि ब्रह्मा, विष्णु र महेश्वर रूपमा हजुरको दर्शन हुन्छ। लक्ष्मी, पार्वती र सावित्री पनि हजुरकै स्वरूप हुनुहुन्छ। हजुरका मुखमण्डल संकर्षण स्वरूप छन्। अष्टभुजा देवीका हातमा सम्पूर्ण देवताका आयुध विराजित छन्। नागहरूले बेरेका मन्दराचल जस्तै माताजीका कम्मर पनि श्रोणिसूत्रले निबद्ध छन्। ब्रह्मचर्यव्रतद्वारा तीनै लोकलाई पवित्र गराउँदै उहाँ मयूर-पिच्छचिन्हित ध्वजाद्वारा सुशोभित हुनुहुन्छ। सारा देवताद्वारा पूजिता महिषासुरमर्दिनी देवीको अवतार दुष्टदलन र साधुसंरक्षणकै निम्ति हुन्छ। पर्वतश्रेष्ठ विन्ध्याचलमा देवीको मुख्य निवास छ र काली वा महाकाली उहाँका सर्वश्रेष्ठ नाम हुन्। उहाँका भक्तहरूलाई कुनै कष्ट हुँदैन। इच्छित वस्तुको प्राप्तिमा कालीका भक्तहरू सर्वोपरि हुनुहुन्छ। दुर्ग (कष्ट) बाट पार गरिदिने हुनाले माता दुर्गा हुनुहुन्छ। महाआपत्तिरूपी समुद्रमा तार्ने जहाज माता नै हुनुहुन्छ। यहाँ जति पनि शक्तिहरूको अस्तित्व मानिन्छ त्यसमा सर्वत्र दुर्गाकै अस्तित्व अनुस्यूत छ।

राजा युधिष्ठिर धर्मावतार हुनुहुन्थ्यो। उहाँले देवीको जुन रूपमा स्तुति गर्नुभयो त्यो निश्छल र तत्त्वयुक्त थियो। माताजी भक्ति र सत्यताकी भोकी हुनुहुन्छ, त्यसैले युधिष्ठिरसँग प्रसन्न हुनुभयो। पवित्र हृदय देवीदर्शनका लागि योग्य हुन्छ। भगवती प्रत्यक्ष हुनुभयो र महाराजमाथि कृपाका किरणहरू छर्दै भन्नुभयो- 'हे महाराज अब चाँडै नै तपाईं युद्धमा विजय प्राप्त गर्नुहुनेछ। मेरा कृपाले कौरव सेनाको संहारपछि निष्कष्टक राज्यप्राप्ति गरी भाइहरूसमेत भएर परम प्रसन्नता प्राप्त गर्नुहुनेछ। तपाईंले जस्तै अरूले पनि मेरो चिन्तन र स्तुति गरे भने उनीहरू पनि सारा कष्टबाट मुक्ति प्राप्त गर्नेछन् र सम्पूर्ण श्रेयका भागी हुनेछन्। यस्तो आशीर्वादसहित पाण्डवहरूको रक्षाको भार आफूले लिएर देवी अन्तर्ध्यान हुनुभयो।

देवीतत्त्व सारा चराचरको हृदयमा रहेको अन्तर्यामी तत्त्व हो। उसलाई खोज्न टाढा जानुपर्दैन। सच्चा र पवित्र हृदयले पुकारा गर्न सकियो भने भगवतीको कृपा सबैलाई प्राप्त हुन्छ। आज मानवसमाज युधिष्ठिर जस्तै संकटमा फसेको छ। यसले उहाँजस्तै होशियार बनेर देवीको स्तुति गर्ने बेला आएको छ। यसलाई आत्मसात् गरेर हामी सबै देवीका सम्मुख जाऔं र भनौं "माताजी! माताजी! हामी संकटमा फसेका छौं; यसबाट मुक्त गर्न हजुर मात्र समर्थ हुनुहुन्छ; हामी अनन्य शरण छौं।' उहाँको करूणादृष्टि हामीमाथि पर्नेछ र हामी रोग, भोक, अज्ञान र परस्परको वैमनस्यबाट छुटकारा पाउनेछौं। अन्त्यमा मोक्षका भागी पनि हुनेछौं। यही नै दुर्गास्तुतिको फलितार्थ हो र त्यसमा सहभागी हुनु मानव मात्रको परम कर्तव्य हो।

जय दुर्गे माता!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

प्राकृतिक चिकित्साद्वारा आकस्मिक उपचार

डा. काशीराज उपाध्याय

खेलाडीहरूका विषयमा जनसधारणको धारणा छ कि उनीहरूले शारीरिक व्यायाम गर्ने भएकोले यी साधारणतः रोगी हुन्नन । यो पूर्णतः सत्य होइन । आकस्मिक दुर्घटना त आकस्मिक हुन्छ, कुनै पनि दुर्घटना पूर्व सूचना नदिएर आउँछ । हात-खुट्टामा चोट पटक लाग्नु, हड्डीका जोर्नी खुस्कनु, सामान्य रूघाखोकी लाग्नु, ज्वरो आउनु, कपाल दुख्नु, पखाला लाग्नु, रगतमासी पर्नु, आँखा दुख्नु, नाथ्रो फुटेर रगत वग्नु, आगोले पोल्नु, पानीमा डुब्नु, विजुलीको धक्का लाग्नु आदि आकस्मिक दुर्घटना हुन् । कुनै खेलाडीहरूलाई खानदानी रोग दम भई खेल खेल्न नसक्ने हुन्छन् भने केही रातभरी स्वाँ स्वाँ गरेर अति कष्टमा रात व्यतीत गर्छन् तर बिहानपख दिन प्रारम्भ हुनासाथ सामान्य भई राती रोगी देखिने व्यक्ति यिनै हुन् र भन्ने जस्ता हुन्छन् ।

खेलाडीहरू सामान्य स्थितिमा स्वस्थ नै देखिन्छन् तर कसै-कसैलाई केही आन्तरिक रोग पनि लागेको हुन्छ । साामान्य सानोतिनो चोटपटक लागेको वेला तत्काल आकस्मिक उपचार दिनका लागि खेलको समयमा एउटा उपचारक टीममा राखिएको हुन्छ र डाक्टरले एउटा आकस्मिक उपचारमा काम लाग्ने मलहम पट्टी, टिन्चर आयोडिन, चीसो उपचारका लागि एउटा एमोनिया गैसको सिलिन्डर, ठूलो चोट लागेमा टाँका लगाउन सियो, धागो, पानीमा डुब्न लागेकोलाई बचाउन भनी बलियो डोरी पनि राखिएको हुन्छ । साथमा डोरी भएमा अपरझट् आइपरेको कैयौं सानातिनादेखि ठूला दुर्घटनाबाट जोगाउनमा बाहुनले काँधमा मोटो जै भिरे जस्तै या यसो भनौं प्रहरी र सेनाका सिपाहीले एउटा डोरी आफ्नो उर्दीको पोशाकको एउटा अंग बनाएर कुममा गुटमुट्याएर राखेको जस्तै जनै झुण्ड्याएको हुन्छ यसलाई धार्मिक औपचारिकता मात्र हो भनी सम्झनु हुन्न । ठूलो धेरै रगत आउने घाउ भएमा धमनीमा कसेर वाँधेमा रगत रोक्न डोरीले काम दिन्छ भने विषालु सर्प आदिले टोकेमा शरीरमा विष नचढोस् भनी रोक्न पनि काम गर्छ । कहिले काहीं मधेशमा इनारमा खसेको मानिसलाई बाहिर झिक्नमा पनि डोरीले काम दिन्छ ।

आज जहाँ तहाँ तुरून्त काम लाग्ने हाम्रा आयुर्वेदमा बरावर प्रयोग गरिने तर विषाक्त प्रभाव नगर्ने, बुद्धिमान व्यक्तिले आफ्नो दाह्री वनाउने औजार राख्ने बाकसमा दाह्री बनाइसकेपछि सेभ लोशनको सट्टा प्रयोग गरिने सर्वत्र किराना पसलमा जडीबुटी बेच्दा वेचिने फट्किरीको डल्लो प्रत्येक व्यक्तिले राख्नु पर्छ । यस स्तम्भमा म फट्किरीका चालिस प्रयोग हाम्रो दैनिक आई पर्ने रोग लाग्नु पूर्व रोग लाग्नबाट बचाउने र यदि रोग लागि हाल्यो भने बचाउने महौषधि बताउँदै छु । मेरो यो लेख पढी फट्किरी प्रयोग गरी रोग निको पार्ने व्यक्तिले मलाई सोझै या यो लेख छापिएको पत्रिका मार्फत् जानकारी दिनु भए म कृतज्ञ हुनेछु ।

श्री ५ को सरकारको स्वास्थ्य मन्त्रालयले नेपालमा विदेशी औषधि खपत गराउने नयाँ-नयाँ उपायहरू खोज्छ । शिक्षण अस्पतालले आफ्ना उत्पादित डाक्टरहरूलाई विदेशी औषधि निर्माता कम्पनीको औषधि खपत गराउने एजेन्ट बनाएको छ । हाम्रा जनताको प्रतिनिधि भनाउन मन पराउने सांसदहरूले भए नभएका रोग लागेको छ भनी विदेश गई उपचार गराउने वहाना खोजिरहेका हुन्छन् । देशमा विदेशी सरकारले बनाइदिएका भीमकाय अस्पताल छन् त्यहाँ कहिले डाक्टर छैनन् कहिले औषधि छैन । त्यस्ता ठाउँमा एक डल्लो फट्किरी मात्र भए पनिं धेरै रोगीहरूले सेवा पाउन सक्छन् ।

याद राख्नोस् कुनै पनि घाउ भएमा टिन्चर आयोडिनमा जिन्सेन भ्वायलेट लगाएमा पानी घाउमा नपर्दासम्म त ठीक छ । घाउ निको पनि होला तर यदि त्यस घाउमा पानी परिहाल्यो भने निश्चित घाउ पाक्छ र तपाईंले उपचार गरेको रोगीलाई पुनः पट्टी फेर्न डाक्टर कहाँ जानुपर्छ । पटक-पटक डाक्टर कहाँ जानुको अर्थ हो पटक-पटक फिस बुझाउनु । फट्किरी लगाएको घाऊ सामान्यतः पाक्दैन र त्यसमा धनुषटंकार (टिटानस) रोग पनि लाग्दैन ।

स्कूल, कलेज, कार्यालय, बस, ट्रक, कार, सार्वजनिक स्थल, मठ-मन्दिर, मेला-ठेलामा जाँदा एक डल्लो फट्किरी राख्नोस् मौकामा ठूलो काम गर्छ । आफूले खाने पानी सफा भए नभएको संका लागेमा त्यस पानीमा एक्कैछिन् फट्किरी घुमाएर, पाँच मिनटपछि गिलासको पींद को थ्यूरो छोडेर यो पानी निर्धक्क खाए हुन्छ । फट्किरीको मात्रा पानीको मात्राको अनुपातमा धेरै भएमा पानी धेरै टर्रो हुन्छ । प्रयोग गर्न थालेपछि व्यवहारले कति वेर राख्नुपर्छ आफैं अन्दाज हुन्छ ।

खेलाडी देख्नमा जति स्वस्थ र राम्रो शारीरिक गठनको देखिए तापनि ऋतु परिवर्तन हुने वेलामा रूघा-खोकी लागेर ज्वरो आउने र नाक बन्द भएर खेलमा फोक्सोले चाहिने मात्रामा सास राख्न नसकेको कारण दगुर्ने, उफ्रने, पौडी खेल्ने आदि प्रतिस्पर्धामा पछाडि पर्न सक्छ । प्राकृतिक चिकित्सामा प्राणायम भनिने स्वांस-प्रस्वांसको व्यायम गर्न र नाकमा पानी हालेर नाकको प्वालदेखि लिएर घाँटीसम्म घ्राण यन्त्र खुल्छ र फोक्सामा अक्सिजनको मात्रा वढी दौडने कुद्ने तारो हान्ने आदि शारीरिक श्रम गर्दा खेरी श्वास फुल्ने प्रक्रियालाई सहज बनाइ दिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

जीवन-साधनाको पथमाः

जीवन-गठनको साधना

– स्वामी आत्मानन्द

जीवन-गठन वास्तवमा अत्यन्त कठिन साधना हो । अतः विचलित हुन या अधैर्य हुन आवश्यक छैन । व्यक्ति यदि बीऊ रोपेर तुरून्त फल प्राप्तिको कामना गर्छ अथवा कर्म-आरम्भ गर्ने साथ सफलताको आशा गर्छ भने त्यो व्यक्ति सबैको लागि दयाको पात्र वन्न सक्छ ।

थोरै सोच्नुहोस्, विद्यार्जनका लागि प्रथम श्रेणीमा वर्णमाला सिक्नु तथा लेख्नु कति कठिन कार्य हुन्छ । परन्तु पछाडि गएर यो कार्य कत्ति सरल हुन्छ । यस्तो प्रत्येक कार्यको आरम्भमा हुन्छ तर अभ्यास भएपछि त्यही कार्य अत्यन्त सरल हुन्छ । कष्टको ठाउँमा आनन्दको प्राप्ति हुन्छ । जीवन गठनको समयमा पनि यस्तै हुन्छ । अतः सफलता असफलतारूपी दुर्वलताको त्याग गरेर नित्य नियमित प्रयत्न गर्दै गर्नुपर्छ । वस्तुतः आवश्यकता पर्छ प्रत्येक दिनको, प्रत्येक क्षण अविच्छिन्न रूपले चेष्टा, यत्न,उद्यम तथा अध्यवसायको । धैर्यको साथ यदि निरन्तर नियमित रूपले चेष्टा गरे त प्रत्येक प्रयास भविष्यको प्रयासमा सहायक हुन्छ एवं तिम्रो शक्ति, साहस तथा उत्साहमा वृद्धि प्रदान गर्दै रहन्छ । धैर्य, साहस एवं सतत् चेष्टा नै क्रमशः धैर्यशक्ति साहस एवं चेष्टा यत्नको वृद्धि गर्दछ । प्रत्येक कार्य एवं अनुष्टानमा एउटा अन्तर्निहित शक्ति एवं गति वेग हुन्छ । कार्य आरम्भ गरेपछि त्यही शक्ति एवं गतिवेग मानुष्यलाई उसको पथमा सञ्चालित गर्दछ । मनुष्य यदि एकै दिन भए पनि सत्यमार्गमा हिंडेदेखि अथवा थोरै सद्-गुणहरूको अनुशीलन गरेदेखि उसको भित्र सिंह-शक्तिको सञ्चार हुन्छ र सम्पूर्ण भय, दुर्वलता आदि सबै थोक विलिन हुन्छ । अतः भय, दुविधा, संकोच आदि त्याग गरेर धैर्यपूर्वक साधनाको पथमा हिंड्दै गर, तिमीलाई स्वतः आफ्नो सफलताप्रति आश्चर्य हुन्छ । श्री श्री संघनेताको महावाणी, धैर्य, स्थिरता, सहिष्णुता साधकको महाशिक्त हो । यस मूलमन्त्रलाई सधैं ध्यान गर्नुहोस् । एवं अनुशरण गर्दै जीवनको पथमा अग्रसर होऊ ।

मनमा यो दृढ आत्म-विश्वास हुनुपर्छ- सबैले गरिरहेका छन् म किन गर्न सक्तिन ? मनुष्य नै असाध्यलाई साध्य बनाउँछ । असम्भवलाई सम्भव तुल्याउँछ । जुन तिम्रो निमित्त हिजोसम्म असाध्य र असम्भव थियो त्यो आज सहज एवं सम्भव हुन्छ । त्यसकारण जुन तिमीवाट आज सम्भव भइरहेको छैन त्यो असाध्य भविष्यमा तिम्रो लागि किन सम्भव हुन सक्दैन । चाहिन्छ केवल उपयुक्त परिश्रम, कार्यशक्ति एवं कठोर साधना । चतुऱ्याइँ र धोखेबाजीले केही पनि सम्भव हुन सक्दैन । विना उपयुक्त प्रयत्नले अथवा थोरै चेष्टाले सफलता प्राप्त गर्ने कुरा नसोच्नु राम्रो हो । मनवाट सन्देह, संशय, अविश्वासलाई पूर्णरूपले टाढा राखेर आत्मविश्वासको शक्तिले शक्तिमान भएर जीवन साधनाको पथमा रत भएर चल्नाले सफलता सुनिश्चित छ । दूर्जन, कुसंगीहरूवाट सधैं टाढा वस्नुपर्छ । जो व्यक्ति मनमा कुप्रवृत्तिलाई जागृत गरी कुकार्यतर्फ प्रवृत्त हुन्छ त्यसलाई हिंसक जन्तुसमान सम्झिनु पर्दछ, किनभने यी व्यक्ति नै मूल रूपमा तिम्रा प्रधान र प्रमुख शत्रु हुन् । सैकडौं पवित्र चरित्र भएको, सरल प्रवृत्त भएको वालक, किशोर र युवक यी व्यक्तिको चंगुलमा परेर सधैंका लागि ध्वस्त भए र भइरहेका छन्- त्यसको हिसाव गर्न मुश्किल हुन्छ । यी व्यक्तिहरू हितैषी मित्रको मुखौटो लगाएर, कहिले परामर्शदाता, कहिले उपदेष्टा भएर त कहिले अन्य कार्यमा सहायता गर्ने वहाना बनाएर तिम्रो अगाडि उपस्थित हुन्छन् । त्यसपछि विस्तारै घनिष्ठता स्थापित गरी उचित या उपयुक्त अवसर प्राप्त गरी आफ्नो स्वार्थ सिद्ध गर्ने चेष्टा गर्छन् । यी व्यक्तिहरूको स्थिति ठीक उनै शिकारी जस्तो हुन्छ जो शिकारको लागि दाउ हेरेर वसिरहन्छन् र अवसर मिलेपछि उनीहरूलाई ध्वस्त पार्छन् । यसै कारणले तिमीले सधैं सावधान रहनु आवश्यक छ । जब कोही पनि विना प्रयोजन, विना मागी-अकारण तिम्रो सहायताका लागि तयार रहन्छ अथवा तिम्रो विषयमा सधैं धेरै चिन्ता गर्दछन् अथवा तिम्रोप्रति अत्यधिक आफ्नुपन देखाउँदै तिम्रो सान्निध्य लाभको लागि व्यग्र छन् भने तिमीले सम्झिनुपर्छ कि उसको यो सम्पूर्ण चेष्टाहरूको उद्देश्य के हो ? वास्तवमा उनीहरूमा केही न केही स्वार्थ अन्तर्निहित छ । अतः यस्ता व्यक्तिलाई कहिल्यै पनि प्रश्रय दिनु हुँदैन । कुनै पनि दुर्वलता देखाएर उनीहरूको संगतमा जानु उचित हुँदैन । यदि यस्तो हुँदाहुँदै पनि उनीहरू तिम्रो प्रति अग्रसर हुन्छन् भने कठोरताले तिनीहरूलाई तिरस्कार गर्नु नै उचित हुनेछ ।

कुचिन्ता, कुभावना र कुप्रवृत्तिको कहिल्यै पनि हृदयमा स्थान दिनु हुँदैन । यिनै कुकर्मका प्रवर्तक हुन् र कुमार्गमा लाने तत्त्वहरू हुन् । साधारणतः किशोर, वालक तथा युवकहरूको फूल जस्तो कोमल, सरल हृदय नै यिनीहरूको परम रमणीय तथा लोभनीय क्रीडाक्षेत्र हो । विषैलो कीटाणु जस्तै यी मनुष्यका हृदयमा प्रवेश गरेर मनुष्यलाई ध्वंश गरिदिन्छन्, घुनले जस्तै मनुष्यको सम्पूर्णरूपले हीन वनाई दिन्छन् । क्षयरोगाणुको जस्तै यी मनुष्यलाई विस्तारै शक्तिहीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर मृत्युपथमा पुऱ्याइ दिन्छन् । यसमा एउटा विशेष मादकता हुन्छ जसलाई किशोर, युवक पहिला त बुझ्न असफल हुन्छन् परन्तु त्यसै आनन्दमा आत्मविभोर भएर पूर्णरूपले आफूलाई समर्पित गरिदिन्छन् । केही दिन पछाडि जब प्रतिक्रिया सुरू हुन्छ, शरीरको क्षय हुनथाल्छ, मन विषाद अवसादहरूले घेरिन्छ । फलतः सबैथोक प्रष्ट देखिन्छ । किन्तु त्यसवेला मनुष्य यस्तो स्थितिमा पुग्छ पुनः फर्किन मुश्किल हुन्छ । त्यस समयमा मात्र एउटै बाटो देखिन्छ - 'आत्महत्या' जो समस्त यातनाबाट मुक्ति गराउँदछ । यसैले सदैव सचेत रह । कुनै पनि किसिमले यस्तो भावनालाई मनभित्र पस्न नदेऊ । जस्तो तिमी आफ्नो घरको मालिक हौ, जहाँ कसैलाई पनि प्रवेश दिनु र नदिनु तिम्रो हातको कुरो हो, ठीक त्यसै प्रकारले तिमी आफ्नो मन, हृदयको स्वामी हौ, त्यहाँ कसैको प्रवेश तिम्रो अनुमति बेगर सम्भव छैन । जस्तो कुनै अवांच्छित व्यक्तिलाई तिमी आफ्नो घरमा आउन दिँदैनौ, ठीक त्यस्तै किसिमले अवांच्छित चिन्ता, प्रवृत्ति, भावनालाई मनमा प्रवेश गर्न नदेउ । यसको लागि आवश्यक छ कि आफ्नो हृदयमा विवेकरूपी प्रहरीलाई नियुक्त गर । जब यस्तो भावना मनमा पस्न उद्यत हुन्छन् त्यसवेला बलपूर्वक तिनीहरूलाई वाहिर निकालिदेऊ । जो व्यक्ति तिम्रो विनाशको लागि समुद्यत छन्, स्वास्थ्य, शक्ति, आयु र शान्तिलाई हरण गर्न चाहन्छन् उनलाई अत्याचारी समान देख्नुपर्छ । अतः हमेशा सावधान रहूँ । यस विषयमा आफूले आफैंलाई धोका नदेऊ । आततायी व्यक्ति तिम्रो भौतिक क्षतिको साथसाथै तिम्रो स्थूल देहलाई र जीवनलाई पनि नष्ट गरिदिन्छन् किन्तु कुचिन्ता, कुभावना, कुप्रवृत्ति मनुष्यको सत्प्रवृत्ति, सत्संस्कार र सद्गुणहरूको नष्ट गरेर अरू धेरै जन्म मृत्युको जंजालमा पार्दछन् । मनुष्यलाई अशान्तिको अग्निमा फसाएर धेरै समयसम्म असह्य यातनालाई निम्त्याउँछन् ।

आक्रमणकारी सैनिकका शत्रू विरूद्ध जसरी सदैव जागृत भएर सुरक्षा दिन्छन् त्यसैगरी जीवन निर्माणकारी साधकले पनि कुसंग, कुचिन्ता, कुप्रवृत्तिका विरूद्ध सदैव जागृत अवस्थामा पहरा दिनुपर्दछ । किनभने यी भावनाहरू कुनै समय शत्रुरूपमा, कहिले मित्ररूपमा, कहिले गुप्तरूपमा तिम्रो भित्र पस्ने कोशिश गरिरहेका हुन्छन् । यो तिमीले विशेष रूपले यादराख्नु आवश्यक छ कि यदि यी शत्रु तिमीभित्र एक पटक मात्र प्रवेश गर्नाले तिम्रो विवेक, विचारलाई मोहित गरेर छाड्छन् र यसबाट वाँच्न अति कष्टकर हुन्छ । जस्तो किल्लाको पर्खालमा फाटो पारेर बाटो बन्द गरेपछि हजारौं शत्रु सैनिक भित्र प्रवेश गरेर दुर्गमा अधिकार प्राप्त गर्दछन्, ठीक यस्तै स्थिति यहाँ पनि हुन्छ । यी दुर्भावनाहरू पनि एकपटक मात्र तिम्रो संकल्प, दृढता, साधना निष्ठा तथा मनोवललाई समाप्त गरिदिए भने त्यही मार्ग बनाएर, त्यसै छिद्रपथबाट तिम्रो भित्र प्रवेश गरी समस्त हृदय मनमा अधिकार गर्नेछन् । यसैकारणले कुचिन्ता, कुप्रवृत्ति जहिलेसुकै सामुन्ने आए तिनीलाई हकारेर भगाउ । हृदय, मन तिम्रो हो । यदि तिमी स्वेच्छाले कसैलाई वहाँ प्रवेश दिएनौ भने तिम्रो हृदय मन्दिरमा प्रवेश गर्ने कसको हिम्मत ? यो जीवन-मृत्युको समस्या हो । अतः यहाँ कोमल भएर कार्य बन्दैन परन्तु यहाँ समेरूभन्दा दृढ समुद्र जस्तो गम्भीर, वज्रभन्दा अधिक कठोर हुनुपर्छ ।

साधना, तपस्या, शिक्षा र चरित्र निर्माणमा कोमलता, कमनीयताको कुनै स्थान हुँदैन । यो युद्धक्षेत्रमा संग्रामरत सैनिक जस्तो कठोर हुनुपर्छ । हरेक किसिमको त्रुटि, दुर्वलता तथा आदर्श-विरोधी भावलाई जरैदेखि निकालेर फ्याँकिदिनु पर्छ । यदि सम्पूर्ण विश्व यसको विरूद्ध भए पनि यसको पर्वाह गर्नु हुँदैन । आफ्नो कर्तव्यहरूको पालना गर्दै अगाडि जानुपर्छ । महात्मा बुद्ध र महावीरको झैं गम्भीर निर्देशहरूको स्मरण गर्दै मदन भस्मकारीदेवादिदेव महादेवको रूद्र मूर्तिको ध्यान गर्नु पर्दछ । यही नै साँचो साधकको प्रकृत तथा स्वाभाविक रूप हो । सत्पथका सहयात्री धेरै कम छन् । यदि राम्रो मित्र पाइएन भने एक्लै यात्रा गर्नुपर्छ । अन्यत्र दृष्टिपात नगरी केवल आदर्श तथा जीवनको लक्ष्यतर्फ हेर्नुपर्छ । आदर्श, लक्ष्यलाई अगाडि राखेर दैनिक जीवनका समस्त कार्यलाई नियन्त्रित गर । सम्पूर्ण जगत् के गर्दैछ, सहयात्रीमा को आउँदैछ, को पछि रह्यो- यो सबै विचार गर्नु आवश्यक छैन । "तिमीले केवल यो विचार गर्नुपर्छ कि तिम्रो आदर्शको अनुसार तिम्रो जीवनको प्रत्येक कार्य अनुष्ठित भइरहेको छ या छैन, तिमीले आफ्नो आदर्शको अनुशरण गर्नुपर्छ तथा आफ्नो लक्ष्य-स्थानमा पुग्नुपर्छ । यो जीवन जगत्मा तिम्रो शुभ-अशुभ कर्मफल-भोग तिमीले नै गर्नुपर्छ । आफ्नो राम्रो नराम्रो कार्यको लागि उत्तरदायी तिमी नै हौ । अरू केवल सल्लाह मात्र दिन सक्छन्, गर्नु सबै तिमीले गर्नुपर्छ ।" अतःतिमीले आफ्नो ढाँचानुसार हिड्नुपर्छ । अरू यदि तिमी जीवनमा श्रेष्ठ वा उदाशीन हुन्छन् त हुन देऊ परन्तु तिमीले निश्चेष्ट वा उदाशीन हुन हुँदैन । जस्तो विश्वविद्यालयमा जुन विद्यार्थी परीक्षामा सम्मानजनक स्थान प्राप्त गर्न चाहन्छ, उनी साधारण विद्यार्थी जस्तो व्यर्थ कार्यमा समय नष्ट गर्दैनन् । तिमीले पनि त्यसै गर्नुपर्छ । जस्तो कुनै आत्मघाती व्यक्ति आफ्नो खुट्टामा कुठाराघात गर्दछ तर विवेकी विचारवान व्यक्ति त्यसलाई अनुशरण कदापी गर्दैन । अज्ञानी व्यक्ति यदि आफ्नो दायित्व र कर्तव्य जीवनको महान आदर्श तथा लक्ष्यलाई विर्सिएर गलत पथमा परे पनि विवेकी विचारवान व्यक्ति त्यसतर्फ दृष्टिपात पनि गर्दैनन् । महापुरूषको जीवन नै यसको श्रेष्ठ दृष्टान्त हो । सबै प्रकारको विरोधाभाष भएपछि पनि महापुरूषहरू आफ्नो भावनानुसार आफ्नो गन्तव्य पथमा हिड्दै सारा जगत्वासीहरूका निकट एउटा महान् आदर्श स्थापित गरिदिन्छन् । महापुरूषको यही जीवन अनुशरण गरी जीवनको सर्वाङ्गीण निर्माणको लागि दृढ संकल्प हुनुपर्छ । यही नै जीवनको महान् र श्रेष्ठ वनाउने मार्ग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

विजयादशमीको वास्तविक सन्देश

– डा. गोविन्द टंडन

प्रत्येक वर्ष विजयादशमी पर्व नेपालीकहरूको लागि सुखमय पर्व बनेर आउने गर्छ। विजया दशमीको सामाजिक, धार्मिक, आध्यात्मिक अनेकानेक महत्त्व छ। त्यसलाई कति बुझेका छौं त्यो व्यक्तिविशेष र परम्परामा भर पर्ने कुरा हो। विजया दशमीलाई दशैंको रूपमा पनि लिने गरिएको छ। केटाकेटीहरू दशैंलाई राम्रो लुगा लाउने, मीठो-मीठो खाने पर्वको रूपमा लिन्छन्। त्यसैले दशैं कहिले आउला भनेर औंला भाँचेर बस्छन्। कत्तिको लागि यो खर्चिलो बनेर दशा सरह बन्न गएको नदेखिएको पनि होइन।

शक्ति उपासनाको यो पवित्र पर्व एउटा ठूलो दार्शनिक पृष्ठभूमि लिएर खडा भएको छ। देवताहरूद्वारा आराधना गरिएकी भगवती र उनीद्वारा संहार गरिएका दानवहरूमा प्रतीकात्मकता रहेको ज्यादात्तर पाइन्छ। महिषासुर, शुम्भ-निशुम्भ, चण्डमुण्ड, रक्तवीज, आदिको अस्तित्व कुनै समयविशेष र कालविशेषमा मात्र सीमित नभई यी त हरेक व्यक्ति, समाज र राष्ट्रमा कुनै न कुनै रूपले नजानिदो किसिमले विद्यमान भइरहने तत्त्व हुन्। यी दानवी भावनाहरूले जगत्मा निरन्तर उत्पात मच्चाइरहेका हुन्छन् र भगवती दुर्गा समय-समयमा अवतीर्ण भएर तिनको संहार गरिरहनु हुन्छ। जहाँ जहाँ अवरोध छ, कुण्ठा छ, रोग छ, भोक छ, गरिवी छ, अज्ञान छ, अन्धकार छ त्यहाा कुनै न कुनै यिनै दावनी शक्तिहरूको हात रहेको हुन्छ। सद्गुणहरू तिर वढनै नदिने प्रवृत्ति हो। महिषासुरमर्दिनी। यो अभिमान, घमण्ड, क्रोधको रूपमा प्रकट हुन्छ। आफ्नो र परायाको भेद गर्ने रागद्वेष नै शुम्भ-निशुम्भ हुन्। पक्षपातको रूपमा यिनीहरूको प्रकट हुन्छ। ऊनी सहिष्णुता र अकर्मण्यता चण्डमुण्ड हुन्। अरूको उन्नति देखिनसहनु र आफूचाहिँ अल्मस्त परेर कुनै राम्रो काम नगर्नु, जति थपे पनि नअघाउने वासनात्मक प्रवृत्ति नै रक्तवीज हो। समाजमा जहाँ जहाँ पछौटेपन छ, त्यहाँ यिनीहरू नै मुस्कुराइरहेका हुन्छन्। यिनीहरूमाथि विजय पाउन हामीलाई शक्ति उपासना आवश्यक पर्छ। शक्ति उपासनाको नाममा निरीह पशुपक्षीको बलि देवी भगवतीका मन्दिर, मूर्ति र जमराघरमा दिने कार्य कुनै पनि हालतमा विजयादशमीको शाश्वत महिमा हुँदै होइन। आफूमा भएको दुर्गुण, दुर्वुद्धिहरूको त्याग गर्न सिकाउने विजयादशमीमा आजकल जसरी पशु वलिवाट विजयादशमी ओतप्रोत हुन थालेको छ वास्तवमा त्यसले शालीन पर्वको उपहास गरिरहेको छ। "आत्मवत: सर्वभूतेषु" भनी सवै प्राणीमा आत्मा रहेको देख्न सिकाउने हाम्रो धर्मले पशु हिंसा गर्न किमार्थ सिकाएको छैन। तर फेसनको रूपमा जसरी वढदै गएको छ त्यसले हाम्रो धर्ममाथि नै प्रश्नचिन्ह लाग्दै जाने अवस्था आएको छ। हाम्रो धर्मले त सधैं सिकाइरहेको छ- "अहिंसा परमोधर्म इति वेदेषु जीयते" *पद्मपुराण ६४।६३*। *मनुस्मृतिले* पशु हिंसा गरी मांस खाने मानिसलाई इङ्गित गर्दै भन्छ- यावन्ति पशु रोमाणि तावत्कृत्वोह पारणम् वृथा पशुघ्नः प्राप्नोति प्रेत्य जन्मनि जन्मनि। *मनुस्मृति ५।३८*

अर्थात् पशु हिंसा गरी खानेले जति पशुका रौंहरू छन् त्यति नै वर्ष प्रेत भएर वस्नुपर्छ।

यस्ता वचनहरू वेद, उपनिषद्, गीता, महाकाव्य, पुराण, स्मृति ग्रन्थहरूमा प्रशस्त पाइन्छन्। हुन पनि आफ्नो जीव्रोको स्वादको लागि देवी भगवतीको नाममा पशु हत्या गरी आफ्नो मनकामना पूरा भएको देख्न चाहनु कस्तो पाखण्डीपना होला वुझ्न सकिन्न।

---

* *जुन कुरा आफूलाई राम्रो लाग्दैन, त्यो अरूका प्रति पनि गर्नु हुँदैन। यो नै धर्मको संक्षिप्त लक्षण हो। यसबाट जो भिन्न बतवि हुन्छ त्यो कामनामूलक हुन्छ।*

– महाभारत

* *ब्रह्मचर्यको पुनः प्रतिष्ठाले नै भारतको सर्वाङ्गीण कल्याण निर्भर हुन्छ।*

– स्वामी प्रणावानन्दजी

* *मनुष्य आदर्श-मनुष्य बन्न सक्छ उच्च आकांक्षा, लक्ष्य एवं उच्च आदर्शद्वारा आदर्शहीन जीवन मौत जस्तै हो।*

– स्वामी प्रणवानन्द

* *तिमीहरू जो अन्धा-आतुर, दुःखी, त्रिताप ज्वालाले जर्जरित छौ, आऊ मेरो शरणमा आऊ। म संसारको दबाइबाट तिमीहरूलाई मुक्त गरिदिन्छु।*

– स्वामी प्रणवानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम तपस्वी- श्यामचेतन बाबा

✍ ध्रुवप्रसाद न्यौपाने

परम तपस्वी, परम आदरणीय श्याम चेतनबाबा भारतको वैद्यनाथ परिसरमा जन्मनु भएको थियो । मानव जीवनको लक्ष्य, उद्देश्य एवं कर्तव्य परमपद प्राप्त गर्नको लागि आठ वर्षदेखि नै मातापिताको काख छोडी भारतवर्षका विभिन्न पवित्र तीर्थस्थलहरूमा चित्तशुद्धिको लागि पैदल भ्रमण गर्दै अनेक धार्मिक कार्य सुसम्पन्न गर्नुभयो ।

वि.सं. १९८६ तिर नेपालमा अवस्थित अलौकिक महिमा गाइएका आराध्यदेव भगवान् श्री पशुपतिनाथको दर्शन गर्न प्रगाढ इच्छा भई वहाँ यो उत्तराखण्डको अति पवित्र भूमिमा आइपुग्नु भयो । सर्वप्रथम वहाँ पवित्र वागमतीको किनारमा अवस्थित थापाथली मठमा तथा मैतिदेवी र नानकमठमा तपस्या गरेर बस्नुभयो ।

थापाथलीमा बस्दा वहाँ प्रतिदिन आराध्यदेव पशुपतिनाथको दर्शन गर्न आउनु हुन्थ्यो । पशुपति परिसरमा निकै सिद्धस्थलहरू छन्, तीमध्ये परम तपस्वी यशस्वी वासुकी बालवह्मचारी रहनु भएको ठाउँमा आफ्नो साधनास्थल उत्तम मानी त्यहीँ नै बस्ने निर्णय गर्नुभयो ।

नेपालका मेचीदेखि महाकालीसम्मकै तीर्थस्थलहरूमा पैदल भ्रमण गर्दै भारतवर्षका कुम्भ मेलाहरूमा पनि जाने गर्नुहुन्थ्यो । करिब २०५० सालतिर भारतवर्षको प्रसिद्ध हरिद्वारको कुम्भ मेलामा स्वामी त्रिवेणी पुरी महाराजवाट सन्यास ग्रहण पनि गर्नुभएको थियो । वहाँ परव्रह्म प्राप्तिको लागि ज्यादै वाधक कान्चन र कामिनीदेखि निकै नै टाढा रहनु हुन्थ्यो साथै दुनियाँहरू मेरो पछि लागिदिउन र म दुनियाँहरूको पछि लागौं भन्ने लोकैषणा पनि वहाँमा थिएन । सय गङ्गाभन्दा पनि पवित्र वागमतीमा प्रतिदिन गौरीघाट स्नान गरी रातको १ बजे सन्ध्यावन्दनादि कार्यमा बसिसक्नु हुन्थ्यो । मध्यान्न स्थानको लागि सूर्यघाट जानुहुन्थ्यो भने अपराह्णमा आर्यघाट स्नान गर्नुहुन्थ्यो र वागमतीकै जल सेवन गर्दै ढ्याम-ढुम ढोका लगाई दिनमा २ रोटी खाई शान्त भावमा तपस्या गर्नुहुन्थ्यो । जस्तै कठीन परिस्थितिमा पनि वहाँ गलत फन्दामा कहिल्यै पर्नु भएन । अरूका आश्रयको आशा समेत पनि राख्नुहुन्नथ्यो । तर के लाग्दो रहेछ र शरीर ज्यादै थोत्रो र जीर्ण भएपछि भने वहाँले आफ्नो शरीर चटक्कै अरूको आश्रयमा सेवाको लागि छोडिदिनुभयो । १०५ वर्षको उमेरमा आफ्नो साधनास्थल दलानमा पौषको घाम ताप्न निक्लँदा भन्नुभएको थियो- 'हरे शिव ! भगवान् ! ती दिन कहाँ गए होलान ? वागमती स्थान गर्दा, वागमतीको जल खाँदा रोगव्याधी निको भै उत्तम गति प्राप्त हुन्थ्यो, अहिले आएर भौतिक भोगमा चुर्लुम्म डुवेकाहरूले आफ्नो गुहु, मूत, आदि फोहोर वागमती आमामा मिसाइदिएर तिनीहरूले यो लोकलाई दूषित पार्दै आफ्नो जन्मन्मान्तरलाई अधोगतितिर धकेलिरहेका छन् ।' नदीको दुर्गती देखेर वहाँलाई काशीस्थित गङ्गामाताको काखमा जल समाधि लिने इच्छा भई २०५६ असार २६ गते काशी जानुभयो र शिवजीको त्यस पवित्र नगरीमा २०५६ भाद्र ९ गते ५ बजेतिर भगवान् विश्वनाथको निर्देशनद्वारा वहाँले ५ मिनेट भित्रै आफ्नो इच्छाशक्तिले प्राणलाई खिचेर जीव प्रवेशको दशौं द्वार सहस्रदल चक्रवाट वहाँ १०८ वर्षको उमेरमा परमधाम हुनुभयो ।

काशीमा वहाँ परमधाम हुँदाको अवस्थामा डा. वेदप्रकाश उप्रेती, इन्जिनीयर प्रमोद पोखरेल, विद्यार्थी तुलसी, शरद र वोगटी, वरिष्ट क्याप्टेन आर.पी. प्रधान र श्रीमती प्रधान तथा स्वामी गौरव पुरी साथै काशी दक्षिणामूर्ति आश्रमका विद्वान् विद्यार्थी तथा भक्तहरू पनि उपस्थित हुनुहुन्थ्यो । वहाँहरूले बाबाको आश्चर्य र अलौकिक देहत्यागको दृश्य देख्ने सौभाग्य पाउनुभएको थियो । पापाचार र आडम्वर बढ्दै रहेको र आध्यात्मिक साधना तथा निष्ठामा ह्रास हुँदै आइरहेको यस युगमा वहाँको दिव्य देहत्यागले हामी सबैलाई प्रेरणा दिइरहेको छ ।

चित्तशुद्धिको लागि यस्ता महापुरूषले निरन्तर ५६ वर्षसम्म साधना गरेको एउटा साँघुरो अँध्यारो कोठा र दलानको दर्शनले देहशुद्धिमा निश्चय नै सघाउ पुग्ने देखिन्छ ।

आवाल ब्रह्मचारी वासुकी बाबाको समयदेखि निरन्तर ६ जना विद्यार्थीको शिक्षामा सहयोग पुग्दै आएकोमा श्याम चेतन बाबाबाट पनि निरन्तर प्रेरणा र सहयोग रहँदै आएको उक्त वासुकी ब्रह्मचारी आश्रममा हाल पनि ६ जना विद्यार्थीहरूलाई आवास, भोजन र अन्य सुविधाको व्यवस्था छ ।

साभार : परिमार्जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनमा तपको महत्त्व

– स्वामी तेजोमयानन्द

तपको महत्त्वलाई बुझ्नु भन्दा पहिले त्यसको अर्थ बुझ्नु अत्यावश्यक छ । कारणको यो शब्द समाजमा बहुचर्चित भएकाले मानिसको यसका प्रति विभिन्न धारणाहरू छन् । पौराणिक कथाहरूमा वर्णित 'तप' को (तपस्या) घटनाहरू पढेर वा सुनेर मन भयभीत हुन्छ । यसको सही अर्थलाई न बुझ्नाको कारण डर लाग्नु स्वाभाविक हो ।

प्रत्येक व्यक्तिको जीवनमा कहीं न कहीं 'तप' देखिन्छ । असुरहरूको जीवनमा पनि तपको सम्बन्ध रहेको देखिन्छ । प्रह्लाद, विभीषण, ध्रुव तप गर्दछन् भने हिरण्यकशयप, रावण, कंस आदि पनि तपमा संलग्न थिए यस्ता व्यक्ति खोज्न कठिन पर्दछ, जसले आफ्नो जीवनमा केही न केही तप गरेको न होस् । जुन हाम्रो जीवनसँग अत्यन्त सम्वन्धित छ । त्यससँग डराउनुको तात्पर्य यही नै हो कि हामी राम्रोसँग त्यसलाई जान्दैनौं । सामान्य अर्थमा 'तप' त्यो साधना हो जसद्वारा हाम्रो जीवनमा समुचित विकास होस्, उन्नति होस् । उन्नति या विकासको विषयमा मुख्य रूपले दुई धारणाहरू प्रचलित छन् । केही व्यक्ति जडवस्तुहरूको प्राप्तिलाई नै जीवनको विकास मान्दछन् । स्वस्थ शरीर एवं त्यसलाई सुखी बनाउने सबै साधनको प्राप्ति नै उसको जीवनको परम विकास हो । शरीरभन्दा अलग्ग पनि केही छ, यसतर्फ विचार गर्न उसको जीवनमा कहिले पनि मौका आउदै आएन । यस्तो विचारधारा भएको मानिसले यदि तप गऱ्यो भने पनि परिणामस्वरूप शरीरलाई नै अमर बनाउने प्रयत्न गर्नेछ । यसको साक्षीस्वरूप सिङ्गै इतिहास छ । हिरण्यकशयप, रावण, कंस आदि तपकै फलस्वरूप यस प्रकारको वरदान माग्दथे कि "मरहि न हम काहूके मारे"- कसैले पनि न मारे र म न मरूँ- अर्थात् कसैले पनि मार्न नसकोस् । यस प्रकारका व्यक्तिको व्यक्तिगत र सामाजिक दुवै जीवन अशान्त हुन्छ । न त ऊ सुखी रहन सक्दछ न समाजमा बस्ने व्यक्तिलाई नै पनि सुखले बस्न दिन्छ । कारण यो हो कि शरीर एवं त्यसलाई सुखी बनाउने वस्तुहरूको पनि आफ्नो सीमा हुन्छ । हाम्रो सुखको कामना असीमित छ । असीमित कामनालाई सीमित वस्तुहरूद्वारा पुरा गराउने प्रयास गरिन्छ । परिणामस्वरूप हाना-हान, लडाईं-झगडाले सम्पूर्ण जीवन भरिन्छ । जडवस्तुका लागि कुनै पनि जीवनको जीवनलाई समाप्त गर्नमा पनि संकोच हुँदैन ।

दोस्रो प्रकारका विचारधारा भएका व्यक्ति आफ्नो जीवनको विकास चेतनतत्त्वको प्राप्तिमा मान्दछन् । यस विचारधाराका व्यक्ति यदि तप संलग्न भयो भने ऐश्वर्यको प्राप्तिका लागि होइन, अपितु ईश्वरको प्राप्तिका लागि हुन्छ । ऐश्वर्यको प्राप्ति जीवनका लागि उपयोगी छ, तर जीवनको समग्र उन्नति ईश्वर प्राप्ति नै हो । अत: तप यस्तो साधन हो जसद्वारा लौकिक-पारलौकिक, ऐश्वर्य एवं ईश्वर दुवैको प्राप्ति हुनसक्दछ ।

कुनै पनि वस्तुको उपलब्धिका लागि शक्तिको आवश्यकता हुन्छ । शक्तिहीन व्यक्तिद्वारा न चेतन आत्मतत्त्वको प्राप्ति हुनसक्दछ न त कुनै भौतिक जड पदार्थको नै । शक्ति सञ्चयको साधनलाई नै तप भनिन्छ । प्रत्येक व्यक्ति भित्र तीन प्रकारको शक्ति निहित छ (१) शारीरिक (२) मानसिक (३) वौद्धिक । हाम्रो तीनवटै शक्ति सामान्य रूपले आवश्यक छ किसिमले व्यय (खर्च) भइ नै रहेको हुन्छ । इन्द्रीयहरूको शक्ति विषय-सेवनवाट, मनको शक्ति संकल्प-विकल्पद्वारा र वुद्धिको शक्ति अनावश्यक विचारहरूले स्वाभाविक रूपले क्षीण भइरहेको हुन्छ । आफ्नो यस स्वाभाविक प्रक्रियालाई नियन्त्रित, संयमित गरेर जुन साधनाद्वारा हामी शक्तिसञ्चय गर्दछौं त्यसलाई तप भनिन्छ । व्रत-उपवास आदि भनेको वसमा हुनजान्छ । इन्द्रीयहरू प्रभयनशील स्वभावका हुन्, यसलाई संयमित गर्नका लागि तपको आवश्यकता हुन्छ । मनको स्वभाव नै चञ्चल छ । यो एकाग्र भयो भने अनौठो शक्ति प्राप्त हुन्छ । उसलाई (मन) एकाग्र गर्नु परम तप हो । मनको एकाग्रता कसरी हुनसक्दछ ? एकाग्रता प्राप्त गर्नका लागि मनको स्वभाव थाहा पाउनु आवश्यक छ । हाम्रो मनको तीन स्थितिहरू हुन्छन्- (१) अनेकाग्र (२) शून्याग्र र (३) एकाग्र । मन या त स्वयं नै विषयहरूमा भौंतारी रहन्छ या इन्द्रीयहरूको माध्यमद्वारा । यी दुवै नभएको अवस्थामा निधाउँदछ । मनलाई अनेकाग्र गर्नमा इन्द्रीयहरूको मुख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका हुन्छ । एकाग्र प्राप्ति हेतु सर्वप्रथम आफ्ना इन्द्रीयहरूलाई नियन्त्रित गर्नुपर्दछ । यही कुरा गीतामा भगवान्ले बताउनु भएको छ "तस्मात त्वं इन्द्रियाणि आदौ नियम्य भरतर्षम् । इन्द्रीयहरूको नियन्त्रण (संयम) बुद्धिद्वारा विचार गरेर नै गर्नुपर्दछ । यदि इन्द्रीय व्यवहार गर्नुभन्दा पहिले हामी बुद्धिको प्रयोग गर्दछौं, जागरूक भएर गर्दछौं, अनि बाँकी शक्ति प्राप्त हुन्छ ।

उपनिषद्हरूका अनुसार विचार गर्नु, ज्ञान प्राप्त गर्नु सर्वश्रेष्ठ हो । "तपस्या ब्रह्म विजिज्ञासस्व," "यस्य ज्ञानमयम् तपः" आदि । कुनै पनि प्रकारको ज्ञान प्राप्त गर्नका लागि 'तप' को आवश्यकता हुन्छ । जुन वैचारिक साधनाद्वारा परम वस्तुको ज्ञान प्राप्त हुन्छ त्यसलाई नै 'तप' भनिन्छ ।

मुख्य रूपले तीन प्रकारको तप गीतामा भगवान्ले बताउनु भएको छ-

(१) **शरीरको तप** : देवता, द्विज (ब्राह्मण), गुरु आदिको पूजा, पवित्रता, सरलता, ब्रह्मचर्य एवं शरीरबाट कसैको हिंसा नगर्नु शरीरको तप हो ।

(२) **वाणीको तप** : सत्य, प्रिय, हितकर एवं कसैलाई उद्वेग (क्रोध) गराउने वचन नबोल्ने प्रयास गर्नु वाणीको तप भनिन्छ ।

(३) **मनको तप** : मनलाई सधैं नै प्रसन्न राख्नु तथा त्यसमा राम्रो विचारहरूलाई नै स्थान दिनु अथवा दिने प्रयास गर्नु मानसिक तप भनिन्छ ।

सबै प्रकारको तपको फल हो आफ्नो स्वरूपलाई चिन्नु । आफ्नो स्वरूप मात्र नै यस्तो हो जुन दिन-रात तापित (चम्की) भइरहन्छ । यसको प्राप्ति त्यस बेला मात्र हुन्छ जब जीवनमा अहंकार रहँदैन । सामान्यतः लौकिक-पारलौकिक प्राप्ति, इन्द्रीय संयम, विचारमय तप आदिद्वारा नै यस अहंकारको वृद्धि हुने सम्भावना छ । अतः यस अहंकारबाट रहित भएर सबै व्यवहार गर्नु नै "रमण महर्षि" को अनुसार महान तप हो ।

अहमपेतकं निजविआनकं
महदिदं तपो रमणवात्रियम् ॥

जीवनमा तपको सबैभन्दा ठूलो महत्त्व यही नै हो कि हामी अहंकार रहित भएर प्रत्येक कर्म गर्दै आफ्नो चैतन्य स्वरूपलाई चिन्हे प्रयत्न गरौं ।

❋ सेवा नै संघ हो धर्म हो, सेवा नै संघको कार्य हो । अतःएवः सबै प्रकारको सेवामा निपूर्ण हुनुपर्छ । आदेश दिने कार्य न गर्नु । जो सबै सेवा गर्नलाई प्रस्तुत छ, उनै यथार्थमा आदेश दिनलाई उपयुक्त छ । सिरहार नै त सरदार हो । प्रभुत्वको परित्याग गर, सबैको दासत्व र सेवा वरण गर, यो नै सबैको श्रद्धा र प्रीति आकर्षण गर्ने तरिका हो ।

– **स्वामी प्रणवानन्दजी**

❋ गीताका सैकडौं व्याख्या भए पनि यस्तो समय आउने छैन जब नयाँ व्याख्याको आवश्यकता नहोस् ।

– **स्वामी प्रणवानन्दजी**

❋ नारी तिम्रो रक्तमांसको क्लेदले कहिल्यै पनि सम्बद्ध गरेको छैन । तिमीले सदा पवित्रताको आसन दिएउ, अथवा उसलाई के नाम दिनु जो कामना र वासनाले माथि छ । उनै हुन "मा" भारत वर्षको यही आदर्श हो ।

– **स्वामी प्रणवानन्दजी**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमी २०५७ को हार्दिक शुभ कामना ।

BIBITI CONCERN

☎ 240236/220003, Fax: 222413, P.O. Box: 2179
Khichapokhari (Above Juju Fashion), Kathmandu

Manufacturers:
Shield, Trophy, Momentoes, Medals & Citations, Ceremonial Badges, Ties, Pins, Seminar Bags, Caps, Logos and Signages in Silver, Brass, Copper and All Ceremonial Requirements.

हामी उत्सवलाई महोत्सव बनाउँछौं ।

विजया दशमी २०५७ को पुनित उपलक्ष्यमा समस्त देशवासीहरुमा नव दुर्गा भवानीले कल्याण गरून् हाम्रो मंगलमय शुभकामना ।

वडा अध्यक्ष- नरोत्तम वैद्य
महिला वडा सदस्य- श्रीमती रत्नकमल (तुलाधर) श्रेष्ठ
वडा सदस्य- दिनेश डंगोल
वडा सदस्य- श्यामकृष्ण संगत एवं
काठमाडौं महानगरपालिका ८ नं. वडा परिवार

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

विजया दशमी

२०५७ को

हार्दिक

शुभकामना

बैंक अफ काठमाण्डू लिमिटेड

BANK OF KATHMANDU LTD.

P.O. Box : 9044, Kamal Pokhari, Kathmandu, Nepal
Tel : 414541, Fax : 418990, Tlx : 2820 BOK NP,
e-mail : info@bok.com.np, SWIFT : BOKLNPKA

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

गुरुदर्शन- प्रवक्ता : आचार्य स्वामी प्रणवानन्द

स्वामी निर्मलानन्द

आर्यहरूका ६ प्रधान दर्शनशास्त्रहरू छन्- व्यासको वेदान्तदर्शन, कपिलको सांख्यदर्शन, कणादको वैशेषिक दर्शन, जैमिनिको मीमांसादर्शन, पतञ्जलिको योगदर्शन तथा गौतमको न्यायदर्शन । यी सम्पूर्ण ज्ञानदर्शन हुन्, यिनीहरूको मूलमा तत्त्वानुभूति छ ।

गुरुदर्शनको अर्थ हो- गुरुतत्त्वको ज्ञान, अंग्रेजीमा भनिन्छ- Philosophy of Guruhood. श्री गुरुको महिमा वेद, पुराण, तन्त्र, स्मृति, दर्शनादि ग्रन्थहरूमा गरिएको छ, परन्तु गुरुदर्शनप्रति खासै कुनै सूत्रग्रन्थहरू पाँइँदैनन् । यहाँसम्मकि "गुरुदर्शन"को परिभाषा हामीहरू अनभिज्ञ थियौं । युगगुरु आचार्य श्रीप्रणवानन्दजी महाराज यस परिभाषाको साथ श्रष्टा तथा व्याख्याता हुनुहुन्छ । गुरुतत्त्वको साथसाथै गुरुसाधनाको अनुशासनको उहाँले नै प्रचार गर्नुभयो ।

६ फाल्गुण १३४५ (वं) को कुरो हो । त्यस दिन शिवरात्रिको पुण्य तीथि थियो । जटाजुटधारी, त्रिशूलपाणी श्री श्रीआचार्यदेव शिवभावमा अधिष्ठित हुनुहुन्थ्यो । प्रसन्नचित्त, आत्मसमाहित हुनुहुन्थ्यो । नयाँ तथा कल्याणकारी केही दिनको निमित्त नै संकल्पले मानौं उहाँ स्वमहिमामा समाहित हुनुहुन्थ्यो । एउटा अभिनव दिशाको उन्मोचन तथा एउटा उज्ज्वल दर्शनको घोषणा गर्नलाई आचार्यदेवले मौन भङ्ग गर्नुभयो । एकजना संघ सदस्यलाई बोलाएर भन्नुभयो- "जे म भन्छु लेख ।" संकल्पित अनुशासन- निवन्धरचित जसको शीर्षक थियो "गुरुदर्शन" । लेख सकिएपछि आचार्यदेवले त्यसमा हस्ताक्षर गर्नुभयो । जवसम्म आकासमा चन्द्र-सूर्य रहन्छन्, धर्तीमा पुण्यतोया नदी रहन्छन् त्यस समयसम्म यो सत्य प्रचारित रहिरहन्छ । यो मौलिक सत्य अनुशासन स्वामी प्रणवानन्दको नै हो- यो अपरिवर्तनीय, अखण्डनीय, पूर्णतया पालनयोग्य छ । यो दर्शन सत्य र शाश्वत छ, यो उनको अपार कृपाको प्रमाणस्वरूप छ ।

गुरुदर्शनको भूमिका

"भक्त चाहन्छ भगवत्‌दर्शन, योगी आत्मदर्शन, ज्ञानी ब्रह्मदर्शन र शिष्य चाहन्छ गुरुदर्शन" । यही नै अनुशासन-निवन्धको भूमिका हो । यसको भाषा सरल तर भाव गम्भीर छ । जुन गुरुदर्शनको प्रचारमा उहाँ उन्मुख तथा सचेष्ट हुनुहुन्थ्यो, उहाँको सनातन आग्रह छ- यही विषय पुरै वक्तव्यको भूमिकामा अभिव्यक्त छ । अर्थात् शिष्यको गुरुदर्शन वस्तुत: भक्तको भगवद्‌दर्शन, योगीका आत्मदर्शन तथा ज्ञानीको ब्रह्मदर्शन हो । भारतीय अध्यात्म-साधनको सनातन धाराको साथै गुरुदर्शनको पूर्ण सामान्जस्यता छ । भगवद्‌दर्शन, आत्मदर्शन र ब्रह्मदर्शनको बीचमा स्वर्णसेतु रचनाको उपादान गुरुदर्शनको अनुशासनमा नै छ । सिद्ध गुरु नै भक्तको भगवान्, योगीको आत्मा र ज्ञानीको ब्रह्म हुन् । यस उक्तिको समर्थनमा श्री श्री गुरुगीतामा भनिएको छ ।

गुरुर्वह्मा गुरुर्विष्णु: गुरुदेवो महेश्वर : ।
गुरुर्देव परब्रह्म तस्मै श्री गुरुवे नम: ॥

भक्तको भगवद्‌दर्शन, योगीको आत्मदर्शन र ज्ञानीको ब्रह्मदर्शनका फलश्रुति नै शिष्यको गुरुदर्शनको फलश्रुति हो । गुरु विना कुनै गति- उपाय छैन । गुरुदर्शनको तत्त्व हृदयंगम गरेपछि मात्र भगवद्‌दर्शन, आत्मदर्शन या ब्रह्मदर्शनको योग्यता सरलताले प्राप्त हुन सक्छ । अत: यो भन्न सकिन्छ कि सवै धर्मको सार गुरुदर्शन नै हो । श्री श्री आचार्य देवले यसको वीजमन्त्र हामीलाई दिनुभएको छ । यसकै आधारमा अगाडि वढेर गुरुदर्शन युक्तिपूर्वक वनाउन सकिन्छ ।

गुरुदर्शन के हो ?

अव प्रश्न उठ्छ- 'गुरुदर्शन' के हो ? दर्शन शव्दको प्रचलित अर्थ छ- देख्नु । स्थूल आँखाले हामी जे देख्छौं प्रत्यक्षरूपमा त्यसको नाम दृश्य हो । दृश्यलाई देख्नु नै वास्तवमा दर्शन हो । अन्धो व्यक्तिले केही देख्न सक्दैन । परन्तु जोसँग आँखा छन् ती सवैथोक देख्न सक्छन् । गुरुदर्शन के हो ? के स्थूल आँखाले गुरुको स्थूल शरीरको दर्शन गुरुदर्शन हो । हो, त्यो पनि अत्यन्त पुण्यदर्शन हो । साधारण मनुष्यको लागि भगवान्, आत्मा, ब्रह्मको यस्तो सरलताले यस्तो नजिकवाट देख्न सम्भव छैन । परन्तु यो वाह्य दर्शन नै यथार्थ दर्शन होइन । यदि यस्तो भएदेखि गुरुको दर्शन मात्रले पूर्ण-ज्ञान प्राप्त हुन्छ । परन्तु यस्तो हुँदैन । यस्तो पनि हुन्छ कि गुरुको नजिक भएर पनि मानिसहरू साधना भ्रष्ट हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको अर्थ यो हुने भयो कि उनीहरूलाई यथार्थ रूपमा गुरुदर्शन भएको छैन । नयाँ आँखाको आवश्यकता हुनुपर्छ । त्यही भक्तको आँखा हो, योगी, ज्ञानी र शिष्यको आँखा त्यही हो । यो प्राप्त गर्नका लागि भक्तले आँसु बगाउनुपर्दछ, योगी आत्मदर्शनको प्रबल इच्छाले आफ्ना आँखा बाहिरबाट भित्रतर्फ लग्दछ, ज्ञानी ब्रह्मज्ञानको इच्छाले आँखाबाट मायाको जाललाई छिन्न-विन्न गर्छ । गुरुदर्शनको लागि जुन दिव्यदर्शनको आवश्यकता छ त्यो चक्षुदान स्वयं श्रीगुरुले नै गर्नु हुन्छ ।

अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मिलितं येन तस्मै श्री गुरवे नमः ।।

श्री गुरु स्वयं ज्ञानमूर्ति हुनुहुन्छ । अविद्यारूपी नेत्ररोगका वहाँ उत्तम चिकित्सक हुनुहुन्छ । गुरुसँग एउटा प्रसिद्ध ज्ञानाञ्जन-शलाका छ । त्यस शलाकाद्वारा दृष्टिदान हेतु शल्यचिकित्सा हुन्छ । शल्यचिकित्साद्वारा अविद्याको आँखा निकालेर श्रीगुरु नयाँ ज्ञानचक्षुको संयोजन गर्नुहुन्छ । श्रीगुरु अविद्यानाश गर्नेवाला ज्ञानरूपी अंजनको आँखा लगाइदिनुहुन्छ । श्रीगुरुको मोहिनी मूर्तिको दर्शन त्यही आँखाले गर्नुपर्छ- त्यही साँचो दर्शन हो । श्रीगुरुको स्थुलरूप जो दृश्यमान छ, जस्तो भान पर्छ । तत्त्वतः पनि त्यस्तै नै हो । श्रीगुरुको शक्ति र महिमा प्रत्यक्ष छ जसलाई यथार्थरूपमा अनुभव गर्नुपर्छ । यथार्थरूपमा त्यही गुरुदर्शन हो । श्री श्री आचार्यदेवले भन्नुहुन्छ- "गुरुको कृपा, गुरुको आशीर्वाद र शुभदृष्टिलाभ नै गुरुदर्शन हो ।"

श्री गुरुकृपा प्रत्यक्षः

श्री गुरुको स्थूल विग्रह जुन किसिमले प्रत्यक्ष छ, वहाँको कृपाशीर्वाद पनि त्यस्तै प्रत्यक्ष छ । शिष्यको ध्यान, मनन, साधनामा श्रीगुरुको कृपाको जब अनुभूति हुन्छ, तव मात्र सम्झनुपर्छ कि गुरुदर्शन भयो । श्रीगुरु हुन्- प्रमेय र उनको कृपा हो- प्रमाण-प्रत्यक्ष प्रमाण । सहस्रौ मील टाढा वसेर पनि श्रीगुरुको महिमाको उपलब्धि गर्न सकिन्छ । श्रीगुरुको स्थूलदेहवसान भएपछि पनि यो अनुभव गर्न सकिन्छ । उनको कृपाशक्ति नित्य छ । श्री गुरुको शरणमा जानुपर्छ- सम्पूर्ण रूपले, उनको ध्रुवप्रसाद अवश्य नै पाइन्छ । कहिलेकाहीं विपत्ती आउँदा पनि धेरै कोशिश गरेर पनि संकटमुक्त हुन नसक्दा त्यो स्थितिमा श्रीगुरुको स्मरण मात्रले पनि शिष्य संकट मुक्त हुन सक्छ । यो विषयमा चिन्ता गरेर यो अनुभुति हुन्छ कि गुरुकृपा वेगर यस्तो सम्भव नै छैन । अन्ततः शिष्यको मनमा कृतज्ञता, विश्वास, भक्ति र आनन्दभावको उदय हुन्छ र यो आवेगले अनुभूति हुन्छ । यो नै हो श्री गुरु-कृपानुभूति, यही हो गुरु-शक्तिको ज्ञान- गुरुदर्शन । सद्‌गुरु आश्रित शिष्यको जीवनमा यदि यस्तो हुँदैन, तव त उसको दुर्भाग्य नै हो । तव उसमा आत्मानुसन्धानको प्रवृत्ति आउनुपर्छ । आफ्नो साधनजीवनको त्रुटिहरूमाथि राम्रोसँग विचार गर्नु आवश्यक छ । श्रीगुरुबाट वञ्चित भएपछि उसमा आत्मचेतना जागृत हुन्छ- यस्तो नभएपछि उसको साधना जीवन व्यर्थ हुन्छ ।

श्री गुरुकृपानुभूतिः

शिष्यको लक्ष्य हो, गुरुदर्शन या गुरुकृपाको प्रत्यक्षानुभूतिको लाभ । यो लक्ष्यको उपाय के हो ? आचार्य प्रणवानन्दले "शिष्यको गुरुदर्शन" शीर्षक निवन्धमा घोषणा गर्नुभएको छ- गुरुको निर्देशमा चल्नु, गुरुको आदेशलाई पालना गर्नु तथा गुरुद्वारा निर्धारित पथमा हिड्नु, यी सवैद्वारा नै गुरुकृपाको लाभ हुन्छ ।" मात्र तत्वालोचनाले गुरुदर्शन सम्भव छैन । गुरुदर्शन यथार्थ रूपमा साधनाको मार्ग हो । यो केवल सैद्धान्तिक होइन परन्तु पूर्णत व्यावहारिक हो । यसको लागि आचरण गर्नु आवश्यक छ, निष्ठासहित, सतता, वीरता, अनुगत्य तथा कष्टसहित । आवश्यकता भए प्राणत्यागको लागि पनि उत्सर्गित हुन सक्नुपर्छ । यो क्षेत्रमा काम नगरेर निकम्मा वन्न सम्भव छैन किनभने समर्थ सद्‌गुरु स्वयं नै यहाँ निर्देश दिनुहुन्छ । निर्देश दिएपछि उनको निर्देश उचित रूपले पालन हुँदैछ या भएको छैन यसको रेखदेख पनि वहाँ स्वयं गर्नुहुन्छ । श्रीगुरु शिष्यको वाहिर-भित्र सवथोक हरपल देख्दै गर्नुहुन्छ, सतर्क प्रहरीको जस्तो निगरानी गर्नुहुन्छ । उनवाट केही कोही पनि ढाकिएको छैन । कर्तव्यको निर्देश उनै नै दिनुहुन्छ, फेरि कर्मानुसार फल पनि उनै दिनु हुन्छ । अभीष्ट साधनफल पनि उहाँकै कृपाको रूपमा वर्णित हुन्छ । कर्मविना कर्मफलको आशा कसरी गर्न सकिन्छ ? श्रीगुरुद्वारा निर्दिष्ट साधनामार्गको अनुशरण बेगर गुरुकृपा कसरी सम्भव हुन्छ ! शिष्यलाई हरप्रकारले श्रीगुरुको आदेश-निर्देश गर्नुपर्छ । श्रीगुरुका प्रति आत्मसमर्पण गरेर आफ्नो समस्त सत्ता उनैको चरणमा उत्सर्ग गरेर उनको इच्छानुसार लौकिक र आध्यात्मिक कर्म गर्नुपर्छ । श्री गुरुकृपालाभको यही सर्वश्रेष्ठ उपाय हो ।

श्री गुरुको आदेश नै महामन्त्र हो : गुरु र गुरुवाक्य अभिन्न छ :

तन्त्रशास्त्रको अनुसार, जुन कुरा मनन गरेर जीव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्त हुन्छ । त्यही मन्त्र हो- "मननात् त्रायते इति मन्त्रः ।" श्रीगुरुको आदेश-निर्देश नै मन्त्र हो । गुरुदर्शनका प्रवक्ता श्री श्रीआचार्यजीको उक्ति छ- शिष्यको लागि गुरुको आदेश नै एकमात्र मन्त्र हो । शिष्यलाई गुरुले जुन दृष्टिले हेर्नुहुन्छ, वहाँको आदेशको पनि सर्वदा त्यसै दृष्टिले हेरेर, सम्झेर त्यसको पालन गर्नुपर्छ ।

यो उक्ति सर्वथा सत्य छ । श्रीगुरुको आदेश मन्त्रस्वरूप छ, गुरु र गुरुवाक्य अभिन्न छ- यो तथ्यलाई हेर्नु, सम्झिनु र बुझ्नु आवश्यक छ । हेर्नु स्थूल इन्द्रीय कार्य, सम्झिनु सूक्ष्म मानसको कार्य र पालन गर्नु वास्तविक आचरणधर्मी कर्म हो । यो त आफ्नो समग्र सत्ताद्वारा यसलाई गर्नुपर्छ । गुरु तथा गुरुको आदेशको, निर्देश वा उपदेशहरूको पालना गर्नमा समर्थ हुन्छ । हिन्दूधर्मानुसार शब्द ब्रह्म हो र श्रीगुरु पनि ब्रह्मस्वरूप हो । अतः शब्द- ब्रह्मवादकानुसार गुरु र गुरुवाक्य एक तथा अभिन्न छन् । श्रीगुरुवाक्यको नै वाङ्मय स्वरूप छ । एकतर्फ गुरुको धुमधामले पूजा आरधना गर्नु परन्तु अर्कोतर्फ गुरुवाक्यको पालना गर्नमा अनिच्छा, अवहेलना यस्तो भएपछि त्यो व्यक्ति आदर्श गुरुभक्ति कहिल्यै हुनसक्दैन । यस्तो व्यक्ति मूलतः प्रतारक हो । उसको लागि 'गुरुदर्शन' असम्भव छ । गुरुका प्रति जस्तो श्रद्धा छ त्यस्तै विश्वास हुन आवश्यक छ, यदि यस्तो भएन भने गुरुद्वारा उपदेशित 'तत्वमसि' महावाक्यको सार्थकता शिष्यको जीवनमा कसरी सम्भव हुन सक्छ ?

शिष्यको साधन :

श्रीआचार्यद्वारा उपदेशित गुरुदर्शनका अनुसार साध्य हुन् स्वयं श्रीगुरु र निर्देशहरूको प्रतिपालन । श्री श्री आचार्यदेवले गुरु दर्शनमा भन्नुभएको छ- "गुरुको आदेश नै शिष्यको एक मात्र सहायक र सम्वल हो । यो आदेश शिष्यका सम्पूर्ण मायामोहलाई छिन्नविन्न गरी, दुःख, दुर्बलतालाई मेटाएर उसलाई हमेशा जाग्रत, जीवन्त र सतर्क राख्दछ । अतः यो आदेशको स्मरण-मनन गर्नु नै शिष्यको एकमात्र साधना हो ।"

ब्रह्मज्ञ श्रीगुरु आफ्नो शरणागत शिष्यलाई कसरी आदेश-उपदेश दिनुहुन्छ, यसको संकेत यस उक्तिमा छ । ईश्वर-पुरूप श्रीगुरुको आदेश-निर्देश सवैथोक पारमार्थिक हुन्छ । तर कहिल्यै पनि लौकिक हुँदैन । गुरु यस्तो कर्म र साधनाको संकेत दिनुहुन्छ जसबाट शिष्यको ऐहिक र परालौकिक कल्याण हुन्छ । अर्थात् शिष्यको भ्रम-भ्रान्ति मेटिन्छ, मायामोहको जालो छिन्नभिन्न हुन्छ, आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःख, दुर्वलता ताकि उसलाई अभिभूत गर्न सकोस् र शिष्य आत्मस्मृति लिएर वीरतापूर्वक हिड्न सकोस्, यस्तो आदेश, उपदेश निर्देश नै शिष्यलाई मंगल गर्ने गुरु सदा सर्वदा साथमा रहनुहुन्छ । यसैकारणले श्रीगुरुको आदेश-निर्देश शिष्यको एकमात्र सहाय र सम्बल हो । उनैको एउटा मात्र साधना हो, श्रीगुरुको आदेशको सदा स्मरण र मनन गर्नु ।

भक्तको साधना हो श्रवण-कीर्तन-स्मरणादि नवविद्या भक्ति, योगीको साधना हो यम-नियम-आसन-प्राणायाम-प्रत्याहार-ध्यान-धारणा-समाधि, ज्ञानीको साधना हो श्रवण-मनन-निदिध्यासन् । आदेश पालनरूपी धर्ममा यी सवै साधनाको समन्वय छ । भक्तिको पराकाष्ठा नभए आदेशको समुचित प्रतिपालन कसरी हुन सक्छ ? श्रीगुरुको आदेशको प्रतिपालनमा त्याग-सहिष्णुता हुनु पर्दछ, त्यसैवाट भक्तिको अनन्यता र गम्भीर्यको परीक्षा हुनसक्छ । आदेशको पालन गर्नमा जो सफल हुन्छ ऊ नै सक्रिय र सात्विक भक्त हो । जो आदेशको पालन गर्नमा सफल हुँदैन उनीहरू निष्कृय र तामस-भक्त हुन् । आदेशपालनको धर्म योगलक्षण पनि हो । यसको तात्पर्य यो हो कि आदेशपालनको लागि आवश्यकता छ शारीरिक, मानसिक र आत्मिक दृढता, आवश्यकता छ चित्तको स्थिरता एवं एकाग्रताको । कठोर योगसाधनाले नै यस्तो हुन सक्छ । *घेरण्ड संहिता*नुसार 'शोधनं दृढता चैव स्थैर्य धर्य च लाघवम् । प्रत्यक्षञ्च निर्लिप्तञ्च घटस्य सप्तसाधनम् ।' श्रीगुरुको आदेश पालन गर्नका लागि प्राणको उत्सर्ग गर्नु नै शिष्यको प्राणायाम हो, उसमा तन्मयता नै उसको ध्यान र महासमाधि हो । श्री गुरुको आदेश, निर्देश र उपदेशको सर्वप्रथमतः सुन्नुपर्छ त्यसपछि त्यसको तात्पर्य र उसको उपयोगिताको मनन गरी त्यसलाई हृदयमा दृढतापूर्वक धारण गर्नु पर्दछ । पश्चात कठोर उद्यम र अध्यव्यवसायको साथसाथै आदेशको पालन गर्नुपर्छ । यहाँनेर गुरुभक्ति शिष्य ज्ञानमार्गी साधकसँग एकात्म छ । वस्तुतः सबै दृष्टिबाट आदेशपालन पनि एउटा महायोग हो । श्रीगुरुको आदेशको पालन गर्नमा सिद्ध शिष्य महायोगी पुरूष पक्कै हो । उसलाई क्षुद्र अथवा निम्नस्तरीय साधक सम्झेर उसको अवज्ञा गर्नु उचित होइन । उसको मर्यादा भक्त, योगी र ज्ञानी साधक जस्तै हो ।

श्री गुरुमुखीनतानै परम तपस्या हो :

शिष्यको प्रधान कर्तव्य हो श्रीगुरुको आदेशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिक्षामा उन्मुख रहनु, किनभने श्रीगुरुको आदेश, उपदेश र निर्देशको पालन नै त गुरुवादी साधकको श्रेष्ठ साधना हो। श्रीगुरुको आदेशको लागि प्रतिक्षा गर्नुपर्छ। यसप्रकार आदेश प्रतिपालनको सूत्रद्वारा नै सदा श्रीगुरुसँग युक्त रहनु शिष्यको कर्तव्य हो। आदेश पालन नै इष्टसँग युक्त हुने एक मात्र उपाय हो, यसैकारणले आदेश पालनलाई महायोग भनिएको हो। श्रीगुरूद्वारा आदेश गरेको सम्पादन वाह्य शरीरद्वारा गर्नुपर्छ र मनको श्रीगुरुको अभय चरणमा समर्पित गर्नुपर्छ। यही नै गुरुमुखीता हो। यो गुरुमुखिता नै परम तपस्या र आरधना हो। सबै किसिमले कार्य गर्दै बर्हिमुखी मनलाई गुरुमुखी बनाएपछि बाहिरको कुनै पनि किसिमको नराम्रो वातावरण शिष्यलाई बिल्कुलै स्पर्श गर्न सक्दैन। यस्तो विधान मानेर प्रत्येक समय अगाडि बढे शिष्यको जीवनमा कहिल्यै कुनै विपत्ती आउन सक्दैन।

यो अत्यन्त राम्रो कुरा हो- दार्शनिक रूपबाट अनुपम छ, साधनाको दृष्टिले पनि अत्यन्त उपयोगी छ। उन्मुखताद्वारा नै पूर्णत्वको प्राप्ति हुन्छ। यो साधुद्वारा प्रसंशित पथ हो। सरोवरमा कमलको फूल सूर्यको किरणको स्पर्शको लागि व्याकुलताले प्रतिक्षा गर्दछ। यो उन्मुखताको तपस्याले नै कमलको फूल उचितरूपले फूल्छ। रंग, सुगन्ध र माधुर्यताले उसलाई प्रणता प्राप्त हुन्छ। अनिमात्र उसलाई ईश्वरका चरणमा आश्रय मिल्छ। शिष्यका जीवनको पूर्णता प्राप्ति पनि त्यसै पथको सम्भाव्यता हो। ज्ञान सूर्यरूपी श्रीगुरुं आफ्नो कृपारूपी रश्मीको वितरण गरेर शिष्यको जीवनरूपी फूलको समग्रताको साथ प्रसादले धन्य गर्ने प्रयास हो। शिष्यको कर्तव्य हो सर्वदा गुरुमुखी रहनु। जो शिष्य सदा आफ्नो चित्त गुरुको चरणमा समर्पित गर्छ उसको जीवनमा प्रकाश अवश्य आउँछ। त्यस आलोकमा ज्ञान, शक्ति र भावको विकास तथा आत्मरक्षाको चिन्ता हुन सक्दैन। संकटत्राता श्रीगुरु नै सदा प्रत्येक अवस्थामा सबै प्रकारले प्रतिकूलताले शिष्यको रक्षा गर्नुहुन्छ।

वासनाको नाशले गुरुदर्शन

चित्त सदा गुरुमुखी किन हुन सक्दैन ? उनको गति सदा निम्नमुखी- विषयमुखी किन छ ? यसको लागि उत्तरदायी को हो ? उत्तरदायी हो जीवको वासना। जन्म-जन्मान्तरको हृदयको यो वासना नै साधकको चित्त-विक्षेपको कारण हो। वासना नै जीवलाई अधोगामी तुल्याउँछ। भक्तलाई भगवत्‌दर्शन, योगीलाई आत्मदर्शन, ज्ञानीलाई ब्रह्मदर्शन र शिष्यलाई गुरुदर्शन- यी सबैको मूलमा वासना नै प्रतिबन्धक हो। वासना जहिलेसम्म छ तबसम्म वासना शिष्यलाई एकाग्रचित्तले श्रीगुरुको आदेश-निदेश-उपदेशको पालना गर्ने अवसर हुनै दिँदैन। आदेशपालनारूपी तिम्रो साधनाले तिमीलाई विच्यूत गर्दै गर्छ, जसको परिणाम चित्त गुरुमुखी हुन सक्दैन। अतः वासनाको नाश सर्वप्रथम हुनुपर्छ। शिष्यको गुरुदर्शन शीर्षक निबन्धमा यस समस्याको समाधान दिइएको छ। सबै मार्गको साधनाको साथसाथै गुरुमार्गको साधनाको अन्तिम समानता प्रदर्शित गर्दै भनिएको छ- " वासनाको नाश जहाँ भक्तको भगवद्‌दर्शन, योगीको आत्मदर्शन, ज्ञानको ब्रह्मदर्शन र शिष्यको गुरुदर्शन हो।" अर्थात् भक्तिमार्ग, योगमार्ग, ज्ञानमार्ग र गुरुमार्गमा साधनाको समस्या एकै हो र उसको साधना पनि एकै हो। वासना भए भक्तिसम्म परिपक्वता आउँदैन, ज्ञानको विकास हुन सक्दैन, योग-एकाग्रता सम्भव छैन। गुरुगतपालना पनि सिद्धि हुँदैन। वासना नै विघ्नको कारण हो। त्समाथि विजय पाउन आफ्नो साधना सिद्धि अवश्यम्भावी छ।

वासनामा विजय पाउने उपाय

गुरुदर्शन या गुरुकृपानुभूति लाभमा मुख्य वाधा वासना हो। वासनाको नाशले शिष्यलाई गुरुदर्शन हुन्छ। यस्तो अवस्थामा शिष्य यस्तो सर्वोत्तम स्थितिमा पुग्छ जहाँ ऊ भक्त, योगी र ज्ञानीका समकक्ष हुन्छन्। गुरुदर्शन लाभ जसको भयो यस्तो साधकको भक्त, योगी या ज्ञानी भन्न सकिन्छ। गुरुदर्शन जसको भयो भगवद्‌दर्शन पनि उसलाई भयो, आत्मदर्शन र ब्रह्मदर्शन बाँकी नै रहेन। ईश्वर- आत्म ब्रह्मरूपी श्रीगुरुको दर्शनले वासनाको चरम निवृत्ति हुन्छ। उनको लागि अरू केही पनि शेष रहन सक्दैन।

वासनाको नाशले गुरुदर्शन हुन्छ। अब प्रश्न यो छ कि- वासनाको नाश कुन किसिमले हुन्छ। श्री श्री आचार्यदेवले 'शिष्यको गुरुदर्शन' निबन्धमा भन्नुभएको छ- गुरुको आदेशपालनाले मात्र शिष्यको जन्म-जन्मान्तरको वासना नाश हुनसक्छ। अर्थात् श्रीगुरुको आदेशको पालना नै वासनाको नाशको उपाय हो। यो कुरा कति युक्तिसंगत छ ?

पहिले नै भनिसकिएको छ- गुरुदर्शनको साधना तर्कमूलक होइन बरू आचरणमूलक छ, यो केवल शिद्धान्त (theory) होइन परन्तु व्यावहारिक (Practical) पनि हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

यस मार्गको साधनाको मध्यमणि स्वयं श्रीगुरु नै हुन् जो शिष्यलाई प्रत्यक्षरूपले सहचर्य दिनमा समर्थ छन् । गुरु कुन किसिमबाट आदेश-उपदेश र निर्देश दिनुहुन्छ यो पूर्वमा उद्धृत गरिसकिएको छ । अब वासनाको नाशमा श्रीगुरुको आदेशको प्रतिपालनको सार्थक भूमिकाको वारेमा आलोचना हुनसक्छ ।

जीवको चित्तमा दृढमूल वासना छ । भक्तिको नाममा तामस-भावले आँसु बगाउनाले वासना विलिन हुन सक्दैन, ज्ञानको नाममा कुतर्क मत गरेर पनि वासनाको निवृत्ति हुन सक्दैन । यसको लागि एउटा विशुद्ध उपाय खोज्नु आवश्यक छ । कौशलपूर्वक भोगद्वारा नै यसको निवृत्ति हुन्छ । यो कौशलता सर्वज्ञ र सर्वान्तर्यामी सद्गुरु नै जान्नुहुन्छ । श्रीगुरु प्रत्येक आश्रित सन्तानहरूलाई उनीहरूको आ-आफ्नो संस्कार र प्रकृतिको अनुरूप आदेश, उपदेश र निर्देश दिनुहुन्छ र जहाँ जसरी उसलाई राख्नुपर्छ, उसको जीवनको अत्यन्त कल्याण हुन्छ त्यस्तै गर्नु हुन्छ । यसको परिणाम दुई प्रकारको छ- पहिलो त, आ-आफ्नो संस्कार र प्रकृतिको अनुरूप आदेश, उपदेश र निर्देश लाभ भएपछि उसको प्रतिपालनमा समयमा शिष्यको चेतन तथा अवचेतन मनमा संचित जन्मान्तरको अमीप्साहरू स्वत: चरितार्थ हुन्छ । दोस्रो, आफ्नो रूची, इच्छा र फलाकांक्षा नभएको कारण र केवल मात्र श्रीगुरुको सन्तुष्टिको लागि अनुष्ठित हुने कारणले मात्र त्यस कर्मद्वारा शिष्यको लागि कुनै नयाँ किसिमको सृष्टि हुन सक्दैन । किन्तु तिनै निष्काम र गुरुपरिष्ट कर्मद्वारा उसको वासनाको नाश र चित्तको शुद्धि हुन्छ । श्रद्धा, भक्ति, प्रीति, विश्वास र एकाग्रताको निष्ठाले उसको चित्त निश्चितरूपले नै गुरुमुखी हुन्छ । शिष्यको आधार जब श्रीगुरुको कृपा र आशीर्वाद धारणको लागि तयार हुन्छ, त्यसपछि मात्र शिष्यलाई शान्ति, शक्ति र मुक्ति प्राप्त हुन्छ ।

श्री गुरुदर्शनले शान्ति, शक्ति र मुक्ति

गुरुदर्शनमा नै शिष्यको चरम सिद्धि छ । सिद्धावस्थामा वासनाको उत्पीडन हुन सक्दैन, चित्त शान्त हुन्छ । अत: शान्तिको अमृतधारामा मन-प्राण परिपूर्ण हुन जान्छ । वासनाको नाशले सम्पूर्ण भयको पनि वन्धन तोडिन्छ । यो आगम-निगमसम्मत हो । श्रीगुरु आफ्नो तप शक्ति शिष्यको अन्तरमा सञ्चार गरेर उसलाई शान्तिमान गरिदिन्छन् । यी सम्पूर्ण कुराहरू गुरुको अहैतुको कृपाद्वारा नै सम्भव छ । गुरुमार्गको साधनावाट समस्त वासनाको नाश भएपछि गुरुकृपा लाभ हुन्छ । 'शिष्यको गुरुदर्शन' अनुशासनको उपसंहारमा भनिएको छ- 'वासनाको नाश जहाँ, शान्ति, शक्ति र मुक्ति पनि त्यहीं ।' यो शान्ति, शक्ति र मुक्ति नै शिष्यको एक मात्र गुरुदर्शन हो ।'

भूमिकामा भनिएको थियो- "गुरुको कृपा, गुरुको आशीर्वाद र गुरुको शुभदृष्टिलाभ हुनु नै गुरुदर्शन हो ।" यी दुई उक्तिहरूमा वास्तवमा कुनै विरोध छैन किन भने शान्ति, शक्ति र मुक्ति गुरुकृपाले मात्र पाउन सकिन्छ । गुरुकृपानुभूति र गुरुदर्शनको अर्थ एउटै हो । अत: वास्तवमा शान्ति, शक्ति र मुक्ति गुरुदर्शनवाट भिन्न छँदैछैन । अर्को शब्दमा भन्नुपर्दा- शान्ति, शक्ति र मुक्तिलाभ नै गुरुदर्शन हो, र गुरुदर्शन भएपछि नै शान्ति, शक्ति र मुक्ति प्राप्त हुन्छ । संक्षेपमा भन्न सकिन्छ: श्रीगुरुकृपा शिष्यमाथि शान्ति, शक्ति, र मुक्तिको रूपमा वर्षित हुन्छ ।

उपसंहार

'शिष्यको गुरुदर्शन' शीर्षक निवन्धनमा जुन तत्त्वको घोषणा भयो, संघनेता श्री श्री आचार्यको जीवनको दिव्यलीलामा त्यो तत्त्व सार्थकरूप प्राप्त छ । उनी असंख्य सन्यासीहरू र गृहस्थी शिष्यहरूका परित्ताता गुरु दिए । उनको भागवत् जीवनको पवित्र सानिध्यमा विचित्र प्रकृतिर विभिन्न संस्कारका लाखौं नर-नारीहरू आए । सबैको वहाँले परम स्नेहले आश्रय दिनुभयो । कसैलाई पनि वञ्चित गर्नु भएन । प्रत्येक व्यक्तिलाई उनीहरूकै आ-आफ्नै अनुरूप शिक्षा-दीक्षा दिनुभयो ताकि उनीहरू समस्त वासनावाट मुक्त भएर शान्ति, शक्ति र मुक्तिका अधिकारित्त्व भए । भागवत् पुरूष कृपाको वर्षा गराउन मर्त्यलोकमा आउनुभएको थियो । त्यो भागवती धाराको कृपा अविरलरूपमा विभिन्न आधारमा वर्षित भयो । कति आधारमा, कति रूपमा, कति तरहले यो करूण अभिव्यक्त भयो को भन्न सक्छ ?

प्रत्येक गुरुभक्तको जीवनमा एउटा महासत्यको अनुभव जीवित छ, त्यो हो- 'गुरु कृपा हि केवलम् ।' परमनिष्ठा, श्रद्धा र समर्पणका साथ श्रीगुरुको आश्रय ग्रहण गरेपछि यसै जीवनमा गुरुदर्शन सम्भव छ ।

अनुवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

सेवा, धर्म र सार्थक जीवन

– प्रणसेवक

मानव जीवनको प्रमुख ध्येय जीवनलाई सार्थक बनाउनु हो। सार्थक मनको जीवनको चरमसिमालाई प्राप्त गर्नु हो। हाम्रा धर्मशास्त्रहरू- वेद-वेदाङ्गहरूले यसलाई जीवन मुक्तजीवम् भनेर भनेका छन्। स्वामी प्रणवानन्दजी महाराजले आफ्नो अमूल्य संघ वाणीमा पनि उद्देश्य के हो भन्दा आत्मा उपलब्धि भनेर बडो दृढताका साथ उद्घोस् गर्नुभएको छ। परन्तु आत्मा-उपलब्धि त्यति सजिलो र सहज भने छैन। आत्मा-उपलब्धि या सार्थक जीवन जे होस्- यसलाई हाम्रा प्राचीन ऋषिमुनि र साधु-सन्तहरूले सो महसुस गरी यसलाई कसरी प्राप्त गर्ने भन्ने विषयमाथि सयौं वर्ष साधनारत् भएर शास्त्रमा केही सहज जीवन सूत्रहरू दिनुभएको छ।

सेवा : सेवालाई प्रायः संसारका सम्पूर्ण धर्मशास्त्र र संतहरूले प्रमुख स्थान दिएका छन्। सेवा भन्नाले सामान्यतः अरू कुनै पनि प्राणीप्रति गरिने निस्काम कार्य। सेवा भन्नाले अरूप्रति गरिने उपकार जसको बदलामा केही पनि अपेक्षा नगरियोस्। ऋषि व्यासजीले सम्पूर्ण अठार पुराणहरूको निचोडमा यही कुरा दोहोऱ्याउनु भएको छ :

उष्ठादशे पुराणेश व्याससयो वचन दोयम्
परोपकाराय पुण्यायम पापाय परापीडानम्।

परोपकार सर्वश्रेष्ठ पुण्य हो र पीडा चाहिँ सबैभन्दा ठूलो पाप हो। त कुरा सिधा छ- अरूलाई सेवा गऱ्यो भने पुण्य हुन्छ अनि अरूलाई पीडा पुऱ्याइयो भने पाप हुन्छ। तर आज यस्तो सेवा त पाइँदैन पाए पनि निष्कामतः पाइँदैन पक्कै पनि। सेवालाई हामीले भौतिक प्रसिद्धि, मनोकामना पूर्ति र सांसारिक जीवनका सानातिना वस्तुहरूको उपलब्धिको साधन मानेऊ। पूर्वजको परम उपलब्धिको दिव्य मोती निस्कृष्टताको अति फोहर गल्लीमा पऱ्यो। खेद यसमा भएको हो। स्वामी विवेकानन्दजीले "दरिद्रदेव भव" भन्नाका पछाडि वडो ठूलो भविष्द्रष्टा भाव छ- यो बुझेर यसमा हिड्नु आवश्यक छ र अनिमात्र हामी पुनः त्यो स्वर्णीम सिंहासनमा पुग्न सक्छौं जुन आज हामी शास्त्रमा पढ्छौं :

सर्वेभवन्तु सुखिनाम् सर्वेसन्तु निरामय
सर्वेभद्राणी पश्यन्तु मा कश्चित दुःख भावभवेत्।

अन्यथा केवल एउटा शास्त्र रोमाञ्च मात्र हुनेछ। शास्त्र रोमाञ्च भन्नाले- शास्त्र उपन्यास। शास्त्र उपन्यास भन्नाले- शास्त्रको खिल्ली उडाउनु। तर होइन यो वडादशैं- दुर्गा पूजादेखि हामी यसरी संकल्परत हुन्छौं जसरी महाकवि संत तुलसीदासले भन्नुभएको छ :

"परहित सरसी धर्मनै भाई परपीडा सम्माई अर्धमाही।"

अरूप्रति दया र प्रेम नै यो संसार स्वर्ग तुल्य छ।

धर्म : धर्मलाई संसारभरिका मान्छेले सबैभन्दा धेरै अँगालेका छन्। धर्म पृथ्वीको सर्वश्रेष्ठ मानव उपलब्धि पनि हो। धर्मसम्बन्धी ठूला युद्ध र संघर्ष पनि भए। यस्तै धर्मका नाममा विद्वान्हरूले ठूल्ठूला ग्रन्थ लेखे र धनी राष्ट्रहरूले करोडौंको राशी यसै धर्मका लागि खर्च गरे- गर्दैछन्। बडो राम्रो कुरा हो। अत्यन्तै प्रसंशनीय विषय पनि हो। तर धर्मलाई बुझेर यसलाई पालना गर्ने र यसको चरमतालाई प्राप्त गर्ने मानिस सायद संसारमा सबैभन्दा थोरै र कम संख्या छन्। तथाकथित धर्म इसाई मान्नेहरू त संसारमा सबैभन्दा धेरै छन् रे, दोस्रोमा मुसलमान रे! हिन्दूहरू अन्तिमको संख्यामा। यो आँकडा इसाइहरूले बनाए र मुसलमानहरूले माने र आफूलाई दोस्रो संख्यामा भएकोमा बडो खुसी माने तर हमीलाई त यस्तो खबर थाहा छैन पनि र हामीले मानेको पनि छैन- ठीक छ तपाईंहरू मान्नु होला तर म त कतै मान्ने पक्षमा छैन। मान्नु हुँदैन। त के यिनीहरूले धर्म बुझे होलान् त? त के यस्तोको संख्यामा धर्म बुझ्ने, धर्म-प्रेमीहरूले पैसा-कपडा र भौतिक लोभ देखाएर आत्मा परिवर्तन गर्छ या त्यो निष्काम सेवा गर्छ जो आज स्वामी प्रणवानन्दका लाखौं गैरिक वस्त्रधारी सन्यासी र ब्राह्मचारीहरू बाडी, तुफान, भोक, महामारी र दैवीप्रकोप जस्ता कार्यमा त्यान्द्रो प्राणसम्म दिन-रात लागेका छन्। त के त्यो आत्माको आत्यान्तिक भावले स्वामी विवेकानन्दले भन्नुभएको थियो- दरिद्रादेवीभवः यदि यस्तो निस्काम कार्य यिनीहरूबाट भएको छ भने म आजै, अहिले नै माथिको आँकडा मान्न र यसलाई स्वीकार्न तयार छु। अंग्रेजीमा त साँच्चै भन्ने हो भने निस्काम कार्य भन्ने शब्दै छैन।

धर्म भन्नाले "धर्मधारयत इति धर्म"। धर्म भन्नाले धारणको विषय हो। शरीरले धारण होइन आत्माले धारण गर्ने विषय हो। वडो कठीन छ- धेरैका संख्याहरू त शरीरवादी नै छन्- ठूला-ठूला धर्म प्रचारकहरू त कामनावादी नै छन्- ठूला ठूला धर्मग्रन्थ लेखक त प्रसिद्धिवादी नै छन्। सम्मान र मानवादी नै छन् त खोई यी महासयहरूले आत्मको अनुभुति के गरे होलान र? म यी महासयहरूबाट विश्वस्त हुन सक्तिन र सक्नु हुँदैन पनि। यो गर्नु भनेको आत्मघात हो। आत्मघात हुनु भनेको ईश्वर प्राप्तिको राजमार्गमा पक्षघात हुनु हो। धर्म त्यहाँ फुल्न सक्छ जहाँ निस्काम कार्य होस्। धर्म फुल्न सक्छ जहाँ निस्काम कार्यका विविध फल भर्न सकैन। मानव-मानवमा सहयोग र प्रेम वडोस्। प्रत्येक प्राणी खुसी र सुखी रहन सकुन्। एक-आपसमा रत्तिभर पनि वैरभाव, द्वेष, ईर्ष्या र मलिनता नरहोस्। हो त्यसैले यो धर्ममा धार्मिकताका लागि हाम्रा ऋषिमुनिहरूले "सेवा" लाई प्रमुख सूत्रका रूपमा मानेका हुन्। सेवाकार्यलाई जीवन मुक्त या आत्मा-उपलब्धिको प्रमुख कशौटी मानेका छन् र त्यसपछि मात्र साधकले धर्मको वास्तविक अनुभूति प्राप्त गर्न सक्छ। भनौं एउटा स्थिति निर्माण हुन्छ जहाँबाट हामी जीवनको परमोपलब्धि प्राप्त गर्न सक्छौं।

सार्थक जीवनः पहिला त हामीले जीवनलाई अति राम्रोसँग बुझ्नु-जान्नु आवश्यक छ। प्रायः अधिकांशतः जीवन अनुभूति बिना नै जीवन बाहिर हुन्छन्। मर्छन्। अब सार्थक जीवन भन्ने कुरा त अति माथ्लो हो। यदि हामी जीवनको परिचयबाट वञ्चित छौं भने जीवनलाई सार्थक बनाउने त विषय नै अविज्ञ हुनेछ। जसले माझी र नाउको नै परिचय पाएको छैन त्यो कसरी सरोवर सरीता पारगर्ला? हामी प्रायः त यस्तै छौं माझीरूपी कर्म र जीवन रूपी नाउँको परिचय पाए विना नै हामी जीवनरूपी सरोवर पार गर्ने बडो हचुवा प्रवृत्तिले जीवन सार्थक बनाउने एंमानको कार्य गर्न गइरहेका छौं। धिक्कार छ यस्तो घृणित मनोकांक्षालाई! जीवन सार्थक न कसैले माला लगाएर मञ्चमा सजाउँदा हुन्छ न तथाकथित संघ-संस्थाहरूले दिएका तक्मा र प्रसंशाहरूले हुन्छ न दूरदर्शनको पृष्ठमा प्रवचन गर्दै गरेको प्रतिविम्ब आउँदैमा न हुन्छ जीवन सार्थक अति कलुष तितौ-घण्ड र पाण्डित्याईंको कालो प्रवचनको तालीको गडगडाहटमै। यो सेतो झुट हो। सिधा राजनीति हो- व्यापार र धन्दा ममताको भुण्टे फुच्चे प्यासमात्र किवा।

जीवन सार्थकताको अनुभूति व्यक्ति स्वयंले गर्ने विषय हो। जीवन सार्थक आत्मा फुलेको अमर र अजर जीवन पुष्प हो। जीवन सार्थक भनेको परहितको सेवा र सुसूश्रामा मौलाएको सेवा, दया, करूणा र प्रेमको बाटोहो। जीवन सार्थक त तब हुन्छ जब हामी बुझ्छौं साँच्चै नै यो जीवन भनेको अरूको सेवामा चढाउने वली हो, अरूको उपकार र भलाइमा दिने जीवनदान हो। तर यस्तो कहाँ-मान्छे बाटो र यति चलाख छ नीरपराध बोका-खसी र राँगा-भैसीको वली दिएर पन्छ्यो। दुई पैसा भेटी चढाई तर्किएर भाग्यो। भाग्यो अनि जीवनको अति दिव्य हिरादेखि। हाम्रा सम्पूर्ण पूर्वजहरूले के कस्तो कार्य गरेनन्? के हाम्रा ऋषि दधिचि, व्यास, मिरा, दयानन्द, विवेकानन्द, प्रणवानन्द के ओछ्यानमै सुती-सुती कायर भएर मरे? या आफ्नो घर-कटेरो र व्यक्तिगत पैसा-कागज संकलनमै मरे? यो अत्यन्त सोचनीय र मननीय विषय हो र जीवन सार्थकताको पूर्ण दर्शन यिनै हाम्रा महापुरूषहरूमा छर्लङ्ग हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDI

प्रणवानन्द आश्रम, नेपालको छोटो चिनारी

– सेवक

प्रणवानन्द गुरुको नामवाट नामाङ्कित यो आश्रम भारत सेवाश्रम संघ, भारतका ब्रह्मचारी श्री संजयको सक्रियतामा वि.सं. २०५३ साल माघमा स्थापना भएको हो ।

प्रणवानन्द नाम भएका युगाचार्यको जन्म भारतको वाजितपुर नाम गरेको गाउँ (हाल बंगलादेश) मा सन् १८९६ मा एक परम शिवभक्त मध्यम वर्गीय कायस्थको घरमा भएको थियो । उहाँलाई भगवान् शिवको अवतार मानिन्छ । युगाचार्य प्रणवानन्दजी महाराजले आफ्नो बाल्यकालदेखि नै धेरै अनौठा शक्तिहरूको परिचय जनमानसमा दिन थाल्नु भयो । उहाँले विश्वका सम्पूर्ण मानिसहरूलाई एक-आपसमा प्रेमको सूत्रले बाँधिएर रहन विभिन्न नीति निर्देशनहरू दिएर जानुभएको छ । तीर्थस्थल सुधार, हिन्दूधर्मको प्रचार-प्रसार, तीर्थ संस्कार तथा अनाथ, असहाय र पीडितहरूको दुःख निर्मूल पार्न एउटा कल्याणकारी संस्था 'भारत सेवाश्रम संघ' स्थापना गर्नुभयो । सेवाश्रम संघका शाखा-उपशाखाहरूले भारतका कुना-काप्चा लगायत संसारका विभिन्न भूमिमा स्थापित भएर वेसहारा, पीडित मानिसहरूलाई आश्रय तथा सेवा पुऱ्याउनुका साथै संसारवाटै लोप हुने स्थितिमा रहेको हिन्दूधर्मलाई जीवित राख्न ठूलो प्रयास गरिरहेका छन् ।

युगाचार्य श्री प्रणवानन्दजी महाराजको उद्देश्यलाई पुरा गर्न ब्रह्मचारी श्री संजयवाट नेपाली भूमिमा अनाथ र असहाय रहेका बालकहरूलाई तिनको व्यथावाट मुक्त पार्ने प्रयास भइरहेको छ ।

प्रणवानन्द आश्रमको उद्देश्य अनाथ/असहाय बालकहरूलाई पालनपोषण र शिक्षा प्रदान गर्नु त छँदैछ, बालकहरूलाई सुयोग्य र चरित्रवान बनाउनु पनि संघको उद्देश्य रहेको छ। 'हिन्दू' शब्दको वास्तविक अर्थ सम्पूर्ण जनमानसमा फिँजाएर सनातन हिन्दूधर्मको संरक्षण तथा सम्वर्द्धन गर्दै लैजाने कामलाई पनि आश्रमले अँगालेको छ। आफ्ना देशमा हिन्दूधर्मको वास्तविक अर्थ नबुझेर पराई धर्म अँगाल्न पुगेका मानिसहरूलाई हिन्दूधर्मको महानतावारे प्रचार प्रसार गरी स्वधर्म पालन गर्न सहयोग पुऱ्याउने अठोट पनि आश्रमले लिएको छ । आफ्ना यिनै उद्देश्यहरूको पूरा गर्ने सिलसिलामा यस आश्रमले देशमा विभिन्न ठाउँमा रहेका अनाथ/असहाय बालकहरूलाई काठमाडौं ल्याई पालन पोषण तथा शिक्षादीक्षा प्रदान गरिएको छ ।

प्रणवानन्द आश्रम समाजभित्र रहेका उपेक्षित, अनाथ तथा असहाय बालकहरूलाई आश्रय दिएर उनीहरूको जीवन पद्धति सुधार गर्ने सामाजिक तथा धार्मिक स्थल हो । आफ्नो स्थापनाकालदेखि नै यस आश्रमले संरक्षक, ब्रह्मचारी श्री संजयको नियन्त्रणमा रहेर अनाथ/असहाय बालकहरूको पालन-पोषण तथा शिक्षा-दीक्षा दिँदै आएको छ ।

यस आश्रममा अहिले ४२ जना अनाथ/असहाय बालकहरू, ३ जना बालकहरूको सेवा तथा भोजन बनाएर खुवाउने सेवकहरू, बालकहरूलाई शिक्षा प्रदान गर्ने ४ जना अध्यापकहरू र यस संस्थाका संस्थापक, संरक्षक १ जना गरी जम्मा ५० जना सदस्यहरूको एउटा परिवार बनेको छ ।

आश्रममा बालकहरूको औपचारिक पढाइका साथै अनौपचारिक रूपले अध्यात्मिक पढाइ पनि पढाइन्छ । आश्रममा वस्नेहरूको दिनचर्या धार्मिक रूपमा व्यतीत भइरहेका हुन्छन् । हिन्दूधर्मलाई जगाइराख्न आश्रमममा नित्य वैदिक विधिअनुसार पूजा-अर्चना गर्ने गरिन्छ । विशेष चाडपर्वमा विभिन्न किसिमका सेवामूलक शिविर सञ्चालन गरेर जन-मानसलाई हिन्दूत्वको वारेमा मौन रहेर ज्ञान प्रदान गर्ने काम आफ्नो स्थापनाकालदेखि आश्रमले गर्दै आएको छ ।

उदाहरणको रूपमा वर्षेनी हुने विजयादशमीको उपलक्ष्यमा दुर्गापूजा महोत्सवमा माता दुर्गाको मूर्ति बनाएर पूजा-अर्चना गर्ने, श्रद्धालु भक्तजनहरूलाई प्रसाद वितरण गर्नेजस्ता क्रियाकलापहरू हुने गर्दछन् ।

२०५४ सालको दुर्गापूजा महोत्सव गौशाला 'अनुष्मा गेष्ट हाउस' को प्राङ्गणमा सु-सुम्पन्न भएको थियो । २०५५ सालको 'दुर्गापूजा महोत्सव' वनकाली धर्मशाला पछाडि रहेको खुला चौरमा सम्पन्न भएको थियो । धेरै श्रद्धालु भक्तजनहरूले यस महोत्सवमा उपस्थित भएर दुर्गामाताको आशीर्वाद प्राप्त गर्नु भयो । २०५६ सालको दुर्गापूजा सिफलस्थित आश्रमको प्राङ्गणमा सम्पन्न भएको थियो । दुर्गापूजामा विशिष्ट व्यक्तिहरूको पनि समुपस्थिति हुने गर्दछ । भारत सेवाश्रम संघ गुवाहाटी शाखाका मठाधीश श्री साधनानन्दज्यू पनि यस महोत्सवमा उपस्थित भएर आश्रमको गौरवलाई उँचो पार्न सहयोग पुऱ्याउनु भएको छ । धेरै भक्तजनहरूको आगमनले गर्दा दुर्गापूजामा निकै रमाइलो हुने गर्दछ ।

दुर्गापूजा विशेष गरेर फूलपातीदेखि महानवमीको रातसम्म धुमधामका साथ मनाउने गरिन्छ । दुर्गापूजामा उपस्थित हुनुभएका सवै भक्तजनहरूलाई फूल-प्रसाद वितरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिन्छ र दशमीको दिनमा दुर्गामाताको मूर्तिलाई नदीमा लगेर सेलाइन्छ ।

यस्तै किसिमका धार्मिक क्रियाकलापहरू अन्य विभिन्न चाडपर्वमा आश्रमले आयोजना गर्दै आइरहेको छ । २०५६ सालको शिवरात्रिको पावन अवसरमा पशुपतिक्षेत्र विकास कोषको प्राङ्गणमा साधुसन्तहरूलाई जलपान वितरण गर्ने त्रिदिवसीय शिविर सञ्चालन गरेर आश्रमले श्रीपशुपतिनाथका दर्शनार्थी साधु सन्त तथा भक्तजनहरूलाई सेवा पुऱ्याएको थियो ।

बालकहरूको बौद्धिकता वृद्धि गर्नको लागि आश्रममा विभिन्न कार्यक्रमहरू गरिन्छ । हाजिरी जवाफ, निबन्ध, वक्तव्यकला प्रतियोगिता जस्ता बौद्धिक क्रियाकलापहरू समय-समयमा यहाँ हुने गर्दछन् ।

२०५६ सालको वडा दशैंको उपलक्ष्यमा उपत्यकाव्यापी अन्तर प्राथमिक विद्यालयस्तरको हाजिरी जवाफ प्रतियोगिताको आयोजना गरिएको थियो । यस प्रतियोगितामा उपत्यकाभित्रका धेरै विद्यालयका विद्यार्थीहरू सहभागी भएका थिए । जसमा प्रणवानन्द आश्रमका विद्यार्थी प्रथम स्थान हासिल गर्न सफल भएका थिए ।

हिन्दूधर्मलाई जगाई राख्न आश्रममा नित्य वैदिक रूपले साँझ-विहान दुवै समय गुरु महाराजजीको पूजाअर्चना हुने गर्दछ । समय समयमा आश्रमभित्र हवन, यज्ञ गर्ने गरिन्छ । सेवाश्रममा दैनिक हुने नित्य पूजामा आश्रम परिवारका सबै सदस्यहरू संलग्न हुन्छन् यस्तो पूजा नित्य समयमा हुने गर्दछ । बिहानको पूजा ५ बजेदेखि ६ बजेसम्म हुन्छ । साँझको पूजा ६.३० बजेदेखि ७.३० बजेसम्म हुने गर्दछ । पूजाको समय सुरू हुनुभन्दा अगाडि केही समय भजन किर्तन गर्ने गरिन्छ ।

आश्रमभित्र शाकाहारी भोजन मात्र पाक्ने गर्दछ । मांसाहार तथा लसुन, प्याज आदिलाई आश्रमको भोजनमा समावेश गराइन्न । पान, सुपारी, धुम्रपान तथा चिया आश्रमको परिधिभित्र जसकसैलाई पनि ग्रहण गर्न मनाही गरिएको छ । भोजन ग्रहण गर्ने क्रममा बिहान ७ बजे दूध र भिजाएको काँचो चना सबै बालकहरूलाई दिइन्छ । ९.३० बजे भोजनको रूपमा भात, दाल, तरकारी हुन्छ । दिउँसो ४.३० बजे खाजा दिइन्छ भने रातिको खानामा भात, दाल, तरकारी हुने गर्दछ ।

तर शनिबार भने बिहानको खाजा ८ बजे र खाना १२ बजे हुन्छ । यस दिनमा भात, दाल, पनिरको तरकारी, मौसम अनुसारको ताजा सुख्खा तरकारी हुन्छ । रातिको भोजनमा भात, दाल, आलु, नून सबै एकै ठाउँमा मिसाएर पकाइएको खिचडी खाने गरिन्छ । यस खानाको साथमा अचार/पापड/घ्यू पनि समावेश गर्ने गरिन्छ । नित्य भोजन यसअनुसार भए पनि कहिलेकाहीँ बाहिरबाट तयार गरेर ल्याइएको शुद्ध शाकाहारी भोजन इच्छुक व्यक्तिहरूले आश्रम परिवारलाई खुवाउने पनि गर्नु भएको छ ।

सेवाश्रम परिवारका सदस्यहरू प्रातः ५ वज्नुभन्दा पूर्व नै आफ्नो विस्तारा छोडिसक्छन् भने राति ९ बजेपछि विश्राम गर्दछन् ।

यस सेवाश्रममा ४ देखि १५ वर्षसम्मका अनाथ/असहाय बालकहरू रहेका छन् । बालकहरूलाई सजिलो होस् भनेर संरक्षकले आश्रमभित्र शिक्षकहरूलाई बोलाएर बालकहरूलाई अध्यात्मिक तथा भौतिक शिक्षा दिँदै आउनुभएको छ । यस संस्थाले समयानुकूल शिक्षा नीति अँगालेको छ । अंग्रेजी शिक्षाको साथसाथै अनौपचारिक रूपमा वैदिक शिक्षा (संस्कृत) पनि दिइन्छ । बिहान ७-१५ देखि ८-१५ बजेसम्म - एक घण्टा) सबै विद्यार्थीहरूलाई एकै ठाउँमा राखेर अध्यापन गराइन्छ । १०.३० देखि ३.३० बजेसम्म आधुनिक बोर्डिङ स्तरको झैं पढाइ गरिन्छ । यस पढाइमा बालकहरूलाई नर्सरीदेखि कक्षा ५ सम्मको स्तर निर्धारण गरी बेग्लाबेग्लै समूहमा राखेर अध्यापन गराइन्छ ।

सेवाश्रमभित्र अध्यापन गराउने शिक्षकहरू पनि आध्यात्मिक चिन्तन/मननमा केही समय विताउने भएको हुँदा साना बालकहरूमा आध्यात्मिक संस्कारको विकासमा निकै ठूलो टेवा पुगेको देखिन्छ । सेवाश्रमका वयस्क सदस्यहरू सबैमा सेवाको भाव अन्तर्आत्मादेखि नै रहेको हुँदा आश्रमको उत्थान दिनानुदिन हुँदै गैरहेको छ ।

माथिका वाक्यहरूको अध्ययनबाट हामीलाई 'प्रणवानन्द आश्रम' को बारेमा छोटो जानकारी पाएपछि आश्रम सञ्चालनको लागि आवश्यक आर्थिक व्यवस्था कसरी मिलाइएको होला भन्ने जिज्ञासा जसकसैलाई पनि लाग्न सक्दछ । तसर्थ त्यसको बारे लघु चर्चा गर्ने जमर्को गरिएको छ ।

सेवाश्रमका क्रियाकलापहरू सु-सञ्चालन गर्नको निमित्त आवश्यक पर्ने रकम स्वदेशभित्र रहनुभएका स्वदेशी समाजसेवी, साहु, महाजन, इच्छुक दाताज्यूहरूबाट दिइएको दान तथा सर-सहयोगबाट पूर्ति हुँदै आइरहेको छ । तर आश्रमको विस्तार निम्ति भने अर्थोभावका कारण केही विलम्ब हुन गइरहेको छ । तसर्थ ईच्छुक व्यक्तिहरूबाट यस कार्यमा सर-सहयोगका लागि आश्रम सदा अपेक्षा गर्दछ ।

यस सेवाश्रमको मासिक खर्च रू. ७०,०००।- हुने गर्दछ । कुन शीर्षकमा के कति खर्च हुन्छ त ? भन्ने जिज्ञासा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

मेटाउन यसै लेखको अन्त्यमा "आश्रमको खर्च विवरण" उल्लेख गरिएको छ।

सेवाश्रमको आफ्नो स्थायी घर तथा जमीन अर्थोभावको कारण अहिलेसम्म नभए पनि भविष्यमा हुने कुरा पक्का भएको छ। यसै कारणले गर्दा आफूलाई अनुकूल पर्ने गरीसमयानुसार स्थान परिवर्तन नीतिनुरूप आश्रम विगत एक वर्ष २०५६ श्रावण १ गतेदेखि कालोपुल सिफल हाइट, काठमाडौं मा रहँदै आएको छ।

निष्कर्षमा भन्नुपर्दा 'प्रणवानन्द आश्रम' एउटा विशुद्ध सेवामूलक धार्मिक संस्था हो। यस सेवाश्रमका आचरणहरू भारत सेवाश्रम संघबाट अभिप्रेरित छन्। यसले समाजका निम्न वर्गहरूको उत्थानार्थ आफ्नो समय खर्च गर्दछ। समाजमा देखिने पीडादायक गतिविधिहरूको नियन्त्रण गर्दछ। आउँदा दिनहरूमा यस आश्रमले नेपालका अन्य भू-भागमा पनि आफ्ना शाखा-उपशाखा खोलेर त्यहाँ रहेका दीन दुःखीहरूको सेवा गर्ने लक्ष्य राखेको छ।

हाल आश्रममा ४२ जना अनाथ तथा असहायले आश्रमका साथ विद्यार्जन गरिरहेका छन् भने आर्थिक स्थिति निम्न भएका आश्रम छेउछाउमा बस्ने दशजना वालकहरूले शिक्षार्जन गर्ने अवसर प्राप्त गरेका छन्।

प्रणवानन्द आश्रमको दैनिक तथा मासिक खर्चको विवरण

		दैनिक			मासिक		
क्र.सं.	विवरण	परिमाण	दर	जम्मा रू.	परिमाण	दर	जम्मा रू.
०१.	चामल	१८ केजी	२२	३९६.००	५४० केजी	२२	११८८०.००
०२.	दाल	२.५ केजी	४५	११२.५०	७५ केजी	४५	३३७५.००
०३.	तरकारी	-		३००.००	-	-	९०००.००
०४.	मट्टितेल	७ लिटर	१३	९१.००	२१० लि	१३	२७३०.००
०५.	चना	२ केजी	३५	७०.००	६० केजी	३५	२१००.००
०६.	दूध	२० पाउण्ड	११	२२०.००	६०० पा.	११	६६००.००
०७.	बिस्कुट/पप/ मुरी/च्यूरा	-	-	१००.००	-	-	३०००.००
०८.	घरभाडा	-	-		-	-	१३०००.००
०९.	विद्युत महशुल	-	-		-	-	१५००.००
१०.	पानी महशुल	-			-	-	३००.००
११.	फोन	-	-		-		५००.००
१२.	तलब	-			-		८०००.००
१३.	स्टेशनरी	-	-				१०००.००
१४.	दवाई		-		-		१०००.००
१५.	लत्ता कपडा	-	-		-		३०००.००
१६.	पूजा	-	-		-	-	१०००.००
१७.	गाडी भाडा	-	-		-	-	१०००.००
१८.	खेलकुद	-	-		-	-	५००.००
१९.	अतिथि सत्कार	-			-		७००.००
							जम्मा रू.७०१८५.००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बडादशैंको महत्त्व र विद्यार्थीको भूमिका

"आयो दशैं, दशैं आयो, सब घरघरमा नवकान्ति छायो।" बडादशैं नेपालकै सबैभन्दा महत्त्वपूर्ण एवं महान् चाड हो। नेपाल विश्वकै एक मात्र हिन्दू अधिराज्य भएका कारण विशेषतः नेपालमा हिन्दू चाडपर्वहरू नै मानिन्छन्। कहीँ कहीँ भने यसको अपवाद हुन सक्छ। बडादशैं भन्ने बित्तिकै सबै मानिसहरू निधारमा रातो टीका, शिरमा पहेंला जमरा तथा शरीरमा नयाँ वस्त्र अनि अनुहारमा मीठो खानाको मधुर मुस्कान भन्ने बुझिन्छ। मानिस नयाँ लुगा लगाउन र मीठो-मीठो खाना खान वर्षदिन भने पनि बिताइदिन्छन्।

बडादशैं आफैंमा महान् छ। यो एक परम्परा, रीतिरिवाज र जीवनशैलीको महान् पावन अवसर हो। दशैंको शुरूवातका सम्बन्धमा धेरै अनुश्रुतिहरू पाइन्छन्। तीमध्ये पनि पौराणिक एवं धार्मिक कथन नै पहिला आउँछ। परापूर्व कालमा देवता र दानवबीच घमासान युद्ध परेछ, जति गरे पनि देवताहरूले दानवहरूलाई दमन गर्न नसकेपछि देवताहरू श्रीदुर्गा भवानीको शरणमा परेपछि श्री दुर्गा भवानीले प्रचण्ड रूप लिई ती दानवहरूको संहार गरेकी थिइन्। त्यसै दिन देवताहरूले विजय उत्सवको उपलक्ष्यमा हर्कबढाइँ गरेछन्। त्यो दिन, जुन आश्विनशुक्ल दशमीका दिन पर्छ, हामी विजयादशमी अर्थात् बडादशैंको रूपमा मनाउँछौं। त्यस्तै त्रेता युगमा राक्षस रावणको अन्याय, अत्याचारले गर्दा पृथ्वी काँपेकी थिइन्। मानव सभ्यता नै अंगभंग हुन थालेको थियो। साक्षात भगवान् श्री रामले रावणलाई परमधाम पुऱ्याई सम्पूर्ण लोकको हित गर्नुभएको थियो। त्यसै दिनलाई हामी विजया दशमीको नाउँले चिन्छौं।

त्यस्तै आश्विनशुक्ल दशमीलाई मानिसले यसको नाम रूपान्तरण गर्दै 'दशैं' बनाएका हुन्। मूलतः दशैं चाड आश्विन शुक्ल प्रतिपदादेखि आश्विनशुक्ल पूर्णिमासम्म मनाइन्छ। पहिलो दिन अर्थात् आश्विनशुक्ल प्रतिपदाका दिन जलपूर्ण कलशको स्थापना गरिन्छ र पवित्र माटो र बालुवामा जौ, मकै, धान, गहुँ छरी जमरा रोपिन्छ। त्यस दिनलाई हामी 'घटस्थापना' का नामले चिन्छौं। त्यसैगरी हामी नौ दिनसम्म दुर्गा भवानीको पूजा गरी 'दुर्गा सप्तशती' र 'चण्डी' पाठ गर्छौं। त्यो नौ दिनको समयलाई हामी 'नौरथा' वा 'नवदुर्गा' भन्छौं। विशेषतः सप्तमीमा फूलपाती मनाइन्छ, अष्टमीमा महाअष्टमी वा कालरात्रि मनाइन्छ भने नवमीमा महानवमी पर्व मनाउँछौं। नवदुर्गाहरूमा क्रमशः शैलपुत्री, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदात्री पर्दछन्। बडादशैं अर्थात् विजयादशमीको दिन आफ्ना मान्यजन र मातापिताबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्दछौं। विजयादशमीको समयमा सम्पूर्ण सरकारी कार्यालय तथा अड्डा अदालत र विद्यालय पनि बन्द रहने हुनाले विद्यार्थीहरू पनि मामाघर या अन्त कतै आफन्तकहाँ जाने गरिन्छ। दशमीको बेला सबैको निधारमा रातो टीका, शिरमा पहेंला जमरा अनि हर्षित अनुहार। त्यतिखेर सहर-बजार नै रङ्गीचङ्गी भए झैं लाग्छ। दशैंको बेलामा सबै मानिसहरू पिङ्गमा मच्चिन मनपराउँछन्। केटाकेटी, बूढाबूढी सबै फूलको जस्तो हँसिलो मुद्रामा हुन्छन्।

विजयादशमी विभिन्न पक्षमा महत्त्वपूर्ण मानिन्छ। धार्मिक पक्षमा, सत्यको विजय र अन्यायको पराजय भएको दिन र धार्मिक आस्थाको जगेर्ना हुने दिनको रूपमा लिइन्छ। त्यस्तै यसको सामाजिक पक्ष पनि निकै नै महत्त्वपूर्ण मानिन्छ। लाहुरेहरू आमालाई बुवालाई भेटने सपना लिएर आउने बेला, पढ्न गएको छोरो निधार भर्न आउने बेला, त्यस्तै ज्वाइँ छोरा र छोरीचेलीको जमघट हुने बेला दशमी अति महत्त्वपूर्ण चाड हो। ऋतु स्वच्छ, सफा र हराभरा हुने भएका कारण, पसिना र मेहनत बगाएर उब्जाएको बाली भित्र्याउने बखत अनि छुट्टिएका साथीभाइ र आफन्तको मिलन हुने क्षण 'दशैं' कसलाई नरमाइलो लाग्ला र ?

"आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई" भन्ने प्रसिद्ध उखानलाई हेर्दा आफ्नो गच्छेअनुसारको चाडपर्व मनाउँदा केही किसिमको अवरोध आउँदैन। यसको लागि सम्पूर्ण विद्यार्थीहरूले अज्ञान र अशिक्षित समाजलाई सुधार्ने कार्यमा आफ्नो हातले मात्र विद्यार्थीको सार्थकताको पहिचान हुन्छ। "घाँटी हेरी हाड निलौं" भन्ने सन्देश समाज र राष्ट्रका कुना-कुनामा फैलाउनु सम्पूर्ण विद्यार्थीहरूको कर्तव्य हो। विजयादशमीलाई मनोरञ्जनको रूपमा मानेर हदभन्दा बढी खर्च गरी मनाउनाले मनाउने स्वयंलाई नै ऋणमा डुबाउँछ। यदि दशैंलाई धार्मिक, ऐतिहासिक, पौराणिक, सामाजिक एवं प्राकृतिक दृष्टिले हेरेर आफूले सक्दो रूपमा मनाएमा मात्र दशैंको आध्यात्मिक मनोरञ्जन एवं परम्परा, रीतिरिवाज र राष्ट्रिय संस्कृतिको जगेर्ना हुनसक्छ।

अन्ततः आफ्नो राष्ट्रिय परम्परा, रीतिरिवाज, जीवनशैलीलाई सकारात्मक रूपमा लिनु विद्यार्थीहरूको शौभाग्य एवं अहोभाग्य हो। सांस्कृतिक विकृतिलाई जरैदेखि उखेली, सकारात्मक सांस्कृतिक प्रवृत्तिलाई बढावा दिनुमा विद्यार्थीको महत्वपूर्ण भूमिका हुन्छ। दशैं कसैलाई दशा नबनोस्, सम्पूर्ण प्राणी जगत्मा सत्यको नै सधैं विजय हुन्छ भन्ने भावना फिँजियोस्।

– युवराज तिमिल्सेना
कक्षा १०
पञ्चकुमारी अङ्ग्रेजी माध्यमिक विद्यालय, बनेपा।

(प्रणवानन्द आश्रमले आयोजित गरेको '२०५७' निबन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गरेको निबन्ध।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमी
२०५७ को
हार्दिक
शुभ कामना ।

तुलसी ट्राभल्स प्रा.लि.

प्रधान कार्यालय, महाबीर चोक, विराटनगर, फोन नं. २४२६५
मुख्य शाखा कार्यालय, सुन्धारा, काठमाडौं, फोन नं. २२४३१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमी
२०५७ को
हार्दिक शुभकामना

NMB
BANKING & FINANCE

नेपाल मर्चेन्ट बैंकिंग एण्ड फाइनान्स लिमिटेड
NEPAL MERCHANT BANKING & FINANCE LTD.
I.J. Plaza, Durbar Marg, Kathmandu, Nepal, Post Box No. 11543, Phone No. 246160
Fax No. 246156, E-mail : nmb@mos.com.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमी २०५७ को पुनित उपलक्ष्यमा समस्त देशवासीहरुमा नव दुर्गा भवानीले कल्याण गरुन् हाम्रो मंगलमय शुभकामना ।

कान्तिपुर पब्लिकेसन प्रा.लि.

विजया दशमी एवं दीपावली २०५७ को पुनित उपलक्ष्यमा समस्त देशवासीहरुमा नव दुर्गा भवानीले कल्याण गरुन् हाम्रो मंगलमय शुभकामना ।

Sanjaya Nikhil International

Yatkha Tole, Kathmandu
Ph. 266775
Deals in- Household and Glass Ware

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमी २०५७ को हार्दिक शुभ कामना ।

KAMANA PLASTICS

श्री पोलिथिन एण्ड प्लाष्टिक उद्योग (प्रा.)लि.
कामना प्लाष्टिक उद्योग
नेशनल प्लाष्टिक ईण्डष्ट्रिज (प्रा.) लि.

शो रूम
पुतलीसडक, रामशाहपथ
फोन : ४१७८३०
फ्याक्स : ४२३५६५
E-mail: m.ghimire@yahoo.com

कारखाना:
बालाजु बजार, काठमाडौं ।
फोन : ३५०१३३, ३५०२३९
जि.पि.ओ.बक्स नं.: १६५३

उत्पादनहरु : पोलिथिन सिट्स, ब्याग, नर्सरी ब्याग, एच.एम. ब्याग, पि.पि. ब्याग, पि.पि. सुतली, नाइलन डोरी साथै रोटोग्राभियर र फैल्कसो ग्राभियर दुवै तरिकाबाट ६ कलरसम्म स्तरीय प्लाष्टिक प्रिन्टिङ्ग समेत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजया दशमी २०५७ को
हार्दिक शुभ कामना ।

Atul DIESEL GENERATING SETS

WITH
IS: 10001
ENGINE.



Buy or hire Atul generating sets.
Readily available in
5KVA, 7KVA, 10KVA, 14KVA, 16KVA,
20 KVA, 62.5 KVA and 82.5 KVA
single phase and three phase

Contact:

M/S B.K. OVERSEAS CONCERN

Sole distributor for kingdom of Nepal

Opp: Shanker Dev Campus, Putali Sadak, Kathmandu
Tel: 223075, 246117, Fax: 977-1-241166

N.B.: We under take repairing of all kinds of diesel generators

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu